# सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको एक समाजशास्त्रीय अध्ययन

(काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा १० भित्रको श्री नवदुर्गा साकोसको अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

समाजशास्त्र/ मानवशास्त्रको स्नातकोत्तर तह (एम.ए) दोस्रो वर्षको

५४० पत्रको(दसौं पत्र) पूर्ण प्रयोगात्मक विषयको

प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**यज्ञप्रसाद हुमागाई**

एम.ए दोस्रो वर्ष

परीक्षा रोल नं : २४४००१७

समाजशास्त्र/ मानवशास्त्र केन्द्रीय विभाग अन्तर्गत सञ्चालित

काभ्रे बहुमुखी क्याम्पस, बनेपा, काभ्रे


**प्रस्तुत**

समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग अन्तर्गत सञ्चालित

काभ्रे बहुमुखी क्याम्पस बनेपा, काभ्रेपलाञ्चोक

२०७२

# सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आवश्यकता परिपूर्तिका लागि यज्ञप्रसाद हुमागाईद्वारा सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको समाजशास्त्रीय एक अध्ययन(काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा १० भित्रको श्री नवदुर्गा साकोसको अध्ययन ) विषयमा तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पारिएको हो । त्यसैले समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीको लागि प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्यांकनका लागि सिफारीस गर्दछु ।

**माधव प्रसाद तिमल्सिना**

**उप-प्राध्यापक**

**शोध निर्देशक**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आवश्यकता परिपूर्तिका लागि यज्ञप्रसाद हुमागाईद्वारा सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको समाजशास्त्रीय एक अध्ययन(काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा १० भित्रको श्री नवदुर्गा साकोसको अध्ययन ) विषयमा तयार पारिएको शोत्रपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिको लागि अध्ययन अनुसन्धान गरेको विषय उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

**प्रा.के.बि मानन्धर** ________________

विभागीय प्रमुख

**उप. प्रा .माधव प्रसाद तिमल्सिना** ________________

आन्तरिक परीक्षक

**नारायण प्रसाद पौडेल** ________________

बाह्य परीक्षक

मिति : २०७२।०८।०३

## कृतज्ञता ज्ञापन

सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको समाजशास्त्रीय एक अध्ययन(काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा १० भित्रको श्री नवदुर्गा साकोसको अध्ययन ) शीर्षकको शोध पत्र मैले मेरा शोध निर्देशक तथा श्रद्धेय गुरु उप प्रा.माधव प्रसाद तिमल्सिनाज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधकार्य पूरा नहुन्जेलसम्मको समयावधिमा दिनु भएको सल्लाह, सुझाव र निर्देशन प्रति म उहाँलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र लेखनलाई स्वीकृति प्रदान गरिदिनुहुने काभ्रे क्याम्पसका विभागीय प्रमुख प्रा.के.बि मानन्धर र बाह्य परिक्षक श्री नारायण प्रसाद पौडेल प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रमा आएका समस्याहरूमा आवश्यक सल्लाह र सुझाव प्रदान गरी सहयोग गर्नुहुने मानवशास्त्र तथा समाजशास्त्र  विभागका गुरुहरू र क्याम्पस प्रमुख के.जी बैदार ज्यू लगाएत क्याम्पसका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी अध्ययन कार्यको शोधपत्र तयारीका क्रममा विविध तवरले सर-सल्लाह र सहयोग दिनु हुने श्री भूमिमाता मा.वि चलाल काभ्रेका सहायक प्र.अ श्री दिनेश कुमार थापाज्यू, सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग पुऱ्याउने सत्यवती भट्टराईज्यू , बालकृष्ण हुमागाईज्यू र आफ्नो व्यस्त समयमा पनि कम्प्युटर टाइप प्रिन्ट गरी यस विषय सँग सम्वन्धित कुराहरु वेब साइडमा खोजी सत्य तथ्यमा आधारित गराई यो शोधपत्रलाई सहयोग पुऱ्याउनुहुने श्री नवदुर्गा साकोसका प्रमुख कार्यकारी व्यवस्थापक श्री दिपक तिमल्सिनाज्यू लाई हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यस शोधपत्र तयार पार्न सहयोग गर्नु हुने सहकारी अग्रज, श्री नवदुर्गा साकोसका संचालक र उत्तरदाता शेयर सदस्यहरु र प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै  धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

शोधकर्ता

शैक्षिक सत्र : २०६८/०६९

मिति : २०७२।०८।०३

**यज्ञ प्रसाद हुमागाई**

स्नातकोत्तर तह दोस्रो वर्ष

क्रमाङ्क : २४४००१७

समाजशास्त्र मानवशास्त्र विभाग

काभ्रे बहुमुखी क्याम्पस, बनेपा काभ्रे

# शोधसार

समाजमा दिन प्रतिदिन भईरहेको तीव्र परिवर्तन सँगै नेपाली समाजमा देखापरेको एक शताब्दी नपुग्दै द्रुत गतिमा फष्टाइरहेको सहकारी संस्थाहरुलाई नेपाल सरकारले पनि आर्थिक पाटोको तीन खम्वा मध्ये एक खम्वा सहकारी संस्था हो भनि स्वीकारेको परिप्रेक्षमा सामाजिक आर्थिक रुपमा समाजमा यसले के कस्तो प्रभाव पारिरहेको छ त भन्ने अभिप्रायले समाजशास्त्र मानवशास्त्र अन्तर्गत संरचनात्मक प्रकार्यात्मक समाजशास्त्रीय सिद्धान्तको मूल मर्मलाई स्थापित गर्ने गरी सोका आधारमा सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको समाजशास्त्रीय एक अध्ययन(काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा १० भित्रको श्री नवदुर्गा साकोसको अध्ययन) विषयमा काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका भित्र रहेका ४३ बचत तथा ऋण सहकारी मध्ये श्री नवदुर्गा साकोसलाई नमूना छनौटका आधारमा छनौट गरी उद्धेश्य अनुरुप अध्ययन गरिएकोछ । यस स्नातकोत्तर तह दोस्रो वर्षको ५४० पत्रको पूर्ण प्रयोगात्मक १०० पूर्णाङ्क विषयको परीक्षा पूरा गर्न अध्ययनको उद्धेश्य सहकारीमा सदस्य रहेका नमूना छनौटमा परेका व्यक्तिहरुको उत्तरको आधारमा सामाजिक अवस्था पत्ता लगाउने सहकारीका सदस्यहरुको सामाजिक आर्थिक अवस्थामा भएको परिर्वतन पत्ता लगाउने र सदस्यको आर्थिक सामाजिक विकासमा साकोसले पारेको प्रभाव अध्ययन गर्ने रहेको छ । उक्त विषयमा अध्ययनको लागि अग्रजहरुको अध्ययन अनुसन्धान, सहकारी सम्वन्धी लेख रचना प्रतिवेदनहरु, सहकारी क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वेब साइडहरुका सूचनाहरु र  विविध स्रोतबाट पर्याप्त सर्न्दभ स्रोतहरुको प्रयोग गरिएकोछ ।

## विषय सूची

### परिच्छेद : एक
### परिचय

१.पृष्ठभूमि १
१.१ विश्वमा सहकारीको विकास क्रम २
१.२ नेपालका सहकारीको विकासक्रम ४
१.३ सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिका ७
१.४. समस्याको कथन ८
१.५. शोधकार्यको उद्देश्य १०
१.६ अध्ययनको औचित्य १०
१.७ अध्ययनको सँगठन ११

### परिच्छेद : दुई
### सन्दर्भ साहित्यको पुनरावलोकन

२. पूर्वकार्य समिक्षा १२

### परिच्छेद : तीन
### अनुसन्धान विधि

३.१ अनुसन्धान ढाँचा २५
३.२ अध्ययन क्षेत्रको छनौट २५
३.३ नमूनाको आकार २६
३.४ तथ्यांकको प्रकृति र स्रोतहरू २७
३.४.१ प्राथमिक स्रोतहरू २७
३.४.२ द्वितीय स्रोतहरू २७
३.५ तथ्याङ्क संकलन साधन तथा प्रविधिहरू २७
३.५.१ क्षेत्र भ्रमण र अवलोकन २८
३.५.२ घरधुरी सर्वेक्षण २८
३.५.३ अन्तर्वार्ताको मुख्य सूचि २८
३.६ तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण २९

३.७ अध्ययनको सीमा २९

परिच्छेद : चार

अध्ययन क्षेत्रको परिचय

४.१ भौतिक अवस्था ३०
४.१.१ भौगोलिक अवस्था ३०
४.२ सामाजिक अवस्था ३१
४.२.१ जनसङ्ख्याको आकार ३१
४.२.२ जातिगत जनसङ्ख्या वितरण ३२
४.२.३ शिक्षा ३४
४.२.४ स्वास्थ्य तथा सरसफाइको अवस्था ३४
४.३ आर्थिक अवस्था ३५
४.३.१ प्रमुख पेसा ३५
४.३.२ व्यापार व्यवसाय तथा रोजगारी ३६
४.४ पनौती न.पा.मा अवस्थित सहकारी ३६
४.४.१ श्री नवदुर्गा साकोसको परिचय ३७

परिच्छेद : पाँच

श्री नवदुर्गा साकोसको सदस्यहरुमा सामाजिक आर्थिक प्रभाव

५.१ उत्तरदाताको सामाजिक अवस्था ४१
५.१.१ उत्तरदाताको जातिगत अवस्था ४१
५.१.२ उत्तरदाताको धार्मिक अवस्था ४३
५.१.३ उत्तरदाताको उमेर र लिङ्गको अवस्था ४४
५.१.४ उत्तरदाताको सम्पत्तिमा स्वामित्व ४६
५.१.५ उत्तरदाताको शैक्षिक अवस्था ४८
५.१.६ उत्तरदाताको स्वास्थ्य सरसफाइको अवस्था ४९
५.१.७ उत्तरदाताले पाएको सहकारी राहत ५०

५.१.८ उत्तरदाताको भाषागत अवस्था ५२
५.१.९ उत्तरदाताको वैवाहिक अवस्था ५३
५.२ उत्तरदाताको आर्थिक अवस्था ५५
५.२.१ उत्तरदाताको पेसागत अवस्था ५५
५.२.२ उत्तरदाताको शेयर पुँजीमा स्वामित्व ५६
५.२.३ उत्तरदाताको ऋण लिनुको उद्देश्य ५८
५.२.४ उत्तरदाताले लिएको ऋणको अवस्था ५९
५.२.५ उत्तरदाताको ऋण तिर्ने शैली ६१
५.२.६ उत्तरदाताको मासिक आम्दानी सहकारीमा सदस्य बन्नु पहिले र अहिलेमा ६२
५.२.७ उत्तरदाताको विगत र वर्तमानको आम्दानी ६४
५.२.८ उत्तरदाताको मासिक वचत विवरण ६५
५.२.९ सहकारीको रोजगारीमा प्रभाव ६६
५.३ सहकारीमा राजनीतिक प्रभाव ६७
५.४ उत्तरदाताको घटना अध्ययन ६८

**परिच्छेद : छ**

**सारांश,मुख्य प्राप्ति,निष्कर्ष तथा सुझावहरु**

६.१ सारांश ७६
६.२ मुख्य प्राप्तीहरु ७८
६.३ निष्कर्ष ८१
६.४ सुझावहरु ८२
**सन्दर्भ सामग्रीको सूची**
**परिशिष्ट**

# तालिका सूची


तालिका नं. १ : नेपाल राज्यभर स्थापित सहकारीहरुको विवरण ५

तालिका नं. २: नमूनाको आकार २६

तालिका नं. ३: पनौती न.पा.को क्षेत्रगत जनसङ्ख्या विवरण ३१

तालिका नं. ४: पनौती न.पा.मा जातिगत जनसङ्ख्या विवरण ३३

तालिका नं. ५: पनौती नपाको शैक्षिक जनसङ्ख्या वितरण ३४

तालिका नं. ६: उत्तरदाताको लैङ्गिक जातिगत अवस्था ४२

तालिका नं. ७: उत्तरदाताको धार्मिक विवरण ४३

तालिका नं. ८: उमेर र लिङ्गको आधारमा उत्तरदाताको विवरण ४५

तालिका नं. ९: उत्तरदाताको सम्पत्ति स्वामित्व वितरण ४६

तालिका नं. १०: उत्तरदाताको शैक्षिक विवरण ४८

तालिका नं. ११: उत्तरदाताले सहकारीबाट प्राप्त गरेको राहत ५१

तालिका नं. १२: उत्तरदाताले प्रयोग गर्ने मातृभाषा ५२

तालिका नं १३: उत्तरदाताको वैवाहिक अवस्था ५४

तालिका नं. १४: उत्तरदाताको पेसागत विवरण ५५

तालिका नं. १५: उत्तरदाताको शेयर विवरण ५७

तालिका नं. १६: उत्तरदाताको ऋण लिनुको उद्देश्य ५८

तालिका नं. १७ उत्तरदाताले लिएको ऋण रकम ६०

तालिका नं. १८ : उत्तरदाताको ऋण तिर्ने शैली ६१

तालिकानं १९:उत्तरदाताको मासिक आम्दानी सहकारीमा सदस्य बन्नु पहिले र अहिलेमा ६३

तालिका नं. २०: उत्तरदाताको विगत र वर्तमानको मासिक आम्दानी ६४

तालिका नं. २१: उत्तरदाताको मासिक बचत ६५

## चित्र सूची


चित्र नं. १: पनौती न.पा.को क्षेत्रगत जनसङ्ख्या विवरण ३२

चित्र नं. २: उत्तरदाताको लैङ्गिक जातिगत अवस्था ४२

चित्र नं. ३: उत्तरदाताको धार्मिक अवस्था ४४

चित्र नं. ४: उमेर र लिङ्गको आधारमा उत्तरदाताको विवरण ४५

चित्र नं. ५: उत्तरदाताको सम्पत्ती स्वामित्व विवरण पहिले र अहिलेको अवस्था ४७

चित्र नं. ६: उत्तरदाताको शैक्षिक विवरण ४९

चित्र नं. ७: उत्तरदाताले सहकारीबाट प्राप्त गरेको राहत ५१

चित्र नं. ८: उत्तरदाताले प्रयोग गर्ने मातृभाषा विवरण ५३

चित्र नं. ९: उत्तरदाताको वैवाहिक अवस्था ५४

चित्र नं. १०: पेशागत विवरण ५६

चित्र नं. ११: उत्तरदाताको शेयर विवरण ५७

चित्र नं. १२: उत्तरदाताले ऋण लिनुको उद्धेश्य ५९

चित्र नं. १३: उत्तरदाताले लिएको ऋण रकम ६०

चित्र नं. १४: उत्तरदाताको ऋण तिर्ने शैली ६२

चित्र नं. १५: :उत्तरदाताको मासिक आम्दानी सहकारीमा सदस्य बन्नु पहिले र अहिलेमा ६३

चित्र नं. १६: उत्तरदाताको मासिक बचत ६६

## संक्षिप्त शब्दहरु

| | |
|---|---|
| साकोस | : बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| SACCOS | : Saving and credit Co operative Society Ltd. |
| न.पा | : नगरपालिका |
| रा.रा.वि.बो | : राष्ट्रिय सहकारी विकास बोर्ड |
| नेफस्कुन | : नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. |
| आ.व | : आर्थिक वर्ष |
| क.स | : क्रमसंख्या |
| नं. | : नम्बर |
| RMDC | : Rural Micro Finance Development Centre. |
| ICA | : International Cooperative Alliance |
| WOCCU | : World Council of Credit Unions. |
| SLC | : School Leaving Certificate |
| F.W.R | : Friedrich Wilhelm Raiffeisen |
| गा.वि.स | : गाउँ विकास समिति |
| गै.स.स | : गैह्र सरकारी संस्था |
| डि.स.का | : डिभिजन सहकारी कार्यालय |
| लि. | : लिमिटेड |

परिच्छेद : एक

# परिचय

## १.पृष्ठभूमि

मानव विकासको क्रमलाई हेर्ने हो भने मानिस जंगली अवस्थादेखि आजको युगसम्म आइपुग्दा विविध चरणहरु पार गरी बुद्धिमानी वनेको छ । मानिस स्वभावले नै सामाजिक प्राणी हो । ऊ समाज बिना एक्लै रहन सक्दैन । मानव जातिको विकासक्रममा परापूर्व कालदेखि नै मानव समूह समूहका रूपमा सँगै मिलेर बस्ने, सँगै सिकार खेल्न हिड्ने लगायत सँगै-सँगै कार्य गरेर जीविकोपार्जन गरेका उदाहरणहरू इतिहासमा धेरै पाइन्छन् । हरेक मानिसलाई समाजको आवश्यकता पर्दछ । समाजमा बसेपछि व्यक्तिले समाजका लागि केही न केही त गर्नुपर्दछ र गर्दै समाज अगाडि बढेको देखिन्छ । समाजमा भएका विकृति र विसङ्गतिको अन्त्य गर्दै समाजमा राम्रा र असल कुराहरूको थालनी गरी समाजलाई परिवर्तित देश, काल र परिस्थिति अनुसार बदल्दै विकासका पाइला पाइलामा साथ र सहयोगको भावना राखेर कार्य गर्ने लक्ष्य सबै मानिसको हुन्छ । यसरी सँगै मिलेर सहकार्य गर्नु भनेको सहकारी भावनाका साथ समाज अगाडि बढाउनु हो ।

मानववीय व्यवहारमा संसारमा  कुनै पनि समाज समानतामूलक छैन । समाजमा उमेर, लिङ्ग, पेशा र व्यक्तिगत विशेषताका आधारमा विविधिकरण हुन्छ । यस्तो विविधिकरणयुक्त समाजलाई समेटेर व्यक्तिलाई अगाडि बढाउन सहकारीको भावना विना सम्भव देखिदैन । समाज विकासका लागि देखा परेका धेरै संघ संस्थाहरू मध्ये सहकारी संस्था पनि एक हो । खास गरी सामाजिक भावना र आर्थिक उपार्जन गर्ने उद्देश्यका साथ सहकारी संस्थाहरू खुलेका छन भने समाजमा हुने गरेका विविधिकरण तथा समाज विकासको क्रममा पछाडि परेका महिला, दलित, अपाङ्ग पिछडावर्ग सबैलाई समेटी समाजको अभिन्न अङ्गको रूपमा स्वीकार गरी उनीहरूको विकासमा सहकारी केन्द्रित रहेको देखिन्छ । सहकारीका मूल्यमान्यताहरूमा आधारभुत मुल्यमान्यताहरु : आत्म-सहयोग, स्व-उत्तरदायित्व, प्रजातान्त्रिक भावना, समानता, न्याय, ऐक्यबद्धता रहेका छन भने  नैतिक मूल्यहरुमा :  इमान्दारिता, खुल्लापन, सामाजिक उत्तरदायित्व, अरुको हेरचाह एवंम सहयोगी भावना सहयोगी सबै समाजपरक मूल्यमान्यता भएकोले समाजशास्त्रको अध्ययन

भित्र यसलाई समेट्न सकिन्छ । त्यसरीनै अन्तराष्ट्रिय सहकारी संघ(ICA) द्वारा प्रतिपादित सहकारीका सात सिद्धान्तहरु यस प्रकार रहेको देखिन्छ : स्वच्छिक तथा खुल्ला सदस्यता, सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरु द्धारा आर्थिक सहभागीता, स्वयत्तता र स्वतन्त्रता, शिक्षा तालिम र सुचना, सहकारीहरु विच सहकारीता, समुदायप्रति चासो त्यस्तै विश्व ऋण परिषद (WOCCU) द्धारा प्रतिपादित बचत तथा ऋण सहकारी संघ संस्था संचालनका सिद्धान्तहरु यस प्रकार रहेका देखिन्छन : प्रजातान्त्रिक संरचना अर्न्तगत : खुल्ला र स्वच्छिक सदस्यता, प्रजातान्त्रिक नियन्त्रण, भेदभाव रहित, सदस्यहरुलाई सेवा अर्न्तगत : सदस्यहरुलाई वितरण, सदस्यहरुलाई सेवा, आर्थिक स्थायित्व, सामाजिक उद्धेश्य अर्न्तगत : अनवरत शिक्षा, सहकारीहरुविच सहयोग, सामाजिक दायित्व हरुले गर्दा पनि सहकारीले समाजका धेरै पक्षसँग सरोकार राख्ने भएपनि मुख्य गरी सदस्यको सामाजिक तथा आर्थिक पाटोमा यसको प्रभावकारिता अध्ययन गरी यस्ता पक्षमा भएगरेका उन्नतिलाई प्रकाशमा ल्याउने प्रयास यस अध्ययनमा गरिएकोछ ।

## १.१ विश्वमा सहकारीको विकास क्रम

उन्नाइसौँ शताब्दीको पूर्वाद्धदेखि नै बेलायतमा औद्योगिक क्रान्तिको सुरुवात भएको थियो । कृषि र ग्रामीण अर्थतन्त्रबाट चल्दै आएको जीवनको सन् १७६० देखि १८२० सम्म पुग्दा असङ्ख्य औद्योगिक प्रतिष्ठान स्थापना भए । यही औद्योगिक क्रान्तिले पुँजीपति र मजदुर वर्गको जन्म गरायो । यी दुई बीचको असमानताको पर्खाल अग्लो हुदैं गयो । जर्जर अवस्थाको आर्थिक समस्यामा पिरोलिएका मजदुरहरूले सँगठित रूपमा आफ्नो समस्या समाधान गर्न गरेको प्रयत्ननै आधुनिक सहकारीको आन्दोलनको सुरुवात हो । जाडोमा नाङ्गो रहनुपर्ने, न्युनवेतनको परिवार चलाउन नसक्ने अवस्थामा रहेका कपडा बुन्ने कामदारहरूले पुँजीपतिहरूको चर्को शोषणबाट मुक्त हुन रर्बट ओवेनको नेतृत्वमा २८ जना पायोनियरहरूले सन् १८४४ मा बेलायतको मेनचेष्टर शहरको रोचडेल गाँउमा प्रथम सहकारी स्थापना गरे (ढकाल, २०७०) । यो नै संसारको सबैभन्दा जेठो विधिवत् रूपमा स्थापना भएको सहकारी मानिएको छ । यसको प्रभावकारीता राम्रो देखिएपछि अहिले युरोप, अमेरिका र विश्वको सबै ठाँउमा सहकारीको स्थापना क्रम बढिरहेको छ ।

सहकारी स्थापना सन् १८४४ मा भएको भए तापनि सो समय भन्दा एक दशक अगाडि नै वचत तथा ऋणको सहकारीको अवधारणा ल्याउने पहिलो व्यक्ति जर्मनका हर्मन

सुल्जलाई मानिन्छ । उनले सहरी गरिबीलाई न्यून गर्न र कालिगढहरूलाई स्वरोजगारमूलक व्यवसायमा लगाउन सहरी क्षेत्रमा सर्वप्रथम ऋण सहकारीको स्थापना गरे । उनले आफ्नै नेतृत्वमा सहकारी बैकको स्थापना समेत गरी सन् १८५६ मा सहकारी सम्बन्धी पहिलो एउटा पुस्तक समेत प्रकाशन गरे । साथै उनले पर्सियन तथा जर्मन संसदमा रहेर सहकारीको अस्तित्वलाई जोगाउन सहकारी सम्बन्धी कानुन सन् १८६९ मा ल्याउने सम्मको काम गरे । हाल उनी विश्वमा पहिलो क्रेडिट युनियनको स्थापना गर्ने जर्मन अर्थशास्त्रीको रूपमा चिनिन्छन् ।

बचत तथा ऋण सहकारीको उत्थानमा ठुलै अभियान ल्याउनेमा जर्मनकै रैफिसनको नाम अंग्रपंक्तिमा आउँछ । उनले गरिब किसान, मजदुर र श्रमजीवीवर्गहरूलाई बचत तथा ऋणको कारोबार गर्ने सहकारीमा सहभागी गराए । उनी फर्मर फिल्डको मेयर पदमा कार्यरत रहेको समयमा गाउँका सामान्य किसानहरू साहुमहाजनहरूको ऋणको दासत्वमा बाँच्न बाध्य भएको अवस्थााट दुखित भई सहकारी पद्धतिको व्यवसायको स्थापना गरी सरल कर्जा उपलब्ध गराउन सन् १८६४ मा पहिलो ऋण प्रवाह गर्ने बैंकको रूपमा ऋण युनियनको स्थापना गरे । यसै वर्ष उनले Hedersdorf saving and loan association को स्थापना गरे जसमा पहिलो पटक सदस्यहरूको लगानीबाट संस्थाको पूँजी निर्माण गर्न सम्भव भयो । यसै आधारमा रैफिसन मोडेलका बचत तथा ऋण सहकारीको सूत्रपात भएको वर्षको रूपमा सन् १८६४ लाई आधार वर्ष मानिन्छ । उनको यो अभियनले नै "सबैका लागि एक र एका लागि सबै" भन्ने भावनाको विजारोपण गऱ्यो । त्यसैगरी सिमित दायित्व र निःशुल्क सेवाको सिद्धान्त जस्ता उनका गहन विचारको कारण उनी बचत तथा ऋण सहकारीमा सम्मानित छन् । उनले आफ्नो पुस्तकमा 'जब तिमी अरुलाई मद्दत गर्दछौं', आफैँलाई मद्दत गरिरहेका हुनेछौ  र एक्लै सम्पन्न गर्न नसक्ने कामहरूको लागि हामी मिलेर गर्न सक्छौँ भन्ने अवधारणा दिई स्व-सहयोग, स्वशासन र स्व-उत्तरदायिको सूत्र प्रतिपादन गरेको पाइन्छ (ढकाल, २०७०) ।

यसरी सुल्जले शहरका साना व्यापारी, श्रमिक तथा कालिगढहरूको समस्या समाधान गर्न बचत सहकारीको अवधारणालाई व्यवहारमा उर्तान अथक परिश्रम गरे भने रैफिसनले ग्रामीण बस्तीमा किसानहरू माझ बचत सहकारीको अवधारणालाई व्यवहारमा स्थापित गर्न योगदान पुऱ्याएका थिए । अतः यी दुवै व्यक्तित्वलाई वित्तिय सहकारीको जनकका रूपमा सहकारीको विश्व अभियानले महत्व दिँदै आएको पाइन्छ ।

हाल विश्वमा ९ लाख ५० हजार वित्तिय सहकारीहरू सञ्चालनमा रहेका छन् । यसमा आबद्ध सदस्यहरूको संस्था ८५ करोड पुगिसकेको छ । विश्वमा ऋण युनियन परिषदका सदस्य लिएका देशहरूका आधारमा वित्तिय सहकारी सदस्यहरू बढी भएको मुलुकहरूमा अमेरिका पहिलो, क्यानडा दोस्रो र दक्षिण कोरिया तेस्रो मुलुकका रूपमा रहेका छन् । युरोपका सहकारी बैकहरूले सम्पूर्ण बैकिङ कारवारको २०% हिस्सा ओगटेको छ । विश्वभरी नै बचत तथा ऋणका कारोबार गर्ने सहकारी संस्था स्थापनाक्रम दिनानुदिन बढिरहेको देखिन्छ । *(सापकोटा विष्णुप्रसाद शोधपत्र, २०७१)*

विश्वमा सहकारी दिवस अग्रेजी क्यालेन्डरको जुलाई महिनाको पहिलो शनिवारको दिन प्रत्येक वर्ष मनाइने गरेको देखिन्छ । (http://www.timeanddate.com/holidays/un/international-day-cooperatives)

## १.२ नेपालका सहकारीको विकासक्रम

नेपालमा पनि परम्परा देखिनै पर्म, गुठी, धर्मभकारी जस्ता सहकारी भावनाबाट प्रेरित क्रियाकलापहरू हुँदै आएतापनि सरकारले पहिलोपटक वि.सं. २०१० मा सहकारी विभागको गठन गरी वि.सं. २०११ मा 'सहकारी समितिको विल' जारी भए पश्चात भित्री मदेशमा बाढीपिडीतहरूलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ २०१३ साल चैत्र २० गते चितवनमा 'बखानपुर ऋण सहकारी समिति' लगायत १३ वटा संस्थाहरू दर्ता गरेपछि आधिकारिक सहकारी संस्था स्थापना भएको पाइन्छ । २०१६ सालमा सहकारी ऐन जारी गर्दै सहकारी अभियानलाई अघि बढाउने राज्यको नीति रहेतापनि २०१७ सालमा प्रजातन्त्रलाई अपदस्त गरी पञ्चायती व्यवस्था लागु गरिएपछि सहकारीले आवश्यक गति लिन सकेन । करिब ३० बर्षे पञ्चायती शासनमा निर्देशित प्रजातन्त्र र निर्देशित सहकारीको रूपमा रहेकोले नेपालका सहकारीले स्वायत्तता तथा स्वतन्त्रता प्राप्त गर्न सकेनन् । ८३० वटा सहकारीहरू मल, खाद्यान्न आदि बिक्रीमा आफूँलाई सीमित राख्न पुगे । २०४६ सालको आन्दोलन पछि पुनस्थापित प्रजातन्त्रसँगै २०४८ मा आएको सहकारी ऐन र २०४९ को सहकारी नियमावली पछि सहकारीहरू स्वायत्त सँगठनको रूपमा स्वस्फूर्त रूपले अघि सरे । विविध खालका सहकारीहरू स्थापना हुँदै गए । नेपाल राज्यभर स्थापित सहकारी संस्थाहरुको विवरण २०७१ आषाढ मसान्त सम्मको निम्नानुसार रहेको हेर्न सकिन्छ ।

# तालिका नं १

## नेपाल राज्यभर स्थापित सहकारी संस्थाहरुको विवरण २०७१ आषाढ मसान्त सम्मको

| कार्य प्रक्रिया | संस्था संस्था | संञ्चालक | | | सदस्य | | | कर्मचारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बचत तथा ऋण | १३३६८ | ३८७१९ | ७०६६८ | १०९३८७ | १२१३२३७ | १२५३३१३ | २४३३५५० | १५८९३ | १६३७१ | ३२२६४ |
| बहुउघेश्य | ४११४ | ११८११ | २१५६४ | ३३३७५ | ४०८४८३ | ६१७७३० | १०२६२१३ | ४९६२ | ५७२९ | १०६९१ |
| कृषि | ८६९ | २१३०९ | ४३४६२ | ६४७८० | ३०१६७९ | ३३८०६६ | ६३९७४५ | १८६५ | २८३७ | ४७०२ |
| दुग्ध | १७३२ | ४०३६ | ११५११ | १५५४७ | २९०३७ | ८३८४० | ११२८७७ | ३७१ | १६२३ | १९९४ |
| उपभोक्ता | १४२६ | ३३११ | ८५९३ | १२२१० | १८६९४ | ३६४०२ | ५५०९६ | ३३२ | ४८९ | ८२१ |
| विद्युत | ४२९ | ७७९ | १५६७ | १३४६ | ११७८९ | १७६२५ | २९४१४ | ६० | ३२९ | ३६९ |
| तरकारी तथा फलफुल | २०२ | ५५३ | १३५२ | १९०५ | १८३२० | १५५९३ | ३३९१३ | ११६ | १८४ | ३०० |
| चिया | १०९ | २३१ | ७०८ | ९३९ | १४२३ | ३९६३ | ५३६८ | ४५ | ७७ | १२२ |
| कफि | १४६ | ३६६ | ९४९ | १३१५ | २४४८ | ३१९५ | ४२७९ | ३७ | ९४ | १३१ |
| जडिबुटि | १९२ | ३७३ | ११०३ | १४७६ | २२५९ | ४८७० | ७१२९ | ३२ | ३२ | ६४ |
| मौरीपालन | ६७ | १९६ | ३८१ | ५७७ | १५९५ | २५१९ | ४११४ | २४ | ३० | ५४ |
| संचार | १२१ | २९७ | ८०७ | ११०४ | ३७८२ | ८८८१ | १२३३६ | १९५ | ३२१ | ५१६ |
| स्वास्थ्य | ९२ | १९३ | ५९९ | ७९२ | ३८७५ | ६००९ | ९८८४ | ३०० | ५१५ | ८१५ |
| उखु | ४७ | ५४ | ३०८ | ३६२ | ६९२ | १७०७ | २६९९ | ० | १ | १ |
| जुनार | ४४ | २०७ | १२८ | ३३५ | ५१६ | ८९९ | १४१५ | ४ | ५ | ९ |
| अन्य | १०१९ | ३४२३ | ५८८१ | ९३०४ | ८२३०८ | ६१९०१ | १४४२०९ | ६४१ | ४४४ | १२९० |
| **जम्मा** | **३११७७** | **८५८५८** | **१६९५८०** | **२५५७५४** | **२१००१३७** | **२४५६५१३** | **४५५५२८६** | **२४८७७** | **२९०६१** | **५४१४३** |

| कार्य प्रक्रिया | शेयर पूजिँ रु(हजारमा) | कोष | निक्षेष रु. (हजारमा) | लगगानि रु. (हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | | | | ऋण | अन्य | जम्मा |
| बचत तथा ऋण | ४६९३७६२५ | ३३८४३४३२ | १२९३३३८६३ | ११७१४७४५८ | ६७२३८ | ११७२१४६९५ |
| बहुउघेश्य | ९४४७६२१ | १५३९९३८ | ३१४४४३१८ | २७०४१४७३ | २३५६० | २७०८०३२६ |
| कृषि | ३०४९८१७ | ६८८२१८ | ३८३३३२४ | ५६५९७६६ | ३६१८५ | ५६९५९११ |
| दुग्ध | ४५७०६६ | १२९४३८ | ५९११९७४ | ५५८५३९ | ४२२३९ | ६००७७९ |
| उपभोक्ता | २७०६६४ | १५८३६३ | २४७०७२ | ५१६५९० | ८०४ | ५१७३९४ |
| विद्युत | ८३३४७ | ६८६८५ | ५३०४७ | ११६२०५ | १९८ | ११६४०४ |
| तरकारी तथा फलफुल | ५५१८२ | १४०७५ | ३०४४७१ | ५८३१६६ | ९० | ९८३२५६ |
| चिया | ३९३६० | ७००९ | १६०६९ | २५३४१ | ३७ | २५३५१ |
| कफि | १२७६७ | ४४८१ | १७३३२ | ६९१९ | १०१ | ७०२० |
| जडिबुटि | २०४३९ | २६२० | ११३०१ | २३३८४ | ० | २३३८४ |
| मौरीपालन | ९१५२ | २२६२ | ४८५४ | ५८२३ | ० | ५८२३ |
| संचार | ९३२८७४ | ९७३५ | २२९०२ | ३०६३८ | १०० | ३०७३७ |
| स्वास्थ्य | २६३१९१ | १५९२२ | १०८३१० | १०७०३६ | ० | १०७०३६ |
| उखु | ६१५९ | ७७३ | १७९२४ | २५६३६ | ६०० | २६२३६ |
| जुनार | ९८१ | ६३ | ६१२५ | ६२२३ | ० | ६२२३ |
| अन्य | ३९९९५६ | १०४१८७ | ११८९२६४ | २५९०७६७ | २६३ | २५९१०३० |
| | **६११८६२०१** | **६४४९७०१** | **१७२५२९३५०** | **१५४४४४९३६** | **१७१६७५** | **१५४६३१६०४** |

स्रोत : सहकारी संघ/संस्थाको तथ्यांक २०७१, सहकारी विभाग

माथिको तालिका नं १ लाई हेर्दा २०७१ असार मसान्त सम्मको सबै प्रकारको संघ संस्था ३११७७ रहेको जस मध्ये बचत तथा ऋण सहकारी संस्थाको नेपाल भरको संख्या १३३६८ रहेको देखिन्छ । त्यसरी नै सबै प्रकारका सहकारीहरुमा संचालक हरुको संख्या जम्मा २५५७५४ जना रहेका छन । बचत तथा ऋण सहकारीमा १०९३८७ जना संचालक रहेका छन् । सदस्य संख्यालाई हेर्दा दर्ता भएका सबै प्रकृतिका संस्थामा ४५५५२८६ जना कुल सदस्य रहेका छन्  जसमा बचत तथा ऋण सहकारी संस्थामा मात्र नेपालभर २४६६५५० जना सदस्यहरु रहेको देखिन्छ । रोजगारीको सिर्जना भई कर्मचारीका रुपमा काम गरिरहेका सबै प्रकृतिका संस्थाहरुमा कर्मचारीहरुको संख्या ५४१४३ जना रहेकोमा बचत तथा ऋण तर्फ ३२२६४ जना कर्मचारीहरु रहेको देखिन्छ । यसरी नै शेयर पूँजीलाई हेर्दा नेपालभर सबै प्रकृतिका संस्थाहरुमा गरेर रु६११८६२०१००० शेयर पूँजी रहेकोमा बचत तथा ऋण सहकारी संस्थामा रु४६९३७६२५००० शेयर पूँजी रहेको देखिन्छ । नेपाल भरको सबै प्रकृतिका संस्थाहरुको निक्षेप हिसाव लाई हेर्ने हो भने रु१७२५२९३५०००० रहेकोमा बचत तथा ऋण सहकारीमा मात्र रु१२९३३३८६३००० रहेको देखिन्छ । अन्य सबै प्रकृतिका संस्थाहरुमा भन्दा बचत तथा ऋण सहकारीहरुमा नेपालभरकै आधा भन्दा बढी क्षेत्र ओगटेको देखिन्छ ।

अहिले बचत तथा ऋण, दुग्ध उत्पादन फलफूल, तरकारी, बन तथा जडिबुटी, शिक्षा, सिंचाई विद्युत तथा खानेपानी, उखु, आवास, स्वास्थ्य, यातायात, पशुपालन, वर्कसप, प्राविधिक शिक्षा, मर्मत, घरेलु तथा साना उद्योग, चियाकफी, साना तथा भूमिहिन किसान जस्ता इत्यादि सहकारी संस्था लिमिटेडको स्थापना भई तिनीहरूको संघ समेत स्थापना बढ्दै गएको पाइन्छ । उक्त सम्पूर्ण सहकारीहरूलाई सहकारी नियमावली अनुसार सञ्चालन गर्न गराउन नेपाल सरकारले सहकारी मन्त्रालय स्थापना गरिसकेको छ । सबै सहकारीहरूले सहकारी मूल सिद्धान्त स्वेच्छिक तथा खुल्ला सदस्यता, सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, नियमित शिक्षा, तालिम र सूचना सम्प्रेषण, सहकारी संस्थाहरू बीच सहयोग समुदायप्रति चासोलाई पूर्णरूपमा पालना गर्नुपर्दछ । जुन कुरालाई बेवास्ता गर्ने सहकारीले आफ्ना सदस्यहरूको सामाजिक तथा आर्थिक उन्नति नगरी झनै ठूला पिडा र मर्काहरूमा होमिदिन्छन् । तसर्थ सहकारीहरूले ऐन, नियम, नियमावलीको पूर्ण रूपमा अक्षरशः पालना गर्नु पर्दछ । (वडाल, २०६१)

## १.३ सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिका

नेपालको सहकारी ऐन र नियमावली अनुसार स्थापित भएका बचत तथा ऋण सहकारी संस्थाहरूले स्थानीय स्तरमा तोकिएको कार्यक्षेत्रभित्र काम गरिरहेका छन् । यस्ता क्रियाशील सहकारीहरूले सदस्यहरूको सामाजिक एवम् आर्थिक क्षेत्रमा विभिन्न प्रभावकारी कार्यहरू गर्दैआएका छन् । यस्ता विभिन्न क्षेत्रहरूमध्ये सामाजिक क्षेत्र एक हो । सबै मानिसले समाजमा भएका विकृति र विसँगतिको अन्त्य गर्दै समाजमा राम्रा र असल कुराको थालनी गरी समाजलाई परिवर्तित देश, काल र परिस्थिति अनुसार बदल्दै विकासका हरेक पाइला पाइलामा साथ र सहयोगको भावना राखेर कार्य गर्नु पर्दछ । सहकारीको माध्यमबाट मानिसले सामुहिक कार्य गर्ने संस्कार सिक्छ र अरुलाई सिकाउँछ । सहकारी संस्थाले सामाजिक क्षेत्रमा पार्ने प्रभावहरूमा मन, बचन र कर्मले कार्य गर्ने भावनाको उत्पत्ति, हरेक कार्यप्रति उत्तरदायि रहने भावनाको विकास, प्रजातन्त्रको संस्थागत विकासमा सहयोग, छुवाछुत तथा अन्य सामाजिक कुरीतिको अन्त्य गर्न सहयोग, ,समुदायलाई सेवा गर्ने वातावरणको निर्माण, समान भावनाको विकास, समुदायको विकासको लागि ऐक्यबद्धता निर्माण, शिक्षा तथा तालिम, सूचनाको सहज सञ्चार हुने वातावरण, महिला सशक्तीकरण, अरूप्रति समान तथा आदर गर्ने बानीको विकास, नेतृत्वमा विकास श्रम तथा श्रम गर्ने मानिसप्रतिको सम्मान, आर्थिक शोषण, श्रम शोषण र अन्य विविध खालको शोषणको अन्त्य हुने वातावरणमा सहयोग पुर्‍याउन सक्दछ ।

प्रत्येक सदस्यमा फजुल खर्चलाई बचत गर्ने बानी बसाली कमाएर धनी होइन बचत गरेर धनी होइन्छ भन्ने मन्त्रलाई आत्मसाथ गर्दै आफ्नो काम आफैं गर्नु पर्दछ भन्ने प्रेरणा सहकारीताले प्रदान गर्दछ । सहकारी संस्थाहरूले आर्थिक क्षेत्रमा पार्ने प्रभावहरूमा समुदायमा संस्थागत रूपले आर्थिक कार्यक्रमहरू संञ्चालन, उत्पादन वृद्धिमा सहयोग, बजार व्यवस्था, विचौलियाको अन्त्य, आयमूलक कार्य, उद्यमशिलता, फजुल खर्चको अन्त्य, आर्थिक सम्मृद्धिको बाटोतर्फ सधैं सोचिरहेको, बेरोजगारी समस्याको समाधान हुने, गरिबीको अन्त्य, पैसा नै सबैथोक हो भन्ने विकृत सोचाईको अन्त्य, आर्थिक समानता र श्रमप्रति सम्मानको वातावरण, आर्थिक शोषणको न्यूनीकरण तथा अन्त्य पर्दछन् । सहकारीमा सामुहिक भावनाको संस्कारले विकासमा सबैका हातहरू एक हुन्छन्, सबैका दिमागहरू एक हुन्छन् र सामुहिक प्रयासबाट आफ्नो आवश्यकता परिपूर्तिको लागि कार्य गर्दछन् । जसको

माध्यमबाट समाज आर्थिक सम्वृद्धि तर्फ अगाडि बढ्दै जान्छ । (ढकाल / सिवाकोटी , २०६६)

अतः सदस्यको सामाजिक तथा आर्थिक उन्नतिका लागि सहकारीको भूमिका महत्वपूर्ण हुन्छ । यसैकुरालाई प्राज्ञिक क्षेत्रबाट हेर्न विभिन्न प्रकृतिका सहकारीहरू मध्ये बचत तथा ऋण सहकारी संस्थालाई लिइएकोछ । सम्पूर्ण देशभरी रहेका बचत तथा ऋण सहकारी संस्थाको प्रतिनिधी संस्थाको रूपमा काभ्रे जिल्ला पनौती नगरपालिका वडा नं १० भित्र स्थापित भएकाहरु मध्ये श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्था छनौट गरी त्यस संस्थाले सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा के कसरी भूमिका खेलेको रहेछ भन्ने कुरालाई यस अध्ययनले स्पष्ट पार्ने पर्यत्न गरेको छ ।

## १.४. समस्याको कथन

समाजका विविध क्षेत्रमा सहकारीको गतिविधिहरु बढीरहेको र सरकारले पनि तीन खम्बे अर्थनीति सरकारी, नीजि र सहकारी मध्ये सहकारीलाई पनि एक खम्बाका रुपमा स्वीकारेको वर्तमान परिप्रेक्षमा देशभर सहकारीको अभियान अघि बढिरहेको र यसको खोज तथा अनुसन्धान र प्रभावकारीताका बारेमा अध्ययन गर्ने काम कमै भएको अवस्थामा प्रस्तुत अध्ययन काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका भित्रका बचत तथा ऋण सहकारीहरु मध्ये श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्थामा आवद्ध भएका व्यक्तिहरुको पारिवारीक जीवनमा सहकारीको माध्यमबाट भएको सामाजिक र आर्थिक परिर्वतनमा सहकारीले प्रभाव पारेको छ भन्ने देखिएकोले यसको वास्तविकता थाहा पाउन प्रस्तुत विषयमा अध्ययन अनुसन्धान गर्नु अति नै जरुरी देखिएकाले शोधकर्ताले यो विषयमा अध्ययन गर्न आवश्यक ठानी सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको समाजशास्त्रीय अध्ययन गरिएको छ ।

नेपालको सहकारी विकासको इतिहास धेरै लामो छैन । पञ्चायतकालमा सरकारको प्राथामिकतामा नपरेको सहकारीको विकास २०४८ को सहकारी ऐन र २०४९ को सहकारी नियमावली लागु भएपछि मात्र विषयगत क्षेत्रमा सहकारी संघ/संस्थाको निर्माणमा अभियान नै चलेको छ । सहकारी संघ संस्थाको तथ्यांक वि.सं. २०७१ असार मसान्त सम्मका को तथ्याङ्क अनुसार नेपालमा ३१,१७७ सहकारी संस्थाहरू मध्ये १३,३६८ बचत तथा ऋण सहकारी (साकोस) रहेका छन् । अनि काभ्रे जिल्लामा सम्पूर्ण सहकारी संस्थाको संख्या १३६४

रहेको देखिन्छ भने बचत तथा ऋण संस्थाहरूको संख्या ५०२ वटा देखिन्छ । ५०२ वटा बचत तथा ऋण सहकारी संस्थाहरूमध्ये प्रतिनिधी संस्थाको रूपमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका भित्र स्थापित रहेका ४३ वटा वचत तथा ऋण सहकारी संस्था लिमिटेड मध्ये वडा नं १० मा स्थापित श्री नवदुर्गा बचत तथा ऋण सहकारीलाई अध्ययनको लागि छनौट गरिएको छ । त्यस सहकारी संस्थाका शेयर सदस्यहरूको सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण प्राज्ञिक शोधबाट सत्यापन गरिनुपर्ने ज्ञानात्मक विषय हो । यही मूल समस्यासँग निम्नलिखित प्रश्नहरूको प्राज्ञिक समाधान पहिल्याउने कार्यमा यो शोधकार्य केन्द्रित रहेको छ ।

१. पनौती नगरपालिका भित्र रहेका वचत तथा ऋण सहकारी मध्ये नमूना छनौटमा परेको नवदुर्गा सहकरीका सदस्यहरुको सामाजिक अवस्था के कस्तो रहेको छ ? पत्ता लगाउन जमर्को गरिएको छ ।

२. अध्ययन अनुसन्धानका लागि छनौट भएको साकोसले समाजको आर्थिक विकासमा कस्तो प्रभाव पारेको छ ? खोजी गरिएको छ ।

३. साकोसले व्यक्ति समुदायमा ल्याएको परिर्वतनको पहिचान गरिएको छ ।

४. सहकारी गाउँमा स्थापित हुनु अघि कस्तो सामाजिक, आर्थिक अवस्था थियो र साकोसको सुरुवात पछि कस्तो भयो ? थाहा पाउने प्रयास गरिएको छ ।

५. गाउँमा सहकारी हुनु अगाडि आर्थिक कारोवार कसरी कहाँ कहाँ गर्ने गरेको थियो र सहकारी सँगको कारोवार र अन्य सँगको कारोवारमा के कस्ता भिन्नताहरु छन ? भनी खोजी गर्ने जमर्को गरिएको छ ?

माथि उल्लेखित समस्याहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिकाको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.५. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययको उद्देश्य अनुसन्धान कार्यमा देखिएका समस्याहरूको समाधान खोज्नु नै रहेकोछ । त्यसकारण सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिकाको विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने अनुसन्धान कार्यको उद्देश्य रहेकोछ । प्रस्तुत विषयको अध्ययनमा आधारित उद्देश्यहरू यसप्रकार रहेका छन् :

१. सहकारीका सदस्यको समाजिक अवस्थामा भएको परिर्वतन पत्ता लगाउने ।

२. सहकारीका सदस्यको आर्थिक विकासमा साकोसले पारेको प्रभाव पत्ता लगाउने ।

## १.६ अध्ययनको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिकाको प्रभावकारिता देखाउने प्रयास गरिएकोछ । सह-को अर्थ सँगसँगै कार्य को अर्थ काम, सहकारीको अर्थ सँगसँगै मिलेर हातेमालो गर्दै गरिने कार्य बुझाउँछ । सहकारी बहुआयामिक विषय हो । गरिबी निवारण तथा रोजगारीको सिर्जना र सेवा सुविधाको विकास र विस्तारमा सहकारी पद्धतिको प्रयोग अत्यावश्यक भएको छ । सहकारी समुदायले सञ्चालन गर्ने व्यवसाय हो । समुदायका सदस्यहरूले आफ्ना साझा आवश्यकता र आकांक्षा पूरा गर्न सहकारी पद्धतिको व्यवसाय गर्दछन् । यसरी गरिएको व्यवसायबाट सदस्यको सामाजिक तथा आर्थिक विकास हुने कुरा महत्वपूर्ण विषय हो । यसैलाई शोधपत्रमा अध्ययन तथा विश्लेषण गरिने हुँदा सो विषयसँग सम्बन्धित सबैलाई यसबाट वस्तुगत ज्ञान उपलब्ध हुनेछ । साथै विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा सहकारी शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतलाई समुदायमा सहकारीको अवस्था बारे जानकारी लिन, सरकारी तथा गैह्रसरकारी संघ संस्थालाई समाजमा सहकारीको भूमिका थाहा पाउन, सहकारीको माध्यमबाट समाजमा भइरहेको नेतृत्व विकासको अवस्था थाहा पाउन, समुदायमा सहकारी मार्फत सहकार्यको भावनाको विकास कस्तो रहेको छ भनि थाहा पाउन, स्थानीय निकायलाई सहकारीको गतिविधि हेर्न सहकारी सम्वन्धी ज्ञान लिन चाहने व्यक्तिहरुका लागि र यस्तै सहकारी सम्वन्धी विभिन्न दृष्टिकोणबाट अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि समेत प्रस्तुत अध्ययन उपयोगी हुनेछ ।

सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिकाबारे आजसम्म विस्तृत अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा यसले शोधकार्यको औचित्यलाई स्वतः स्थापित गर्नेछ ।

## १.७ अध्ययनको सँगठन

यो अध्ययन ६ वटा परिच्छेदमा चरणबद्ध रूपले प्रस्तुत गरिएको छ । पहिलो परिच्छेदमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सँगठनबारे प्रष्ट पारिएको छ । दोस्रो परिच्छेदमा सम्बन्धित साहित्यको अध्ययनबारे उल्लेख गरिएकोछ । जहाँ यस शोधकार्यसँग सम्बन्धित महत्वपूर्ण विषयवस्तुलाई विस्तृत रूपमा समावेश गरी प्रष्ट्याउने प्रयास गरिएको छ । तेस्रो परिच्छेदमा अनुसन्धान विधिबारे प्रष्ट पारिएको छ । चौथो परिच्छेदमा आफ्नो अध्ययन क्षेत्रको सामान्य परिचय प्रस्तुत गरिएको छ । पाँचौ परिच्छेदमा उत्तरदाताको सामाजिक र आर्थिक अवस्था तथा घटना अध्ययन प्रस्तुत गरिएको छ । अन्तिम तथा छैठौं परिच्छेदमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । आवश्यकता अनुसार हरेक परिच्छेदका शीर्षकहरूमा उपशीर्षकहरू पनि समावेश गरिएको छ ।

# परिच्छेद : दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

## २. पूर्वकार्य समिक्षा

प्रस्तुत शोधपत्रमा सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा सहकारीको भूमिका हेर्ने हुँदा सहकारीको प्रभावकारीताका विषयमा लेखिएका विभिन्न पुस्तक र पत्रपत्रिकाहरूको टिप्पणी र चर्चा परिचर्चालाई यहाँ क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

सहकारी एउटा व्यवसायिक सँगठन तथा कानुनी संरचना हो जसको स्वामीत्व र नियन्त्रण सदस्यहरू स्वयम् ले नै गर्दछन् र यसको संचालन सदस्यहरूकै आवश्यकता र इच्छा पूर्तिको लागि गरिएको हुन्छ । साझा फाइदा वा उद्देश्य पूरा गर्न सँगै काम गर्नु सहकार्य हो । (Co–operation can be define as working or acting together for a common purpose or benefit)-Webster Collage dictionary 1991, अर्थात् सहकारी भन्नाले उपभोगकर्ताको स्वामित्व, उपभोगकर्ताको नियन्त्रण रहेको व्यवसाय जसले उपभोगको आधारमा फाइदाहरू आफूँबीच बाँडफाँड गर्दछन् । (A co–operative is user owned, user controlled business that distribute benefits on the basics of use.)-US department of agriculture 1987. हुवर्ट कालभेस्टको अनुसार सहकारी त्यस्तो सँगठन हो जसमा व्यक्तिहरू मानवीय नाताले समान आधारमा स्वेच्छिक रूपमा एकजुट भई उनीहरूका आर्थिक चाहानाहरूको प्रर्वद्धन गर्दछन्  (ढकाल, २०७०)।

सहकारी संस्था संयुक्त स्वामीत्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक, र साँस्कृतिक आवश्यकता तथा आकांक्षाहरू परिपुर्ति गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त सँगठन हो । सहकारी संस्थाहरू स्वावलम्वन, स्वउत्तरदायित्व, प्रजातन्त्र, समानता, न्याय र ऐक्यवद्धताका मूल्यहरूमा आधारित छन् । सहकारी संस्थाको सदस्यहरूले इमान्दारिता, खुल्लापन, सामाजिक दायित्व र अरुको चासो राख्ने नैतिक मूल्यहरूमा विश्वास राख्दछन् । वि.सं. २०५४ (सन् १९९५) मा अर्न्तराष्ट्रिय सहकारी महासंघ International co-operative alliance द्वारा पुन संसोधित सातवटा सहकारी सिद्धान्तहरू  निम्नानुसार रहेका छन् ।

**१) स्वेच्छिक तथा खुल्ला सदस्यता** : सहकारी संस्थाहरू स्वेच्छिक सँगठन हुन् । यी संस्थाबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यताको जिम्मेवारी बहन गर्न चाहने सबै व्यक्तिहरूको लागि सदस्यता खुल्ला रहन्छ । यी संस्थाहरूमा लिङ्ग, सामाजिक, जातिय, राजनैतिक वा धार्मिक भेदभाव रहदैन ।

**२) सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण** : सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्त्रिक सँगठन हुन् । यी संस्थाका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी बन्दछन् । निर्वाचन प्रतिनिधीको रूपमा सेवा गर्ने महिला तथा पुरुषहरू आफ्ना संस्थाका सदस्यहरू प्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतका आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ, भने अन्य तहका सहकारी संस्थाहरू पनि प्रजातान्त्रिक आधारमा गठन गरिएको हुन्छ ।

**३) सदस्यहरूको आर्थिक सहभागिता** : सहकारी संस्थाका सदस्यहरू आफ्नो संस्थाको पुँजीमा न्यायिक रूपमा सहभागी हुन्छन् र यसपुँजी माथि नियन्त्रण राख्दछन् । खासगरि यस पुँजीको केही भाग सहकारी संस्थाको साझा सम्पत्ति हुन्छ । यी सदस्यहरूले आफ्नो उद्देश्य प्राप्तीका लागि बचत रकम छुट्याउछन् जस्तै आफ्नो संस्थाको विकास गर्न, कम्तिमा अभिभाज्य हुने गरी जगेडा कोष खडा गर्न, संघसंस्थासँग आफ्नो कारोबारको अनुपातमा सदस्यहरूलाई माथि पुऱ्याउन, सदस्यहरूद्वारा स्वीकृत अन्य कार्यहरूमा सघाउन र संस्थाको आफ्नो कारोबारको अनुपातमा सदस्यहरूलाई लाभ पुऱ्याउन ।

**४) स्वायत्तता र स्वतन्त्रता** : सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वाभलम्वी सँगठनहरू हुन् । यी संस्थाहरूले बाह्य स्रोतबाट पुँजी संकलन गर्न सरकार लगायत अन्य सँगठनसँग सम्झौता गर्दा यी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण तथा आफ्ना स्वायत्तता कायम राख्न सक्ने शर्तमा विश्वस्त हुनु पर्दछ ।

**५) शिक्षा तालिम र सूचना** : सहकारी संस्थाहरूले आफ्ना विकासमा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी आफ्ना साधारण सदस्य, निर्वाचित प्रतिनिधी, व्यवस्थापक र अन्य कर्मचारीहरूलाई शिक्षा तथा तालिम उपलब्ध गराउछन् । यी संस्थाहरूले सहकारीको प्रकृति तथा लाभ बारे  तरुण पुस्ता र बैचारिक अगुवालाई सुसूचित गर्छन् ।

६) **सहकारी संस्थाबीच सहयोग** : सहकारी संस्थाहरूले अति प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुऱ्याएर स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय संरचनाहरू आपसमा मिलेर सहकारी आन्दोलनलाई सुदृढ गर्छन् ।

७) **समुदाय प्रति चासो** : सहकारी संस्थाहरूले आफूँहरूद्वारा निर्धारित नीतिका आधारमा आफ्ना समुदायहरूको दीगो विकासका लागि कार्य गर्दछन् (ढकाल, २०७०) ।

ढकाल र सिवाकोटीले *'आधुनिकीकरण र सहकारीता'* (२०६६/०६७) मा नयाँ नेपाल निमार्णमा सहकारी आर्थिक प्रणाली एक महत्वपूर्ण माध्यम हो भन्ने कुरा जोड दिन खोजेको छ साथै सहकारीमा महिलाको सहभागिता र भूमिकालाई जोडदिँदै विकास र सभ्य समाजका लागि महिला दक्ष, सभ्य, सुसंस्कृत, शिक्षित र जिम्मेवार हुनुपर्ने महत्वलाई देखाएको छ । अनि सभ्यता, संस्कृति र श्री नवदुगामा सहकारीको ढाँचाको विकास नै दीगो विकास हो भन्ने कुरा प्रस्तुत गरेका छन् ।

ढकाल (२०६८) ले *'सामाजिक- आर्थिक विकासका लागि सहकारी अर्थव्यवस्था'* मा सहकारी अर्थव्यवस्थाको बारेमा सैद्धान्तिक तथा व्यवहारिक विषयमा प्रकास पार्ने प्रयास गरिएको छ । सहकारी मार्फत महिला सशक्तिकरण गर्दा उपलब्धी राम्रो हुन्छ । युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न सकिन्छ । सहकारीमार्फत विभिन्न सीपमूलक तालिम दिई स-साना उद्योग खोल्न सकिन्छ । नेपालमा सहकारी मार्फत कृषि व्यवसायलाई व्यवस्थित गर्न सकिन्छ । सहकारीमा सुशासन कायम गराउनु अत्यन्तै महत्वपूर्ण कार्य हो । सहकारीकर्मीलाई सहकारीको मूल्यमान्यतालाई पूर्ण रूपमा पालना गर्दा समस्या नपर्ने कुरा उल्लेख गर्दै व्यक्तिको सामाजिक तथा श्री नवदुर्गामा सहकारीको भूमिका महत्वपूर्ण रहेको कुरा उल्लेख गरिएको छ ।

बडाल, (२०६१/०६२) ले *सहकारी सिद्धान्त र प्रयोग* मा सामाजिक न्याययुक्त राज्य संरचना र लोक कल्याणकारी राज्यको खाँचोलाई दर्शाउदै १० बर्षभित्रै देशमा रहेका सहकारीको माध्यमबाट गरिबी निवारण हुनसक्ने तर्क दिदैं सबै सदस्य मौरी झै एकताबद्ध भएर उत्पादन र विकास कार्यमा लाग्नु पर्ने कुरा उल्लेख गरिएको छ । साथै हाम्रो जस्तो विकासका पूर्वाधार बनी सकेको बैकिङ सुविधा अत्यन्त सीमित सहरी क्षेत्रमा मात्र रहेका, आम जनतामा बचत गर्ने बानी नबसिसकेको, यातायात, सञ्चार र अन्य सुविधाहरूको पहुँच सीमित भएको अवस्थामा शहर तथा गाउँ, तराई-पहाड तथा हिमाली भेगमा सबै

गाउँ र नगरमा सफलता साथ सञ्चालन हुन सक्ने संस्था बचत तथा ऋण सहकारी हो । बचत तथा ऋण सहकारी सफल नहुने कुनै ठाउँ हुँदैन । यो सफल भएपछि अन्य सहकारी सफल हुनका लागि जग पनि बस्दछ । यसकारण देशका सबै भागमा बचत तथा ऋण सहकारी संस्था स्थापना, विकास, अनुगमन, परिचालन गर्ने वातावरण राज्यले दिनु पर्दछ । बचत तथा ऋण सहकारीका माध्यमबाट नै सदस्यको सामाजिक तथा आर्थिक उन्नति सम्भव छ भन्ने कुरा उल्लेख गरिएको छ ।

श्री नवर्दुगा वचत तथा ऋण सहकारी संस्था लि.(२०७०/७१) *प्रतिवेदन* मा संस्थामा आवद्ध भएका सदस्यहरूलाई वचत तथा ऋणको राम्रो कारोबार गरेको जसबाट सदस्यको समस्या समाधान हुदैं आय आर्जनको कामसमेत गर्न सफल भएको कुरा उल्लेख गरिएको छ ।

*सहकारी गतिविधि* (२०६७/०६८) मा हाम्रो जस्तो सीमित स्रोत, साधन र सघन सामाजिक सम्बन्ध रहेको देशमा सहकारीको माध्यमबाट धेरै प्रगति गर्न सकिने कुरा उल्लेख गरिएको छ । उत्पादन, प्रसोधन, वितरण र उपभोगका क्षेत्रसँग सम्बन्धित उद्योगधन्दा, कलकारखाना, पेशा व्यवसाय आदि सहकारी मार्फत सञ्चालन गरी सदस्यहरूलाई सर्वशुलभ एवं गुणात्मक वस्तु र सेवा उपलब्ध गराई गतिशील आर्थिक क्रियाकलाप अभिवृद्धि गर्नु सहकारीको मर्म भएको कुरा उल्लेख गरिएको छ ।

प्रथम राष्ट्रिय सहकारी महासम्मेलन (२०७०) *स्मारिका*मा सुनियोजित तरिकाले रचना गरिएको र गर्न सकिने किसिमका लघुवित्त सेवाहरूले गरीब तथा सीमान्त समुदायहरूलाई गरिबीबाट उम्काउन मद्दत गर्छ । धेरै ग्रामीण समस्याहरू समाधान गर्न सहकारी नै सक्षम हुन्छ भन्दै नेपालको दुर्गम क्षेत्रमा वित्तिय सेवा उपलब्ध गराउनु न्युन लागत तथा दीगो प्रणाली सहकारी संस्थाहरू भएको उल्लेख गरिएको छ । साथै साकोसले आन्तरिक तथा विदेशबाट प्राप्त रकमका सेवाहरू संञ्चालन गरेको र अन्य सामाजिक सेवाहरू उपलब्ध गराउने गरेको कुरा उल्लेख गरिएको छ । त्यसैगरी कलेज र विश्वविद्यालयबाट फर्किएका युवाहरूले कृषि पेशा रोज्न सक्ने आकर्षक नीति राज्यले अख्तियार गर्नुपर्छ । यो नीति र काम गर्ने वातावरणले बेरोजगार, शिक्षित र साक्षर युवाको पहिलो गन्तव्य कृषि पेशा बनाउन सके देशको दीगो श्री नवदुर्गा सहितको आत्मनिर्भर राष्ट्र बन्न सक्ने कुरा उल्लेख गरिएको छ ।

राई (२०६६) ले *आर्थिक विकासका सवालहरू*मा पैसाको महत्व, पैसा कमाउने तरिका, सफलताका लागि विशेष सूत्रहरू, समयको सदुपयोग, ऋण लिनुपर्ने कारण र सदुपयोग गर्ने शैली, तौर तरिका अनि व्यवसाय सानो स्तरबाट सुरु भएपनि ठूलै उपलब्धी हाँसिल भएका विविध उदाहरणहरू प्रश्तुत गरिएको छ । त्यसैगरि मिहेनत र लगावबाट व्यवसायमा हुने उन्नतिका साथै राम्रो खानाले समेत मानिसको आर्थिक जीवनमा नयाँ मोड लिन सक्छ भन्ने कुरा उल्लेख छ । यस कृतिले पूरै युवा चित्तहरूलाई जागरुक तुल्याउदै सकारात्मक सोचाई र म सक्छु भन्ने भावनाको विकास गराउदै श्री नवदुगा र समृद्धिको बाटोमा अगाडि बढ्न प्रेरित गर्न केन्द्रित छ । साथै श्री नवदुगा गर्नका लागि मानिसहरूले कुलत लाई त्यागेर नयाँ सोच ढङ्ग र उत्प्रेरणाका साथ अगाडि बढेमा सफलता हाँसिल गर्न सकिने कुरा उक्त पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

ढकाल (२०६७), ले *सहकारी अवधारणा र विकास*मा समेटिएका विषयहरूले सहकारी अभियानको वर्तमान अवस्थालाई जनदिशा निर्देश गर्दै सदस्यको सामाजिक र आर्थिक उन्नति गर्न विभिन्न व्यवसाय सञ्चालनमा जोड दिनुपर्छ । पर्यटन क्षेत्रमा सहकारीको उपयोग र वर्तमान सहकारीलाई समायनुकुल परिमार्जन गर्नुपर्छ । सहकारीलाई स्कुल र कलेजमा व्यवसायिक विषयको रूपमा पठनपाठन गर्ने गराउने सामग्रीको रूपमा राख्नुपर्ने निर्देशन समेत दिएको देखिन्छ ।

बडाल (२०६७), ले *चीनको अर्थ राजनीति र सहकारी*मा आफ्नै बलबुद्धि र श्रोतसाधनमा भरपरेर देशको विकास गर्नुपर्दछ । सर्वप्रथम जनताको आधारभूत आवश्यकताहरूको समाधान गर्नुपर्दछ । ग्रामीण क्षेत्रमा कृषि अर्थतन्त्रको विकास गर्नका लागि सहकारी संस्थाहरूको तीव्रताका साथ सुदृढीकरण र विस्तार गर्दै लैजानुपर्दछ । समाजवादी अर्थतन्त्रलाई बल पुऱ्याउन राज्य नियन्त्रणको प्रणालीका सँगसँगै निजी, सहकारी र विदेशी लगानीलाई बढाउनुपर्दछ । त्यस बाहेक कृषि, वन, उद्योग, सेवा, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरूमा पनि दीर्घकालिन र सर्वाङ्गिण विकासका योजनाहरू सुरु गरे व्यापकरूपमा जनतालाई विकासको लहरमा ल्याउन सकिने कुरा उक्त पुस्तिकामा उल्लेख गरिएको छ ।

शाक्य (२०६५), ले *आधारभूत अनुगमन तथा मूल्याङ्कन प्रणाली*मा विकासको गतिलाई अगाडि बढाउनका लागि आर्थिक स्रोत तथा मानवीय संसाधनको उचित प्रयोग,

आर्थिक अनुशासनको पालना, आर्थिक गतिविधिहरूको पारदर्शिता र जिम्मेवारीको पूर्णरूपमा वहन गर्ने व्यवस्था गर्न सके सहकारी मार्फत जनताको आर्थिक तथा सामाजिक उन्नति गर्न सकिने कुरा उल्लेख छ ।

न्यौपाने (२०७०), ले *सहकारी दर्पण*मा नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषि उत्पादन वृद्धि गर्नुपर्ने, स-साना लघु उद्योग र सेवा व्यवसाय संचालन गर्नुपर्ने, उत्पादित सामग्रीको उचीत बजार व्यवस्थापन गर्नुपर्ने, सहकारीमा आलोपालो गरी नेतृत्व लिनुपर्ने, नेतृत्वदायी पदमा महिला, युवा दलित, पछाडि परेको वर्ग र समुदायको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने, सबै क्रियाकलाप पारदर्शी हुनुपर्ने, नियमित रूपमा जनलेखापरीक्षण गर्नुपर्ने, सार्वजनिक सुनुवाई गर्नुपर्ने जस्ता कुराहरू उल्लेख गरी आर्थिक रूपान्तरण गर्न सकिने कुरा उल्लेख गरिएको छ । त्यसैगरी सहकारीले समाजमा महिला हिंसा रोक्ने, छोरा र छोरी बीचको विभेद रोक्ने, मादक पदार्थ सेवन गरी हो-हल्ला गर्नेलाई रोक्ने, बाल विवाह तथा अनमेल विवाह रोक्ने, जोखिमपूर्ण काममा विदेश पस्ने प्रवृति रोक्ने इत्यादि कार्यहरू गर्न सक्दछ । तसर्थ आर्थिक,सामाजिक रूपान्तरणका लागि सहकारीको महत्वपूर्ण भूमिका रहेको कुरा उल्लेख छ ।

बडाल (२०७०), ले *सहकारीमा* सहकारी संस्थासँग आवद्ध उत्पादन प्रणालीमा कुनै व्यक्ति नभएर संस्थाका सदस्यहरू नै उत्पादन साधन, उत्पादनका औजार, उत्पादनका प्रविधि सबैमा सहकारी सदस्यको सामाजिक र सामूहिक स्वामित्व हुन्छ । यो एउटा अत्यन्त लोकतान्त्रिक आर्थिक प्रणाली हो तथा समाजवाद तर्फ उन्मुख आर्थिक प्रणाली हो भन्ने कुरा उल्लेख गरिएको छ ।

*काभ्रे पोष्ट* (२०६९ कार्तिक, मार्ग, पौष) मा सहकारी संस्थाहरूले जनमानस र गाँउबस्ती तथा समाज विकासमा महत्वपूर्ण योगदान दिँदै आइरहेका छन् । सहकारी अभियान मार्फत युगानुकुल व्यवसायिकता दिनको लागि सहकारी संस्थाहरू सक्षम छन् । सहकारीको विकास नभई राष्ट्र र समाजको विकास हुँदैन । चाहे बेलायतमा होस् वा जर्मनी, चाहे अमेरिका होस् वा क्यानडा, चाहे चिन होस् वा जापान यी सबै विकसित मुलुकहरूमा पनि सहकारीको माध्यमबाट नै विकासका खुट्किलाहरू चढ्दै अगाडि बढेको कुरा उल्लेख गरिएको छ ।

*काभ्रे, सहकारी पोष्ट* (२०७० कार्तिक, मार्ग, पौष) मा देशको आर्थिक एवम् सामाजिक विकासका लागि सहकारी आवश्यक छ । वचत तथा ऋण सहकारी मार्फत नेपालको कृषि क्षेत्रको दीगो विकास गरी गरिबी निवारण गर्न सकिन्छ । सहकारीतालाई विद्यमान् गरिबी निवारणार्थ अचुक अस्त्र, ग्रामीण एवम् श्री नवदुगामा मुक्तीको बाटो र संमृद्ध नेपाल निर्माणको लागि सञ्जिवनीको बुटीको रूपमा प्रयोग गर्न सकिने कुरा उल्लेख छ ।

*पौडेल (२०७०),* ले *नेफ्सकुन समाचार*मा अधिकांस विकसित मुलुकको सफलतासँग विषयगत रूपमा सहकारी जोडिएको छ । दीगो विकास र सिँगो समुदायलाई नै उत्पादक, वितरक र उपभोक्ता बनाउनुको साथै सबै प्रकारका विभेदहरूको अन्त्य गरी समतामूलक समाज निर्माणमा सहकारीको उच्च प्रतिवद्धता र तदनुसारको कार्यशैली अपनाईरहेको छ । सहकारीले समुदायको स्वामित्व, परिचालन र कृयाशिलता अभिवृद्धि गर्ने भएकोले राज्य र निजी क्षेत्र समेतको सहकार्यमा आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरण कार्य अघि बढाउन सकिन्छ भन्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

*कडेल र घिमिरे (२०७०),* ले *स्मारिका*मा छरिएर रहेका पूँजी, श्रम र सीपलाई एकीकृत गरी पद्धति सम्मत ढंगबाट र स्व अनुशासनमा सञ्चालन गर्न सकियो भने साँच्चै सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति गर्न सकिने कुरा उल्लेख छ ।

*पौड्याल (२०७०),* ले *स्मारिका*मा बचतले हरेक नागरिकको सुनिश्चित भविष्यलाई दीगो बनाउने छ भन्दै मानिस बचत तथा ऋणको व्यवस्थापनसँग जोडिनुपर्छ । सामाजिक र श्री नवदुगाको लागि नवमानवका जीवनका सबै पक्षमा इलोक्ट्रोनिक समाधानका उपायहरू प्रयोग गर्न ऋण तथा बचत सहकारीलाई संबोधन गरिएको छ ।

*पौडेल (२०५६),* ले नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका एक अध्ययन शोधपत्रमा बचत तथा ऋण सहकारी लाई पनि नेपालको सहकारी मध्ये एक मुख्य सहकारीको रूपमा देखाइएको छ । यसले निम्न आर्थिक अवस्था भएका वर्गका लागि सामाजिक र आर्थिक उत्थान गर्ने लक्ष्य लिएको छ । सोही मुताबित गरिबी निवारणका लागि अघि बढेको छ साथै सहकारीको सदस्य भएपछि आर्थिक अवस्था राम्रो भएको कुरा समेत उल्लेख गरिएको पाइन्छ ।

शर्मा, (२०६९), ले (गरिबी न्यूनिकरणको सहयात्रीको रूपमा बचत तथा ऋण सहकारीहरू एक अध्ययन) शोधपत्रमा सहकारीको सदस्य हुनु पूर्व र सदस्य भइसकेपछि केही मात्रामा तल्लो तहका आम्दानीका स्तरहरू बृद्धि हुन गई आय वितरणको अवस्थामा सकारात्मक संकेतहरू आएको देखाइएको छ । साथै आर्थिक असमानतालाई घटाउन सहकारीको महत्वपूर्ण भूमिका हुने कुरा उल्लेख गरिएको छ ।

१ आर्थिक सशक्तिकरण

आर्थिक सशक्तिकरणले आर्थिक उपलब्धी हासिल गर्नका लागि भौतिक तथा वित्तिय अवसरहरुका साथसाथै उत्पादनमूलक साधनहरुमा पहुँचको विस्तार गर्दछ । एकातिर सशक्तिकरणले आवश्यक रुपमा पूँजी तथा आयवृद्धिका अवसरहरुलाई समेट्दछ भने अर्कातिर यसले बजारका गतिविधि तथा सापेक्षिक मूल्यहरुको कामबाट नागरिकहरुको आर्थिक निकायलाई सुदृढ बनाउने कुरा सुनिश्चित गर्दछ । आर्थिक विकास गर्दा समतामूलकका साथै निजी क्षेत्रको संलग्नता हुनु पर्ने कुरामा प्रकाश पार्दछ । अर्थात आर्थिक विकासमा उत्पादनमूलक तथा आयमूलक कार्यहरुमा दलित र महिला तथा पिछडिएका वर्गको पहुचँ हुनु पर्ने कुरालाई जोड दिन्छ ।

सामाजिक-सास्कृतिक सशक्तिकरण

मानिस व्यक्तिगत तथा सामूहिक गुणहरुको विस्तार तथा सुदृढिकरणलाई सामाजिक तथा सांस्कृतिक सशक्तिकरणले प्रकाश पार्दछ । यस्ता दुबै खाले गुणहरुको जटिल सञ्जालहरुको योग तथा संयुक्त शक्तिलाई सामाजिक पूँजी भनिन्छ । सामाजिक पूँजी ले सामान्य जनता तथा जनसमुदायको सामाजिक-सांस्कृतिक शक्तिलाई गतिशिल बनाउँछ । सामाजिक सांस्कृतिक सशक्तिकरण अन्तर्गत स्वस्थ्य खानेपानी, प्राथमिक उपचार सेवा, सीप प्राप्ति मार्फत आधारभूत शिक्षामा पहुँचका साथै सञ्चार माध्यमको प्रयोग गर्ने क्षमतादेखि लिएर मानव विकासका कुराहरु समेत समेटिन्छन् । सामुदायिक तथा पारिवारिक सम्वन्ध र अन्तरक्रिया, संघ संस्थाको भूमिका र तिनीहरुप्रतिको आस्था, सामाजिक अपनत्वको भावना आदि समेटिएको हुन्छ ।

सामाजिक समावेशीकरण

फ्रान्सेली सरकारले सन् १९७० मा आफ्नो नीतिमा समावेशी शब्द प्रयोग गरेको थियो । शारीरिक, मानसिक अशक्त, अपाङ्ग, बृद्ध, केटाकेटी आदि समूहलाई सम्बोधन गर्न यो शब्द प्रयोग गरेको थियो । सन् १९८० मा आर्थिक मन्दी हुँदा पनि समावेशी शब्द प्रयोग भएको थियो । सन् १९८९ ताका यूरोप लगायत, युरोपियन युनियनले यो शब्दलाई प्रयोगमा ल्यायो । युरोपियन युनियनले सामाजिक बञ्चित (Social; exclusion) को विषयलाई उठायो । सहभागीता लगायत पहुँचमा व्यक्तिको समूहलाई भेदभाव गरिनु बञ्चितता हो ।

शक्तिशाली व्यक्तिसँग स्रोत र साधनमा पहुँच हुन्छ । तर स्तरीकरणको न्यून तहमा रहेका व्यक्तिहरुको पहुँच हुँदैन, नागरिक अधिकार कमजोर हुन्छ । सम्पत्तिमा स्वामित्व हुँदैन । मानिस आफ्नो पहिचानबाट बञ्चित हुन्छन । सामाजिक समावेशीकरण शब्द सन्दर्भ

अनुसार फरक फरक हुन्छ । कतै समावेशी अवस्थामा रहेको जाति तथा समूह अर्को सन्र्दभमा असमावेशी पनि हुनसक्दछ । समावेशी र असमावेशीतालाई राष्ट्रिय विकासको मूल प्रवाहबाट विश्लेषण गर्नु अपरिहार्य हुन्छ ।

Anna Tsing(१९९३) ले सामाजिक वञ्चिततालाई सीमान्तकृत अवधारणाको रुपमा व्याख्या गरेका छन् । Marginalization is a source of both constraint and creativity. Marginality may be used as basis to claim exercise/power and agency.

राज्यका संयन्त्रहरुमा सबैवर्ग, जाति, जनजाति, महिला, पुरुष, अपाङ्ग, दलित, पिछडिएका वर्ग, भाषिक तथा धार्मिक समूहको संलग्नता, सहभागितालाई सामाजिक समावेशीकरण भनिन्छ । राज्यका सबै अङ्गमा जातिय, क्षेत्रीय, लैङ्गिक, भाषिक, धार्मिक, वर्गिय संलग्नता रहने उनीहरुको निर्णय लिने प्रक्रियामा, कार्यान्वयन, अनुगमन मूल्यांकन र प्रतिफल वितरणमा पहुँच तथा सहभागी रहनुलाई सामाजिक समावेशीकरण भनिन्छ ।

- सामाजिक समावेशीकरणले स्रोतहरुमा पहुँच पुऱ्याउँछ, स्रोतको समुचित वितरण गर्दछ र सामाजिक विकास हुन्छ ।
- सामाजिक समावेशीकरणले मानिस तथा समूहलाई सक्तिशाली बनाउँछ, सक्षम बनाउँछ उसको क्षमतामा विकास हुन्छ ।
- सामाजिक समावेशीकरणले स्रोत र साधनको समुचित परिचालन पूर्ण काम गरी विकास प्रक्रियामा सघाउछ ।
- सबैक्षेत्र, वर्ग, समूहको सहभागीता हुने हुँदा दीगो विकासमा सघाउँछ ।
- सार्वजनीक सहभागीता राज्यका अङ्गहरुमा पहुँच हुने हुदा मानिस, वर्ग, समूहलाई सशक्तिकरण गर्न सघाउछ ।

नेपालमा महिला, दलित, जनजाति, अपाङ्ग, पिछडिएका क्षेत्र, मधेशी आदिलाई राष्ट्रिय मूल प्रवाहमा समावेश गर्न राज्यका विभिन्न अङ्गहरुमा समावेश गरिएको छ । यो एउटा महत्वपूर्ण मुद्धाको रुपमा देखा परेको छ । *(अर्याल भोजेन्द्र २०६८,२०६८,सामाजिक परिर्वतन र विकासको अध्ययन, पेज नं २१०-२१२)*

## केरला नमूना( **Kerala Model**)

विकासको केरला नमूनाले अर्न्तराष्ट्रिय जगतमा विशेष गरी सामाजिक विकास र वातावरणीय दीगोपनाको पक्षमा आफ्नो फराकिलो धारण स्थापित गरेको छ । पूरानो केरला नमूनाले पूर्ण वितरीत नीति प्रवद्धित आर्थिक विकासलाई जोड दियो । फलस्वरुप नयाँ केरला नमूनालाई अवलम्वन गरियो । जसले स्थानीय तहमा सामाजिक, उत्पादनशील वातावरणीय उद्धेश्यहरु तथा विचारहरुलाई जोड दिन्छ । साथै स्थानीय सरकारका नियमहरु, राज्य सरकार र नागरिक समाज वीचको सयुक्त प्रयासलाई अगाडि बढाउने प्रयास गर्दछ । यसले सहभागितामूलक एंव समुदायमा आधारित रहेर दीगो विकास प्रयासलाई अगाडि बढाउछ ।

सन् १९७० को अन्ततिर विश्व विकासको विज्ञहरुले भारतको केरला राज्यलाई विकासको नमूनाको रुपमा व्याख्या गरे ।

सन् १९९० मा नयाँ केरला नमूना देखा पर्‍यो । जसले दीगो विकासका लक्ष्यहरुलाई नीति निर्माणमा एकीकृत गर्‍यो । साथै वातावरणीय मापदण्ड तर्जुमा र अनुगमनलाई वातावरण संरक्षणका लागि समुदायमा आधारित रणनीतिमा समावेश गर्‍यो । नयाँ नीतिगत उपागमनले विकेन्द्रिकृत प्रशासन उत्पादकत्व र वातावरणीय उद्धेश्यहरु समावेश सहभागितामूलक योजना राज्य, गै.स.स र नागरिक आन्दोलनबीच सहकार्यलाई अवलम्वन गरेको छ ।

विकासका सिद्धान्तहरुबाट प्रस्ट हुन्छ की आर्थिक र सामाजिक विकास एक अर्कामा अन्तर सम्वन्धित छन् । आर्थिक वृद्धि सजिलो गरी गरिवी निवारण आवश्यक हुन्छ । अभिवृद्धि एउटा मुख्य एकाइ हो । जसले आधारभूत आवश्यकता प्राप्त, गरिवी निवारण गर्न, रोजगारी सिर्जना गर्न साधन उपलब्ध गराउँछ । यो सधैं नै निरपेक्ष गरिवी निवारणको नजिक रहेको हुन्छ । तर यसले विविध असमानतामा प्रभाव पार्दछ । यसबाट सबैले फाइदा प्राप्त गर्न सक्दैन्न । यसैले विकासोन्मुख मुलुकहरुमा दीगो विकासका लागि आर्थिक दीगोपनामा विशेष गरी वृहत आर्थिक आवश्यक हुन्छ । विकासको कुरा गर्दा वृद्धिको समान वितरण र स्रोतहरुमा सबैको समान पहुच हुनु पर्दछ । विकास बिनाको वृद्धिले असमानता सिर्जना गर्दछ । सामाजिक र राजनीतिक पक्षको संवोधन विना दीगो विकासको परिकल्पना गर्न सकिँदैन ।

सामाजिक विकास आफैँमा विकासको साध्यका साथै आर्थिक वृद्धिमा सहयोग गर्ने साधन पनि हो । ड्रेज र सेनका अनुसार सामाजिक अवसरहरुको विस्तार गर्ने विकासको साँचो हो । आधारभूत शिक्षा राम्रो स्वास्थ्य प्रभावकारी भूमिसुधार सामाजिक सुरक्षामा उच्च पहुच आदिको विस्तारले सिमान्तकृत अवस्थामा रहेकाहरुको जीवनस्तर वृद्धिमा सघाउँछ । सामाजिक सेवाहरुको विस्तार सँगै नागरिक सामाजिक र राज्य दुवैबाट सार्वजनिक कार्य सुरु हुन्छन । तर आर्थिक वृद्धिको अभाव र वित्तिय संकट भएमा शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी गर्ने सरकारको इच्छा प्रभावित हुन्छ ।

हालका वर्षहरुमा सामाजिक पूँजीलाई जोड दिन थालिएको छ । जसमा विश्वास, पारस्पारिकताको आर्दश, नागरिक संलग्नताका संजाल समावेश हुन्छन् । यिनीहरुले दीगो विकासमा सघाउँछन । हाल सामाजिक दीगोपनाले दीगो विकासको लक्ष्य प्राप्त गर्नका लागि समुदायमा आधारित सामुहिक कार्यहरुको सवलीकरणलाई समावेश गर्दछ । वातावरणीय सर्न्दभमा स्थानीय उपाभोक्ता समूहहरुले दीगो, पानी तथा वन व्यवस्थापनमा मुख्य भूमिका खेलिरहेका छन् । दीगो विकासको वहसले वातावरणीय तथ्यहरु र विकासको परिणामका सम्वन्धमा सबैको ध्यान खिचेको छ । कतिपय लेखकहरुले Nature को Intrinsic मूल्यलाई जोड दिएका छन । *(अर्याल भोजेन्द्र २०६८,सामाजिक परिर्वतन र विकासको अध्ययन, पेज नं २४८-२४९)*

ग्रामीण बैंक नमूना ( Grameen Bnak Model)

बङ्गलादेशको ग्रामीण बैंक त्यस्तो नमूना बैंक हो, जसले हजारौं गरीव परिवारहरुको जीवन स्तर साखको विस्तार र त्यसको परिचालन गरी सुधार गर्न सफल भयो । यसै बैंक र लघु साखको व्याख्या यस प्रकार छ । लघु साख( Micro Credit) शब्द सन् १९७० को दशक भन्दा अगाडि अस्तित्वमा थिएन । विकासका अभ्यास कर्ताहरुले यो शब्दलाई लोक प्रिय बनाएका हुन । यो शब्द सवैका लागि सबैचिज भन्ने अर्थमा प्रयोग गरिएको हो । हाल यसलाई कृषि साख, ग्रामीण साख, सहकारी साख, उपभोक्ता साख, बचत तथा ऋण सँगठनका रुपमा पनि प्रयोग गर्दै आएका छन् । Microcredit को इतिहासका सम्वन्धमा मतऐक्यता छैन् । कसैले Microcredit इतिहास हजारौं वर्ष र कसैले यसको इतिहास सयौं वर्ष रहेको दावी गर्दै आएका छन । Microcredit को इतिहासका सम्वन्धमा जे जस्ता विमती र भ्रमहरु भएपनि हामी यसको सस्तो नारा र लोकप्रियताका पछि लाग्नु भन्दा ठिमनीतिको तर्जुमा, उपयुक्त संस्थागत संरचना तर्जुमा अनि प्रभावकारी र व्यवहारिक कार्यविधि अवलम्वन गर्न महत्वपूर्ण हुन्छ ।

लघु साखको व्यापक वर्गीकरण यस प्रकार छ :

क. परम्परागत अनौपचारिक (साहु महाजन साख) व्यापारी, साथीभाई तथा नातेदार सँग साख अनौपचारिक बजारमा उपभोक्ता साख ।

ख. सुविधाजनक तथा विशेष बैंक मार्फत क्रियाकलापमा आधारित साख (जस्तै : कृषि साख, पशुपालन साख, माछापालन साख आदि )

ग. विशेष बैंकहरु मार्फत ग्रामीण साख

घ. सहकारी लघु साख ( सहकारी साख, साख युनियन, बचत तथा ऋण संस्था, बचत बैंक)

ङ. उपभोक्ता लघु साख

च. बैंक र गै.स.स को साझेदारीमा आधारित लघु साख

छ. ग्रामीण लघु साख

ज. अन्य प्रकारका गै.स.स का लघुवित्त

लघुसाखले सामाजिक विविधता अनुसार साख परिचालन गर्न सहयोग पुऱ्याउँछ । गरिव, लैंगिक रुपमा पिछडिएका समूहको अवस्था सुधार गर्न सघाउँछ । लघु साखले आफ्ना हरेक क्रियाकलापहरु योजनावद्ध र पद्धतीय रुपमा अगाडि बडाउँछ । सबैभन्दापहिले आफ्ना ग्राहकहरुको नाम संकलन गऱ्यो, त्यस पछि गरिव ग्राहक, गरिव अर्न्तरगत पनि महिलाहरुको संख्या यसैगरी रेखामुनी रहेका ग्राहकहरुको वर्गीकरण गरायो । यस्तो वर्गीकरणले नीति निर्माता र दाताहरुलाई सहयोगको संयन्त्र तर्जुमा गर्न सहयोग पुऱ्याउछ ।

**लघुसाख मार्फत गरिबीको दुष्चक्र भत्काउने** : ग्रामीण पाँच जना सदस्यहरु समावेश भएका ऐच्छिक रुपमा गठित साना समूहमा आधारित हुन्छ । यस्तो समूहले तिनीहरु बीचमा पारस्पारिकता, नैतिक बन्न, सुरक्षा प्रदान गर्दछ । सुरुमा समूहमा दुई जना सदस्यले मात्र ऋणका लागि आवेदन प्रस्ताव राख्दछन । ऋण फिर्ता गर्ने कार्य सम्पादनमा आधारित रहेर अन्य दुई जान त्यसैगरी एक जनाले ऋणको लागि आवेदन दिने व्यवस्था गरिएको हुन्छ ।

यदि व्यक्तिगत ऋणीहरुलाई साखमा पहुँच दिइयो भने उनीहरु सम्भाव्य आम्दानी सृजना क्रियाकलापहरु ( धान खेती, निर्माण, भाडा बनाउने, सिउने, बुन्ने, यातायात सेवा, बजारीकरण ) आफैँ पहिचान गर्दछन । र सो कार्यमा समर्पित भई संलग्न रहन्छन भन्ने मान्यता रहेको छ । आयोजनाहरुमा महिलालाई समान पहुँचको अवसर उपलब्ध हुन्छ । उनीहरुले ऋण लिने मात्र नभएर एउटा सक्षम उद्यमीका रुपमा पनि अगाडि बढ्ने अवसर पाउँछन । उनीहरुले आफ्नो हैसियत वृद्धि गर्दछन । श्रीमान प्रति रहने परनिर्भरता कम गर्दछन । साथै बालबच्चाको पोषण अवस्था पनि सुधार गर्दछन् । समग्रमा ग्रामीण बैंकको Innovative स्थानीय प्रयास राष्ट्रिय तहमा गरिबी निवारण गर्न महत्वपूर्ण सावित भयो ।

प्रत्येक वर्ष ग्रामीण बैंकका कर्मचारीहरुले आफ्ना कार्य र बैंकका सदस्यहरुको सामाजिक आर्थिक अवस्थाको मूल्यांकन गर्दछन । बैंकले पनि निम्नलिखित दश सूचकहरुलाई प्रयोग गरेर ऋणीहरुको गरिबीको तह मूल्यांकन गर्दछ ।

१. परिवार २५००० टाका पर्ने घरमा बस्दछ वा घरमा टिनको छाना छ, परिवार भइँको सट्टामा खाटमा सुत्दछन ।
२. परिवारले टुयुवेल पानी, उमालेको पानी, औषधी राखेको पानी, फिल्टर गरेको शुद्ध पानी पिउँछन ।
३. परिवार ६ वर्ष माथिका सबै बच्चाहरु विद्यालय गईरहेका छन वा प्राथमिक विद्यालयको पढाइ सकाएका छन् ।
४. हप्तामा न्यूनतम २०० टाका वा सोभन्दा बढी ऋण बुझाउने ।
५. परिवारद्धारा सरसफाई युक्त शौचालयको प्रयोग ।
६. परिवारका प्रत्येक सदस्यहरुलाई मौसम अनुसार कपडाको उपलब्धता, लामखुट्टेबाट बच्नको लागि झुलको व्यवस्था ।
७. परिवारमा आम्दानीका अतिरिक्त स्रोतहरु ( तरकारी वारी, फलफूल खेती ) जस्बाट उनीहरुले अतिरिक्त आम्दानी प्राप्त गर्न सक्षम हुन्छन ।
८. ऋणीहरुले वार्षिक औषत ५००० टाका बचत खातामा राख्न सक्दछन ।
९. परिवारका सदस्यलाई खानाको उपलब्धता, जसका कारण उनीहरु वर्षको कुनै समय भोको बन्नु पर्दैन ।
१०. पारिवारिक स्वास्थ्यको हेरचाह एउटा सूचक हो । यदि परिवारको कुनै सदस्य विरामी परे भने उपचारका लागि परिवारको सदस्यले सहयोग पुऱ्याउन सकोस ।

ग्रामीण बैंकको मुख्य मान्यता गरिबीबाट मुक्ति पाउन गरिबी कम गर्नका लागि भूमि रहित तथा किसानहरुको ऋण तथा साखमा पहुच हुनु पर्दछ । ऋण विना उनीहरुलाई आफ्नो लक्ष्य तथा अनुभवहरुलाई व्यवहारमा उर्तान सक्दैनन । निम्न आम्दानी भएका किसानहरुलाई भूमिहिन किसानहरुलाई कृषि साम्रगी तथा औजार किन्नका लागि ऋण उपलब्ध गराउनाले उनीहरुको आम्दानी बढ्दछ । फलस्वरुप उनीहरु निम्न आम्दानी, निम्न बचत, न्यून लगानीको दुष्चक्रबाट बाहिर निस्कन्छन । यसका सोह्र निर्णयहरु निम्नानुसार रहेकाछन :

१. अनुशासन, एकता, साहस र कडा मेहनत अवलम्वन र विकास
२. हामीले हाम्रो परिवारमा समृद्धि ल्यानेछौ ।

३. हामी भत्केको घरमा बस्ने छैन्, हामीले हाम्रो घरहरु मर्मत गर्ने छौ, सुरुमा नयाँ घर बनाउने छौ ।

४.हामीले बर्षभरि तरकारी उत्पादन गर्नेछौ, प्रसस्त तरकारी खाने छौ र बँचेको बेच्नेछौँ ।

५. वृक्षारोपणको समयमा सम्भाव्य धेरै विरुवाहरु रोप्नेछौँ ।

६. सानो परिवार बनाउने योजना राख्नेछौँ, खर्च न्यून गर्नेछौँ हामीले हाम्रो स्वास्थ्यको रेखदेख गर्नेछौँ ।

७. हामीले हाम्रो बच्चाहरुलाई शिक्षा दिनेछौँ र तिनीहरुले आफ्नो शिक्षा बापतको खर्च तिर्न सक्ने सुनिश्चित गर्नेछौँ ।

८. हामीले सधै हाम्रा बाल बच्चा र वातावरणलाई सफा राख्नेछौँ ।

९. हामी पिट शौचालय बनाउने र प्रयोग गर्नेछौँ ।

१०.हामीले टुयुवेलको पानी पिउनेछौ, यदि सो नभए उम्लेको पानी वा अलम प्रयोग गर्नेछौँ ।

११.हामीले छोराको विवाहमा दाइजो लिने छैनौँ, छोरीको दाइजो दिने छैनौँ, हामि हाम्रो केन्द्र दाइजो मुक्त बनाउनेछौँ, साथै बाल विवाह गर्नेछैनौँ ।

१२.हामीले कसैमाथी अन्याय हुन दिने छैनौँ र हामी पनि पर्ने छैनौँ ।

१३.उच्च आम्दानीका लागि हामी सामूहिक रुपमा ठूलो लगानी गर्नेछौँ ।

१४हामी एक अर्कालाई सहयोग गर्न सधै तयार हुनेछौँ यदि कोही समस्यामा छ भने उ उनीहरुलाई हामीले सहयोग गर्नेछौँ ।

१५.यदि कसैले हाम्रो केन्द्रमा अनुशासन विगारेमा हामी सबै अनुशासन कायम गर्न लागि पर्नेछौँ ।

१६.हामी सबै सामाजिक क्रियाकलापहरुमा सामूहिक रुपमा भाग लिन्छौँ ।

*(अर्याल भोजेन्द्र २०६८,सामाजिक परिर्वतन र विकासको अध्ययन, पेज नं २५७-२६४)*

यसरी विभिन्न पुस्तक तथा पत्रपत्रिको निचोडलाई हेर्दा बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यलाई ऋण उपलब्ध गराएर व्यवसायिक बनाउनु पर्दछ । आयस्तरमा बृद्धि हुदै जाँदा मानिसको स्वास्थ्य, शिक्षा जस्ता पक्षमा पनि सुधार हुन्छ । तसर्थ आर्थिक बृद्धिको साथै सामाजिक सुधारमा सहकारीको महत्वपूर्ण भूमिकालाई सबैले स्वीकारेको पाइन्छ ।

परिच्छेद : तीन

# अनुसन्धान विधि

यस खण्डमा उद्देश्य प्राप्त गर्न आवश्यक सूचना संकलन गर्न प्रयोग गरिने विधि तथा प्राप्त सूचनालाई व्याख्या गर्ने तरिका उल्लेख गरिएको छ । मुख्यतः यहाँ अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट, नमुना छनौट, सूचनाको प्रकृति र स्रोत, तथ्यांक संकलनका साधन र प्राप्त सूचनाको व्याख्या र विश्लेषण गर्ने तरिका समेत उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन पूर्ण रूपमा वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहनेछ । यस अध्ययनको उद्देश्य बचत तथा ऋण सहकारीले आफ्ना सदस्यको सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभाव पत्ता लगाउनु हो । यस उद्देश्यलाई प्राप्त गर्न सदस्यको शिक्षा, स्वास्थ्य, सम्पत्तिमा लैङ्गिक स्वामित्व र रोजगारी जस्ता विविध पक्षहरूको सर्वेक्षणबाट सूचना संकलन गरिएको छ । मुख्यगरी सूचना संकलनको लागि प्रश्नोत्तर, अवलोकन र अन्तरवार्ता विधि प्रयोग गरिएको छ । अन्तरवार्ता विधि वचत तथा ऋण सहकारीबाट ऋण लिएर व्यवसाय गर्ने र सहकारीमा बचत गर्ने व्यक्ति, सहकारी अगुवा, संकालक समितिका मुख्य पदाधिकारी, व्यवस्थापकको लागि  प्रयोग गरिएको छ । प्रश्नोत्तर र अवलोकन विधि निर्धारित उद्देश्य प्राप्त गर्न आवश्यकता अनुसार सूचना संकलनमा प्रयोग गरिएको छ । उद्देश्य परिपूर्तिका लागि प्राप्त भए सम्मका आवश्यक प्राथमिक र द्वितीय सूचनाहरू संकलन गरिएको छ । सङ्कलित सूचनालाई तालिका, चित्र र सामान्य तथ्याङ्कीय साधन मार्फत व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

काभ्रे जिल्लाभित्र अवस्थित पनौती नगरपालिकामा कृषि, दुग्ध, वचत तथा ऋण वहुउद्देश्यीय जस्ता विभिन्न प्रकारका सहकारी संस्थाहरू रहेका छन् । सबैसहकारीको अध्ययन गर्न सीमित स्रोत साधन र समयले नपुग्ने हुँदा नमुना छनौटको रूपमा पनौती नगरपालिका वडा नं १० मा अवस्थित श्री नवदुर्गा वचत तथा ऋण सहकारीहरुलाई उद्देश्यपूर्ण रूपमा छनौट गरी छनौटमा परेको श्री नवदुर्गा संस्थामा उद्धेश्य प्राप्तीका लागि

आवश्यक अध्ययन गरिएको छ । उक्त छनौटमा परेको साकोसका बचत कर्ता र ऋणी सदस्यको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्न विशेष गरी धर्म, जाति, पेशा तथा शिक्षा, स्वास्थ्य र रोजगारको  प्रभावलाई विशिष्ट रूपमा हेरिएको छ । सुरुमा बचतकर्ता र ऋणी सदस्यसँग र संस्था सँग सम्वन्धित अन्य पक्षसँग घुलमिल भई सुमधुर सम्वन्ध कायम गरिएको थियो । अनि वास्तविक यथार्थ सूचना तथा तथ्यांक संकलन अध्ययन समयमै गरिएको छ ।

## ३.३ नमूनाको आकार

काभ्रे जिल्लाको पनौती नगरपालिकामा वचत तथा ऋण सहकारी संस्था जम्मा ४३ वटा छन । जसमध्ये पनौती नगरपालिकामा रहेको संस्थाहरुबाट नमूना छनौट गरी छनौटमा परेको श्री नवदुर्गा साकोसको शेयर सदस्यता लिएर नियमित बचत गर्ने व्यक्तिहरको संख्या एकीन गरिएको छ । जसमा रहेका १६५६ मध्ये महिला ८२० पूरुष ८३६ मा जम्मा ऋणी ४१२ जना रहेकोमा महिला ऋणी १९६ र पूरुष ऋणी २१६ जना संस्थाको अभिलेख अनुसार छुट्याइएको छ ।  उक्त सदस्यहरु छुट्याई अध्ययनको उद्देश्य प्राप्तिका लागि नमूनाका रूपमा गोला प्रथाद्धारा उद्देश्यपूर्ण नमूना छनौट विधिद्वारा जम्मा ५० जना सहकारीका सदस्यहरुको नमूना छनौट गरिएको छ ।

तालिका नं २

नमूनाको आकार

| क्र.स | जाति | महिला | पूरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ब्राह्मण | 5 | 12 | 17 |
| २ | क्षेत्री | 9 | 5 | 14 |
| ३ | नेवार | 2 | 2 | 4 |
| ४ | तामाङ | 2 | 3 | 5 |
| ५ | राई | 1 | 1 | 2 |
| ६ | थामी | 0 | 1 | 1 |
| ७ | दलित | 2 | 4 | 6 |
| ८ | घर्ति/भुजेल | 1 | 0 | 1 |
| | जम्मा | 22 | 28 | 50 |

## ३.४ तथ्यांकको प्रकृति र स्रोतहरू

यस अध्ययनलाई उद्देश्यमूलक बनाउन प्राथमिक र द्वितीय दुवै प्रकृतिका सूचना एवं तथ्यांकको सामान्यीकरण गरी विश्लेषणमा प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोतहरू

प्राथमिक तथ्यांक संकलनका लागि प्रश्नावली तयार गरी अन्तरवार्ता र स्थलगत अवलोकन गरिएको छ । पनौती नगरपालिकामा रहेको नमूना छनौटमा परेको श्री नवदुर्गा साकोसबाट ऋण लिएर व्यवसाय संचलान गर्ने सदस्यलाई स्रोतका रूपमा राखिएको छ । यस्ता सदस्यसँग शिक्षा, स्वास्थ्य, भाषा, धर्म, पेशा, व्यवसाय  एवं रोजगारी जस्ता विषयमा केन्द्रित भई प्रश्नहरू सोधिएको छ । जसमा सहकारीबाट ऋण लिएर व्यवसाय संचालन गर्नुभन्दा अगाडि र पछाडिको अवस्था र सहकारीमा सदस्य हुनु अघि पछिको अवस्था समेत केलाइएकोछ ।

### ३.४.२ द्वितीय स्रोतहरू

द्वितीय तथ्यांक संकलनका लागि विभिन्न पुस्तकहरू, पत्रपत्रिका, लेख, रचना, प्रतिवेदन पुस्तिका, नियम तथा नीतिका पुस्तिका, शोधपत्र, क्याम्पस पुस्तकालयका पुस्तकहरुका साथै विभिन्न संघसंस्थाबाट प्राप्त सूचना र सहकारी विभागको Website : www.deoc.gov.np हरूलाई लिइएको छ  ।

## ३.५ तथ्यांक संकलन साधन तथा विधिहरू

सूचना संकलन नै यस अध्ययन प्रक्रियाको प्रमुख स्रोत मानिएको छ । विना अनुसन्धान यो अध्ययन पूर्ण हुन सक्दैन । वास्तविक परिणाम निकाल्नको लागि सूचना संकलन विधिको उचित प्रयोग गर्नुपर्दछ । तसर्थ प्राथमिक सूचना संकलनको लागि विभिन्न खालका साधन विधिहरू अपनाईएको छ । यस अनुसन्धानमा वास्तविक तथ्यांक संकलन गर्न प्रश्न निर्माण  गरी घरधुरी सर्वेक्षण, अवलोकन र अन्तवार्ता विधि प्रयोग गरिएको छ ।

### ३.५.१ क्षेत्र भ्रमण र अवलोकन

यस अध्ययनको लागि उद्देश्यपूर्ण विधिबाट छनौट परेको काभ्रे पनौती न.पा वडा नं १० मा अवस्थित श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्थाको कार्यालय र छनौटमा परेका प्रत्येक सदस्यका घरमा गई आवश्यक सूचना संकलन गरिएको छ। जसमा सदस्यको शिक्षा, स्वास्थ्य र रोजगारीका साथै जाति, धर्म, शिक्षा, लिङ्ग स्वास्थ्य र सम्पत्तिमा लैङ्गिक हक, सामाजिक राहत, सरसफाइको अवस्था, शेयर, बचत ऋण र आम्दानी जस्ता कुराहरूको अवलोकन गरिएको छ । यसरी सहकारीबाट ऋण लिएर व्यवसाय संचालन गरिरहेका सदस्यहरूको विभिन्न पक्षहरू प्रत्यक्ष हेरेर, सुनेर धेरै खालका सूचनाहरूको अवलोकन गरिएको छ ।

### ३.५.२ घरधुरी सर्वेक्षण

यस अध्ययनमा वास्तविक सूचना संकलन गर्न निर्मित प्रश्नहरू मार्फत घरधुरी सर्वेक्षण गरिएको छ । जसबाट सहकारीको सदस्यको सामाजिक तथा आर्थिक अवस्थाको प्रभावकारीतावारे सूचना संकलन गरिएको छ । सजिलै वुझ्न सकिने प्रश्नहरू प्रयोग गरी ऋणीसदस्यसँग अन्तवार्ता लिइएको छ। घरमा नै सदस्यलाई भेटेर अन्तवार्ताद्वारा प्रश्नपत्रमा सूचना आफैँले भरिएको छ। यो नै सूचनाको प्राथमिक स्रोत हो। यसमा गुणात्मक तथा संख्यात्मक दुवै खालका तथ्य संकलन गरिएको छ । साथै आवश्यक सूचनाहरू अन्य सदस्यहरू तथा व्यक्तिहरूसँगको छलफलबाट पनि प्राप्त गरिएको छ।

### ३.५.३ अन्तवार्ताको मुख्य सूची

प्राथमिक सूचना संकलनको लागि बचत गर्ने ऋणी सदस्यसँग अन्तवार्ता लिइएको छ । संरचित र असंरचित अन्तरवार्ता साथै सम्भव भएसम्म खुल्ला र बन्ध प्रश्नहरूको सहायताले आवश्यक सूचनाहरू लिइएको छ । अन्तवार्ताबाट लिइएको तथ्यांक नै मुख्य सूचक हो । मुख्य सूचना संकलनको लागि संस्थाको अध्यक्ष, संचालक पदाधिकारी तथा व्यवस्थापक र अन्य सहकारी अगुवा, सहकारी प्रेमी, वुद्धिजीवि, समाजसेवी जस्ता व्यक्तिहरू समेतलाई प्रयोग गरिएको छ, जुन घरधुरी सर्वेक्षणमा समावेश छैनन्।

## ३.६ तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण

यसमा तथ्यहरूको स्पष्ट अध्ययनका लागि तथ्यांकको विश्लेषणात्मक तथा प्रस्तुतिकरण विधि प्रश्नावली तथा अन्तवार्ता बाट प्राप्त सूचनाहरूलाई उपयुक्त फर्मेटमा राखी प्रशोधन, तालिकीकरण र प्रस्तुतिकरण गरिएको छ । संख्यात्मक रूपमा तथ्यांकलाई उपयुक्त तथ्यांकीय साधन र तालिकामा देखाइएको छ । जसमा प्रतिशत, अनुपात, मध्यक आदिको प्रयोग गरी आवश्यक विश्लेषण गरिएको छ । विश्लेषणमा आवश्यकता अनुसार तालिका चार्ट र चित्रको प्रयोग गरिएको छ । उत्तरदाताहरू मध्ये अति सफल, सफल, मध्यम, सामान्य र असफल व्यक्तिहरूको घटना अध्ययन गरिएको छ । गुणात्मक तथ्यांकलाई व्याख्या र विश्लेषण गर्न वर्णनात्मक विधि अपनाइएको छ ।

### ३.७ अध्ययनको सीमा

यो अध्ययन काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिकामा रहेका संस्थाहरुमध्ये नमूना छनौटमा परेको पनौती न.पा वडा नं १० मा अवस्थित श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरु भित्र मात्र गरिएको छ । यो अध्ययनमा पनौती नगरपालिकाका कुल ४३ वटा वचत तथा ऋण सहकारी मध्ये गोला प्रथाद्धारा नमूना छनौटका आधारमा श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्थालाई लिइएको छ । त्यस संस्थामा रहेका कुल शेयर सदस्य हरुमध्ये  ५० जना बचत कर्ता र ऋणी सदस्यहरु लाई छनौट गरी सो मा सीमित हुने गरी अध्ययन गरिएको छ । यस अध्ययनले देशका सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाको प्रतिनीधित्व गर्न सक्दैन ता पनि नजिक पुगेर सामान्यीकरण हुने गरी अध्ययन लाई सीमित बनाइएको छ ।

परिच्छेद : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ भौतिक अवस्था

### ४.१.१ भौगोलिक अवस्था

अध्ययनको लागि छनौट गरिएको क्षेत्र पनौती न.पा नेपालको पाँच विकास क्षेत्र मध्ये  मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने बाग्मती अञ्चलका ८ ओटा जिल्लाहरु मध्ये काभ्रेपलाञ्चोक जिल्लामा पर्दछ । काभ्रेपलाञ्चोक जिल्ला वरिपरि रहेका छिमेकी जिल्लाहरु पूर्वमा दोलखा,रामेछाप  पर्दछन् भने पश्चिममा ललितपुर र भक्तपुर उत्तरमा काठ्माण्डौ र सिन्धुपाल्चोक, दक्षिणमा मकवानपुर, सिन्धुली जिल्ला रहेका छन । यस काभ्रे जिल्लामा ७६ गा.वि.स ५ वटा न.पा रहेका छन । यस जिल्ला समुन्द्र सतह देखि न्यूनतम उचाइ विन्दु २८० मि. र सर्वाधिक उचाइ विन्दु ३०१८ मि. रहेको छ । यस जिल्लाको औसत पूर्व-पश्चिम लम्बाई ४२.०५ कि.मि. छ भने औसत उत्तर-दक्षिण चौडाइ ३५.४२ कि.मि. रहेको छ । यो जिल्ला ८२°२४’ देखि ८५°४९’ अक्षांश र २७°२०’ देखि २७°८५’ देशान्तरको बीचमा रहेको छ । काठमाडौं उपत्यकाबाट ३२ कि.मि नजिकमा रहेको यस जिल्लाको सदरमुकाम धुलिखेलमा छ । सदरमुकामको पश्चिम सीमानासँग जोडिएको पनौती नगरपालिका वि.सं.२०५३ सालमा घोषणा भएको तेस्रो नगरपालिका हो । यस पनौती न.पा क्षेत्रको पूर्वमा-धुलिखेल न.पा, काभ्रेनित्यचण्डेनी, शारदा बतासे, शंखुपाटिचौर गा.वि.स, पश्चिममा-कुशादेवी, कलाती भूमिडाँडा गा.वि.स, उत्तरमा-महेन्द्रज्योती, उग्रतारा जनागाल, र बनेपा न.पा, दक्षिणमा-चलाल गणेशस्थान, बल्थली गा.वि.स पर्दछन । यो नगरपालिका चारै तिर हरियाली पहाड भएको बीचमा सुन्दर फाट भएको ऐतिहासिक तथा धार्मिक महत्वको नगरी हो । यस नगरलाई चिरेर बीच भागबाट पुण्यमाता र रोशी नदी त्रिवेणी घाटमा जोडिएर रोशी खोला नामले बग्दछ । पनौती नगरपालिका हुनु अघि यहाँ साविक सुब्बागाँउ, टौखाल, मल्पी, इन्द्रेश्वर, खोपासी, सुन्थान छ वटा गा.वि.स रहेका थिए, यिनै छ वटा गा.वि.स मिलेर पनौती न.पा बनेको रहेछ ।

## ४.२ सामाजिक अवस्था

### ४.२.१ जनसङ्ख्याको आकार

पनौती न.पा.भित्र जम्मा २९५०६ जनसङ्ख्या बसोबास गर्दछन् । जस मध्ये महिला १५३४१ जना र पुरुष १४१६५ जना छन् । यस नपामा जम्मा घरधुरी सङ्ख्या ५९४३ रहेका छन् । तलको तालिकामा क्षेत्रगत रूपले रहेका जनसङ्ख्याको विवरण उल्लेख गरिएको छ ।

**तालिका नं. ३**


**पनौती न.पा.को क्षेत्रगत जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी सङ्ख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४२८ | ७.२० | १०६१ | ७.४९ | ११३० | ७.३६ | २१९१ | ७.४३ |
| २ | ५७२ | ९.६२ | १३८९ | ९.८० | १४३२ | ९.३३ | २८२१ | ९.५६ |
| ३ | ५५६ | ९.३६ | १४५० | १०.२३ | १४०९ | ९.१८ | २८५९ | ९.६९ |
| ४ | ५०२ | ८.४४ | १२५६ | ८.८७ | १३६० | ८.८६ | २६१६ | ८.९० |
| ५ | ५४४ | ९.१५ | १३०१ | ९.१८ | १३४६ | ८.७७ | २६४७ | ८.९७ |
| ६ | २६२ | ४.४० | ७६१ | ५.३७ | ७७५ | ५.०५ | १५३६ | ५.२१ |
| ७ | १९८ | ३.३३ | ५७५ | ४.०५ | ६२२ | ४.०५ | ११९७ | ४.१० |
| ८ | ४२८ | ७.२० | १०१२ | ७.१४ | १०९९ | ७.१७ | २१११ | ७.१५ |
| ९ | ३३८ | ५.६९ | ६८४ | ४.८३ | ८६९ | ५.६७ | १५५३ | ५.२६ |
| १० | ६३४ | १०.६८ | १३७८ | ९.७४ | १६९५ | ११.०५ | ३०७३ | १०.४१ |
| ११ | ५६२ | ९.४७ | १२८९ | ९.११ | १३४१ | ८.७५ | २६३० | ८.९१ |
| १२ | ५६४ | ९.४९ | १२१६ | ८.५९ | १३८० | ९.०० | २५९६ | ८.८० |
| १३ | ३५५ | ५.९७ | ७९३ | ५.६० | ८८३ | ५.७६ | १६७६ | ५.६१ |
| hDdf | ५९४३ | १०० | १४१६५ | १०० | १५३४१ | १०० | २९५०६ | १०० |

स्रोत : पनौती न.पा तथ्यांक २०६८

## चित्र नं. १

### पनौती न.पा.को क्षेत्रगत जनसङ्ख्या विवरण




स्रोत : पनौती न.पा तथ्यांक २०६८

माथिको तालिका नं ३ र चित्र नं १ लाई हेर्दा पनौती न.पा भित्र जम्मा घर धुरी संख्या ५९४३ रहेको देखिन्छ। यस क्षेत्रमा बसोवास गर्ने जनसंख्या महिला १५३४१ र पुरुष १४१६५ रहेकाछन् । समग्रगमा पूरुषको भन्दा महिलाहरुको संख्या बढी रहेको देखिन्छ । तालिकाको वडा गत जनसंख्या हेर्दा सबैभन्दाबढी वडा नं १० मा जम्मा जनसंख्या ३०७३ र सबैभन्दा कम वडा नं ७ मा ११९७ जना बसोवास गर्दै आएको देखिन्छ।

### ४.२.२ जातिगत जनसङ्ख्या वितरण

यस अनुसन्धान स्थल पनौती न.पा.मा एक भन्दा बढी जातजातिका मानिसहरू बस्दछन्। जस मध्ये जातिगत विवरणलाई निम्न तालिकामा हेर्न सकिन्छ।

## तालिका नं. ४

## पनौती  न.पा.मा जातिगत जनसङ्ख्या विवरण

| क्र.सं. | जात/जातिहरू | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राह्मण | ४९७७ | १६.८७ |
| २. | तामाङ | १९०९ | ६.४७ |
| ३. | क्षेत्री | १११६० | ३७.८२ |
| ४. | नेवार | ८४८६ | २८.७६ |
| ५. | विश्वकर्मा | २९९ | १.०१ |
| ६. | सार्की | ७८९ | २.६७ |
| ७. | ठकुरी | ६८ | ०.२३ |
| ८. | मगर | ११५ | ०.३९ |
| ९. | परियार | ५३५ | १.८१ |
| १०. | घर्ती/भुजेल | २९४ | १.०० |
| ११. | पहरी | २१९ | ०.७४ |
| १२. | अन्य जाति | ६५५ | २.२३ |
| | जम्मा | २९५०६ | १०० |

स्रोत : पनौती न.पा तथ्यांक २०६८

माथिको तालिका अनुसार पनौती  क्षेत्रमा सबैभन्दा बढी क्षेत्री ३७.८२% देखिन्छन् । त्यसपछि नेवार २८.७६% छन् भने क्रमशः ब्राह्मण, तामाङ, सार्की, परियार, विश्वकर्मा, घर्ति/भुजेल,पहरी र ठकुरीहरू कम-कम देखिन्छ । विश्वकर्मा, सार्की, ठकुरी, मगर, परियार, घर्ति/भुजेल,पहरीको प्रतिशत ५% नाघेको छैन । यसभन्दा बाहेकका अन्य जातिहरू पनि २.२३% छन् ।

### ४.२.३ शिक्षा

पनौती  न.पा. मा ४ वटा उच्च मा.वि. २ वटा क्याम्पस र १३ वटा मा.वि., नि.मा.वि ९, प्रा.वि १० गरी जम्मा ३८ वटा शैक्षिक संस्थाहरु रहेका छन् । ति शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुको कुल संख्या १०२१७ जना रहेका छन् साथै ति शैक्षिक संस्थाहरुमा अध्यापन गराउने शिक्षकहरु ५२६ जना रहेका देखिन्छन् । पनौती न.पा को साक्षरता दर लाई निम्नानुसार तालिकामा देखाइएको छ। यस तालिकामा ०-५ वर्ष उमेरका जनसंख्यालाई समावेश गरिएको छैन ।

**तालिका नं. ५**

**पनौती  न.पाको शैक्षिक जनसङ्ख्या वितरण**

| क्र.सं. | शिक्षा | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | साक्षर | १३५६४ | ९२.१४ | १०८८५ | ७३.६६ | २४४४९ | ८२.८६ |
| २. | निरक्षर | ११६० | ७.८६ | ३८९७ | २६.३४ | ५०५७ | १७.१४ |
| जम्मा | | १४७२४ | १०० | १४७८२ | १०० | २९५०६ | १०० |

स्रोत : पनौती न.पा तथ्यांक २०६८

यस तालिकालाई हेर्दा पनौती न.पा को कुल साक्षरता दर ८२.८६ प्रतिशत रहेको देखिन्छ जुन २०६८ को नेपालको कुल साक्षरता ६५.९ प्रतिशत भन्दा बढी रहेको देखिन्छ । यहाँ हेर्दा महिला ७३.६६ प्रतिशत र पुरुष ९२.१४ प्रतिशत साक्षर रहेको देखिन्छ । जसमा महिलाको तुलनामा पुरुषको साक्षरता दर बढि नै देखिन्छ ।

### ४.२.४ स्वास्थ्य तथा सरसफाइको अवस्था

पनौती  न.पा.मा शिक्षाको प्रभाव बढ्दै गईरहेको छ । मानिसहरूको चेतना स्तरमा वृद्धि हुँदै गइरहेको कारणले सरसफाइ र स्वास्थ्यको स्थितिमा पनि सुधार आइरहेको पाइन्छ । सबैका घरमा व्यवस्थित शौचालय निमार्ण गराउने कार्यमा नगरपालिका अग्रसर भई खुल्ला दिसा मुक्त क्षेत्र वडा वडा मा घोषणा गरी होडिङ बोर्ड राखेको पाइन्छ । घर, आँगन, चोक

वरिपरि सफा वातावरण छ तर पनि आर्थिक रूपले विपन्न परिवार र सम्पन्न परवार बीच तुलनात्मक अध्ययन गर्दा विपन्न परिवारका सदस्यहरूमा स्वास्थ्य तथा सरसफाइमा कम चासो भएको देखिन्छ । उनीहरूका गाई गोठदेखि कुखुरापालन समेत घर नजिकै गरिरहेका छन् । त्यसैगरी खानपान तथा बसाइ स्तरमा पनि त्यस्ता परिवारहरू कमजोर नै देखिन्छन् । फोहोर मैला विसर्जन गर्ने व्यवस्था पनि कम आयस्रोत हुनेको भन्दा धरै आय स्रोत हुनेको व्यवस्थित देखिन्छ । स्वास्थ्य जाचँ गराउनका लागि स्वास्थ्य सुविधाहरु नगर भित्रका विभिन्न ठाउँमा उपलब्ध भएको देखिन्छ । जसमा स्वास्थ्य केन्द्र २ वटा, उप-स्वास्थ्य चौकी ४ वटा, क्लिनिक औषधि पसल १० वटा, एम्वुलेन्स सेवा १ ओटा, अस्पताल २ वटा रहेका छन् , सुरक्षीत गर्भपतन, परिवार नियोजन तथा स्त्री रोग सेवाका लागि मेरी स्टोप्स सेन्टर १ वटा पनि रहेको छ ।

## ४.३ आर्थिक अवस्था

### ४.३.१ प्रमुख पेसा

अध्ययनका लागि छनौट गरीउको क्षेत्र पनौती न.पाको प्रमुख पेशा कृषि रहेको छ । यो क्षेत्रमा चारै तिर हरियाली बन जंगल र ग्रामीण बस्ती बसेको पहाडले घेरेको वीचमा पनौती खोपासी फाट समथर उर्वर युक्त भूमि रहेको छ । यँहाका अधिकांस मानिस पशुपालन र खेतीपातिमा निर्भर छन् । यस क्षेत्रको मुख्य नगदे बाली आलु हो, भने ग्रामीण क्षेत्रमा सुन्तला पनि नगदे बालीका रुपमा रहेको छ । अचेल यहाँका कृषकको ध्यान आधुनिक कृषि सामग्रीको प्रयोग गर्ने तर्फ केन्द्रित हुदै गएको देखिन्छ । यहाँ खेत जोत्न ट्याक्टर, धान झार्न मेसिन बालिबाट बढी उब्जनी लिन उन्नत विउ विजन, रासायनिक मल तथा किट्नासक औषधीको समेत प्रयोग गरीन्छ । यहाँका कृषकहरु आफ्नो खेतवारी थोरै भएमा धेरै खेतवारी भई खेतबारीमा काम नगरी व्यापार व्यवसाय तर्फ लागेका मानिसको खेतवारी भाडामा लिएर भए पनि परम्परागत खेती भन्दा विकासे विउँ प्रयोग गरी नगदे वाली प्रति आर्कषित भएका छन् । यहाँका कृषकले खेती पाति सँग सँगै गाई,भैसी, बाखा, कुखुरा पालनलाई पनि सँग सँगै अघि बढाई रहेका छन् । कृषकले मुख्य गरेर आलु, धान, मकै, गहुँ, जौ, कोदो, फापर, तोरी जस्ता बालिहरुको उत्पादन गर्दछन भने तरकारीहरुमा गोलभेडाँ, बोडी, काक्रो, फर्सी, करेला, घिरौंला, सिमी, बन्दाकोभी, काउँली, खुर्सानी जस्ता तरकारी उत्पादन गरी बजारमा विक्री गरेको देखिन्छ । कृषि बाली र

पशुपालनबाट यहाँका किसानले आफ्नो घर चलाई केही बचत गर्न सफल छन् । तर सबैको पहुँचमा जग्गा जमीनको स्वामित्व छैन । जो सँग जग्गा जमीनको पहँच प्रयाप्त मात्रामा आफू सँग छैन् उनीहरु धनी मानिसको जग्गामा खेती पाती गर्दछन । यहाँका जग्गाको प्रकृती अनुसार १ रोपनीको वार्षिक भाडा ७ हजार देखि १५ हजार सम्म लिने गरेको सुनिन्छ । यहाँ अन्य विविध पेशा व्यवसाय पनि आंसिक रुपमा रहेका छन् । तापनि प्रमुख पेशा भने ग्रामीण क्षेत्रमा कृषि नै रहेको छ र केही शहरी क्षेत्रमा व्यापार दोस्रो पेशाको रुपमा पाइन्छ । पनौती १२ खोपासीमा नेपालकै ठूलो रेशम खेती समेत रहेको छ ।

### ४.३.२ व्यापार व्यवसाय तथा रोजगारी

पनौती  न.पा. ग्रामीण र शहरी दुवै क्षेत्र रहेको अर्ध शहरी न.पा हो । पनौती न.पा को  केन्द्रविन्दुमा रहेको पनौती बजार यहाँको मुख्य व्यापार व्यवसायको केन्द्र मानिन्छ । यहाँ व्यापार व्यवसाय गर्न मानिसहरु पनौती बाट नमोवुद्धरोड, कुशादेवी रोड, मल्पी रोड, खोपासी रोड, बनेपा रोड, बासडोल भैसेपाटी रोड तर्फ बाक्लै बस्ती बसी व्यापार व्यवसायका लागि वसेका छन् । यस नगरको विभिन्न टोल गाँउमा पनि स साना व्यापार व्यवसाय सञ्चालित छन् । यस क्षेत्रमा प्लाई उद्योग, ग्रिल कारखाना, विस्कुट, पाउँरोटी कारखाना, दाना उद्योग, काष्ठ फर्निचर उद्योग, धान मिल, चिउरा मिल, पिठो मिल, मसला पिसानी कल, सलाई, चाउमीन कारखाना जस्ता व्यवसायहरु समेत रहेका छन् । यि मझौला स साना उद्योगले रोजगारीको अवसर र्सिजना गरेका छन् । यहाँका मानिसहरु केही मात्रामा बैदेशिक रोजगारका लागि पनि गएका छन् । रोजगारीका क्रममा कोही शिक्षण पेशा तर्फ, कोही प्रहरी, शैनिक, निजामति तर्फ पनि नोकरी गरेका छन् भने कोही नीजि क्षेत्रमा काम गरेर आफ्नो जीविका चलाई बसेका छन् । यस क्षेत्रमा सहकारीले पनि रोजगारीको सिर्जना गरेको पाइन्छ । यसरी व्यापार व्यवसाय र रोजगारी तर्फ लाग्नेको आर्थिक बृद्धि हुदै गएको देखिन्छ ।

## ४.४ पनौती  न.पा.मा अवस्थित सहकारी

पनौती न.पा.मा धेरै प्रकृतिका सहकारी संस्थाहरू छन् । यहाँ ४३ ओटा बचत तथा ऋण सहकारी संस्था, ७ ओटा बहुउद्देश्यीय सहकारी संस्था, ९ ओटा कृषि सहकारी संस्था र ११ ओटा दुग्ध सहकारी संस्था, उभोक्ता सहकारी र फलफूल सहकारी संस्था १/१ गरी

सहकारी विभागको तथ्यांक अनुसार ७२ ओटा सहकारी संस्थाहरू छन् । काभ्रे जिल्लाभरि रहेका ५०२ ओटा बचत तथा ऋण सहकारी संस्था मध्ये ४३ ओटा पनौती न.पामा मात्रै हुनु बचत तथा ऋण सहकारी मार्फत मानिसको सामाजिक तथा आर्थिक बिकासमा भूमिका निर्वाह गरी बचत गर्ने बानिको बिकास गर्न सहयोग हुने यो एक महत्वपूर्ण क्षेत्र हो । यहाँका बचत तथा ऋण सहकारी संस्थाहरूले सानो रकम जमानतमा र ठूलो रकम धितो जमानतमा ऋण लगानी गरेर आफ्ना शेयर सदस्यहरूको आर्थिक समस्या हटाउन कोसिस गरेका छन् । यी सहकारीहरू मध्ये श्री नवदुर्गा वचत तथा ऋण सहकारी संस्था लि. ( साकोस) एक हो । यस संस्थाले छरिएर रहेका स साना पूँजी विविध बचत मार्फत सङ्कलन गरेर ऋण लगानी गरिरहेको छ । सदस्यको हितका लागि सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुसार प्रतिवद्ध भई सामाजिक तथा आर्थिक उन्नति गर्नु यस संस्थाको प्रमुख उद्देश्य रहेको छ ।

### ४.४.१ श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्थाको परिचय

सुनिश्चत भविष्णका लागि बचत आर्थिक चुनौती र सामाजिक विकासका लागि नवदुर्गाको साथ चन्ने अभियानका साथ गाउँ घरमा परेको आर्थिक अभाभको साथिका रुपमा डि.स.का. कार्यालय धुलिखेल काभ्रेमा दर्ता भई वि.सं २०५९ साल पौष २६ गते पनौतीका बासी स्थानीय २७ जनाको पहलमा स्थापित भएको संस्था यस नवदुर्गा साकोस हो भन्ने कुरा संस्थाको इतिहासबाट थाहा हुन आयो । यस संस्थाको इतिहास हेर्दा अझै अगाडि व्यवहारिक रुपमा संचालन भएको पाइन्छ । प्रमुख कार्यकारी व्यवस्थापक दीपक तिमल्सिना र कोषाध्यक्ष पुण्य प्रसाद आर्चायका अनुसार २०५८ चैत्र महिनाबाट थोरथोरै बचत गरी नवदुर्गा सामुहिक बचत समूहको नामले सञ्चालित समूहनै पछि गएर श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. पनौती १० मा कार्यालय रहने गरी यो संस्था स्थापना भएको रहेछ । यस संस्थाको सुरुको कार्यक्षेत्र पनौती न.पा भित्र रहेकोमा २०६७ कार्तिक २३ गते विधिवत रुपमा ५ गा.वि.स. काभ्रेनित्यचण्डेनी, शंखुपाटिचौर, पात्लेखेत, उग्रतारा जनागाल र चलालगणशेस्थान गा.वि.स. थप भई कार्यक्षेत्र विस्तार भएको देखिन्छ । त्यस पछि २०६८ श्रावण ८ गते तीन सहकारी संस्था श्री नवदुर्गा साकोस, भूमिडाँडा साकोस र पात्लेखेत साकोस एकीकरण भई यसको कार्यक्षेत्र पनौती न.पा लगाएत नजिकका ११ गा.वि.स. क्रमश शारदा बतासे, शंखुपाटिचौर, पात्लेखेत, काभ्रे नित्यचण्डेनी,

पनौती, रविओपी, उग्रतारा जनागाल, कुशादेवी, चलालगणेशस्थान, कँलाती भूमिडाँडा र ढुंखर्क मा आफ्ना सेवा विधिवत रुपमा विस्तार गरी साकोस संञ्चालनमा रहेको पाइयो । यसरी ३ संस्था एकीकरण पछि पनि संस्थाको नाम श्री नवदुर्गा नै रहेको जानकारी प्राप्त भएको छ ।

आर्थिक समस्याको समाधान चर्को व्याजदर र साहुमहाजनको चाकरीयावादको क्रमश अन्त्य गर्दै अघि बढीरहेको नवदुर्गा साकोस नेपाल सरकारको ऐन नियमको पालना गर्दै २०६५/७/२० मा ३०३१२१९७८ प्यान नं प्राप्त गरी आर्थिक र सामाजिक प्रभाव पारी त्यस क्षेत्रका गाउँबस्तीमा रहेका मानिसलाई शेयर सदस्य बनाइ संस्थागत विभिन्न नीति र कार्यविधिका साथ समुदायमा आधारित बनेको पाइयो । यस संस्थाले २०७१ भाद्र २१ गते ११ औँ एवं एकीकरण पछिको चौथो वार्षिक साधारण सभा सम्पन्न गर्न सफल यस साकोसको कुल कारोवार रु ११,०१,६९,८२१ रहेको छ । यस संस्थाको हालको शेयर पूँजी रु ३५,३९,७००, जगेडा कोष रु ४,१७,०५२, अन्य कोषहरुमा रु ४,९८,०३५, कर्जा जोखिम व्यवस्था कोष रु ८,४५,१६५, बचत निक्षप रु २,७०,९८,०७९, तिर्नुपर्ने ऋण हिसाब रु ५०,५४,०००, भुक्तनी दिनुपर्ने हिसाब रु २,०५,३४३, अन्य दायित्व रु १,५४,६१४ गरी पूँजी तथा दायित्व तर्फ रु ३,७८,११,९९० रहेको छ । जसमा नगद मैज्दात रु १,०७,१११, बैङ्क मौज्दात रु ५५,८४,१२६ , अन्य संघसंस्थामा बचत शेयर लगानी रु ३,४५,५७५, कर्जा लगानी रु ३,१३,११,२२६, सम्पति सामान रु ३,१९,३४४, पाउनुपर्ने तथा धरौटि हिसाब रु १,४४,६०६ गरी सम्पत्ति तथा जायजेथा रु ३,७८,११,९९० रहेको छ । यस वर्ष यस संस्थाले खुद मुनाफा कर पछिको रु २,७०,६८८ आर्जन गरेको छ । (नवदुर्गा साकोसको प्रतिवेदन २०७०/०७१ )

संस्थाले विविध शीर्षकमा संकलन गरेको बचत रकम ऋण लगानी गर्न सदस्यहरुबाट माग भएअनुसार पर्याप्त पूँजी नभएर अन्य संघ संस्थाबाट ऋण लिने गरेको छ । पूँजीको अपर्याप्ततालाई पूरा गर्न काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ काभ्रे, नेफ्सकुन, जिल्ला सहकारी संघ, ब्राइट डेभलप्मेन्ट बैङ्क तथा आपसी समझदारीमा स्थानीय सहकारी संस्थाहरुबाट समेत सापटि लिएको देखिन्छ । यस संस्था जिल्ला सहकारी संघ, काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., पनौती नगरस्तरीय सहकारी संस्था समन्वय समिति जस्ता छाता

संघ संस्थामा आवद्ध रहेको पाईन्छ । यस संस्थाले दैनिक, मासिक, ऐच्छिक, साधारण, आवधिक, दीर्घकालीन स्वास्थ्य सुरक्षण, तीज विशेष, चाडपर्व विशेष, शैक्षिक, बाल, पेन्सन, समूह तथा लघु बचत जस्ता १५ प्रकारका बचत खाता सञ्चालनमा रहेको देखियो । बचतमा ७ देखि १३ प्रतिशत सम्म ब्याज दिईएको पाईयो । त्यसै गरी खरखाँचो, कृषि, व्यापार, पशुपालन, घर निर्माण, जग्गा खरीद, बैदेशिक रोजगार, सुविधाका सामान खरिद, लघुवित्त, दैनिकी व्यवसाय, उद्योग संचालन, यातायातका साधन, भइपरी जस्ता १३ प्रकारका ऋणहरु लगानी गरेको र त्यसमा भैपरि ऋण ब्याजदर ० प्रतिशत एवं अन्य ऋणमा १३ देखि १५ प्रतिशत सम्म ब्याज लिने गरेको तथ्य संस्थाबाट प्राप्त भयो । जसले गर्दा समुदायमा रहेका सदस्यहरुलाई आर्थिक रुपले विविध क्षेत्रमा प्रभाव पारेको देखियो । यस संस्थाले सदस्यहरुको सामाजिक विकासको क्षेत्रमा पनि प्रभाव पारेको देखिन्छ । किनकी यस संस्थाले सदस्यहरुमा नियमित सहकारी शिक्षा शिविर प्रत्येक महिनाको तेस्रो शुक्रबार संचालन गर्ने व्यवस्था गरेको, समय सापेक्ष नेतृत्व विकास तालिम संचालन महिलाहरुको चेतना स्तर विकास तालिम, २ सन्तान जन्म दिदाँ सम्म रु ५०० सुत्केरी खर्च प्रदान, सदस्यको मृत्यु हुँदा र २५००० भन्दा माथि उपचार खर्च लाग्दा रु १००० राहत प्रदान, सदस्यको सुख दुःख र सामाजिक कार्यमा संस्थाको तर्फबाट भेटघाट, वातावरणीय सरसफाई कार्यक्रम संचालन, वृक्षारोपण कार्यक्रम, वृद्ध आश्रम संचालन, रक्तदान कार्यक्रम, तीज कार्यक्रम, छात्रवृत्ती प्रदान, जेष्ठ सदस्य सम्मान, उकृष्ट ऋणी, बचतकर्ता, शेयर कर्तालाई पुरस्कार, एस.एल.सी सम्मान, कानुनी परामर्श जस्ता कार्यक्रम संचालन गरेर आफ्नो समुदायमा यस संस्थाले प्रभाव पारेको देखिन्छ । सदस्यहरुमा संस्थाले रासायनिक मलको सहज उपलब्धता गराउने गरेको छ भने संस्थाको कार्यलयमा ७ जना कर्मचारीहरुले रोजगारी पाएको देखिन्छ । संस्थामा दशैं ३ दिन र तिहार २ दिन बाहेक अरु सबै दिनमा ९ बजे देखि ६ बजे सम्म सदस्यलाई सेवा दिने गरेको जानकारी प्राप्त भयो । यस संस्थामा २०७१ आषाढ मसन्त सम्म १३९४ शेयर सदस्य रहेको जसमा महिला ६७३ जना पुरुष ७१३ जना र संस्थागत ८ रहेका छन ।

यस संस्थाले पल्स अनुगमण प्रमाणीको नियमलाई पनि अवलम्वन गर्ने प्रयत्न गरेको देखिन्छ । संस्था संचालनका क्रममा ११ सदस्यीय कार्यसमिति, ३ सदस्ययी लेखा समिति, ऋण, शिक्षा तथा स्वास्थ्य ३/३ सदस्य उप-समिति २०७१ भाद्र २१ गते निर्वाचित भएका र अन्य उप-समितिहरु विधानगत रुपमा काम गर्न १० उप-समितिहरु रहेका छन् ।

अत : यस नवदुर्गा साकोस पनौती न.पा भित्र बसोवास गर्ने र तोकिएका आसपासका गा.वि.स मा वसोवास गर्ने कार्यक्षेत्र भित्रका स्रोत प्रवन्ध तयार गर्दा सम्म २००८ सदस्यको साझा संस्थाको रुपमा रहेकोछ । सदस्यको सामाजिक, आर्थिक स्तर उकास्न मद्दत गरिरहेको यस साकोस भविष्यमा पनि उत्कृष्ट बचत तथा ऋण सहकारीका रुपमा सफल हुने देखिन्छ । आउँने पाँचौ परिच्छेदमा अध्ययनका क्रममा यस संस्थाका नमूना छनौटमा परेका सदस्यहरुको सामाजिक र आर्थिक अवस्थाहरुको वारेमा व्याख्या र विश्लेषण गरिएकोछ ।

परिच्छेद : पाँच

# श्री नवदुर्गा साकोसको सामाजिक आर्थिक प्रभाव

## ५.१ उत्तरदाताको सामाजिक अवस्था

सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा नमूना छनौटमा परेका संस्थाका सदस्य उत्तरदाताहरुको सामाजिक अवस्थाको बारेमा श्री नवदुर्गा साकोसका शेयर सदस्यहरू मध्ये बचतकर्ता तथा ऋण लिएर आर्थिक कारोबार गर्ने सदस्यहरूको सामाजिक प्रभाव हेरिएको छ । सामाजिक प्रभाव हेर्नको लागि उत्तरदाताको जातिगत अवस्था, धार्मिक अवस्था, उमेर र लिङ्गको अवस्था, सम्पत्तिमा स्वामित्वको अवस्था, शैक्षिक अवस्था र सरसफाइको अवस्था जस्ता कुराहरूको विश्लेषण गरिएको छ । जसलाई व्याख्या एवं विश्लेषण गर्नको लागि तालिका, वृत्त चित्र, स्तम्भ चित्रको प्रयोग यस प्रकार गरिएको छ ।

### ५.१.१ उत्तरदाताको जातिगत अवस्था

नेपाल बहुजाति भएको राज्य हो । यस देशमा विभिन्न जातजाति नै समाजको अभिन्न अङ्गका रुपमा रहेको पाईन्छ । विभिन्न जातजाति मिलेर एउटा पूर्ण समाजको निर्माण भएको हुन्छ । यस अध्ययनमा नमूना छनौट गरी घरधुरी सवेक्षणबाट समेटिएका उत्तरदाताहरूको जातिगत अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## तालिका नं. ६


## उत्तरदाताको लैङ्गिक जातिगत अवस्था

| क.सं. | जातिहरू | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | ब्राह्मण | 12 | ४२.८६ | 5 | २२.७२ | १७ | ३४ |
| २. | क्षेत्री | 5 | १७.८६ | 9 | ४०.९१ | १४ | २८ |
| ३. | नेवार | 2 | ७.१४ | 2 | ९.०९ | ४ | ८ |
| ४. | तामाङ | 3 | १०.७१ | 2 | ९.०९ | ५ | १० |
| ५. | राई | 1 | ३.५७ | 1 | ४.५५ | २ | ४ |
| ६. | थामी | 1 | ३.५७ | 0 | ० | १ | २ |
| ७. | दलित | 4 | १४.२९ | 2 | ९.०९ | ६ | १२ |
| ८. | घर्ति/भुजेल | 0 | ० | 1 | ४.५५ | १ | २ |
| जम्मा | | २८ | १०० | २२ | १०० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

## चित्र नं. २

## उत्तरदाताको लैङ्गिक जातिगत अवस्था




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं ७ र स्तम्भ चित्र नं ३ लाई हेर्दा श्री नवदुर्गा साकोसमा यस अध्ययन अनुशन्धानका लागि नमूना छनौटमा परेका उत्तरदाताहरुको लैगिंक जातिगत अवस्था अनुसार संस्थाका शेयर सदस्य सङ्ख्या सबैभन्दा बढी ब्राहमणको महिला पुरुष गरी जम्मा ३४ प्रतिशत देखिन्छ भने सबैभन्दा कम थामी र घर्ती २/२ प्रतिशत मात्र देखिन्छ। महिला पुरुष गरी क्षत्रीको २८ प्रतिशत , नेवारको ८ प्रतिशत, तामाङको १० प्रतिशत, राईको ४ प्रतिशत, दलितको १२ प्रतिशत शेयर सदस्यता रहेको देखिन्छ । यस संस्थाको शेयर सदस्यमा महिलाभन्दा पुरुष बढी र अरुभन्दा ब्राहमण-क्षेत्री नै बढी देखिन्छ तर पनि तेस्रो स्थानमा दलित सदस्यहरुको संख्या देखिएका छभने यस संस्था सबै जातजातिलाई समेट्न सफल रहेको देखिन्छ । अर्थात् समाजमा रहेका प्राय जसो जातिको पहुँचमा शेयर सदस्यता वितरण गर्न संस्था सफल देखिन्छ । यसैलाई लैगिंक आधारमा हेर्दा पुरुष ब्राहमण सबैभन्दा बढी ४२.८६ प्रतिशत र घर्ती सबैभन्दा कम ० प्रतिशत देखिन्छ भने महिला क्षेत्री सबैभन्दा बढी ४०.९१ प्रतिशत र थामी सबैभन्दा कम ० प्रतिशत रहेको देखिन्छ ।

### ५.१.२ उत्तरदाताको धार्मिक अवस्था

समाजमा विभिन्न धर्म तथा संस्कृति अँगालेका मानिसहरु बसोवास गर्दछन । यस अध्ययनमा नमूना छनौट गरी घरधुरी सर्वेक्षणबाट समेटिएका उत्तरदाताहरूको धार्मिक अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**


**उत्तरदाताको धार्मिक विवरण**

| **क.सं.** | **धर्महरू** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | हिन्दु | ४० | ८० |
| २. | बौद्ध | ५ | १० |
| ३. | क्रिश्चियन | ५ | १० |
| जम्मा | | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२

**चित्र नं. ३**

**उत्तरदाताको धार्मिक अवस्था** (तालिका नं ७ सँग सम्वन्धित)




माथिको तालिका नं ७ र चित्र नं ३ अनुसार हिन्दु धर्म मान्ने बचत कर्ता तथा ऋणी शेयर सदस्य सबैभन्दा बढी ८०% रहेको छन् भने बौद्ध धर्म र क्रिश्चियन धर्म मान्ने बराबरमा १०%/ १०% रहका छन् । अन्य धर्म मान्ने शेयर सदस्यहरू एक जना पनि पाइएन । यस संस्थामा हिन्दु धर्म मान्ने शेयर सदस्यको अत्यधिक बाहुल्यता रहे तापनि अरु धर्म मान्ने शेयर सदस्यलाई भेदभावरहित ढङ्गले सँगसँगै हातेमालो गरी अगाडि बढाउन सफल देखिन्छ । यस कुराले समाजमा धार्मिक सहिष्णुताको वातावरण सिर्जना गर्न मद्दत पुऱ्याएको छ ।

### ५.१.३ उत्तरदाताको उमेर र लिङ्गको अवस्था

समाजमा विभिन्न उमेर समूहका मानिसहरू बसोबास हुन्छन् । लैङ्गिक संरचनाविना समाजको अस्तित्व रहँदैन । यस अध्ययनमा समेटिएका उत्तरदाताहरू विभिन्न उमेर समूहका रहेका छन् जसलाई तलको तालिकामा अध्ययनको नमूना छनौट गरी घरधुरी सर्वेक्षणबाट समेटिएका उत्तरदाताहरूका लिङ्ग र उमेरको आधारमा छुट्याइएको छ ।

## तालिका नं. ८


## उमेर र लिङ्गको आधारमा उत्तरदाताको विवरण

| क्र.सं. | उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | ०-२० | ० | ० | ० | ० | ० | ० |
| २. | २१-३० | १ | ३.५७ | २ | ९.०९ | ३ | ६ |
| ३. | ३१-४० | १५ | ५३.५७ | ७ | ३१.८३ | २२ | ४४ |
| ४. | ४१-५० | ५ | १७.८६ | ६ | २७.२७ | ११ | २२ |
| ५. | ५१-६० | ५ | १७.८६ | ५ | २२.७२ | १० | २० |
| ६. | ६० माथि | २ | ७.१४ | २ | ९.०९ | ४ | ८ |
| जम्मा | | २८ | १०० | २२ | १०० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७२ ।

## चित्र नं. ४

## उमेर र लिङ्गको आधारमा उत्तरदाताको विवरण




स्रोत : घरधुरी सर्वेक्षण २०७२ ।

माथिको तालिका नं ८ र स्तम्भ चित्र नं ४ मा छ वटा उमेर समूह बनाई उत्तरदाताहरूको उमेरलाई प्रष्ट पारिएको छ । जसमा ० देखि २० सम्म उमेरका कुनैपनि महिला पूरुष अध्ययनको क्रममा नमूना छनौटमा परेको देखिएन, सबैभन्दा बढी ३१ देखि ४० वर्ष उमेरका उत्तरदाताहरु पाइयो । लिङ्गको आधारमा महिला भन्दा पूरुष उत्तरदाताहरु बढी रहेका छन् । ५१ देखि ६० वर्ष र ६० वर्ष माथिका महिला पूरुष उत्तरदाताहरु वरावरी संख्यामा रहेकाछन् । ४१ देखि ५० वर्ष उमेर समूहलाई हेर्दा पूरुषभन्दा महिला उत्तरदाताहरु बढी रहेको देखिन्छ । त्यसरीनै ३१ देखि ४० वर्ष उमेर समूहलाई लिङ्गको आधारमा हेर्ने हो भने महिला भन्दा पूरुषहरुको संख्या दोब्बर भन्दा बढी रहेको पाइन्छ ।

### ५.१.४ उत्तरदाताको सम्पत्तिमा स्वामित्व

नेपाल पुरुष प्रधान देश हो । यहाँका पुरुषहरू महिलाभन्दा आर्थिक तथा शैक्षिक स्तरमा माथि छन् । यस अध्ययनमा समेटिएका उत्तरदाताहरूको सहकारीमा आवद्ध हुनु भन्दा पहिले र अहिलेको सम्पत्तिमा महिला र पुरुषको स्वामित्वलाई निम्नानुसार तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. ९**


**उत्तरदाताको सम्पत्ति स्वामित्व वितरण**


| क्र.सं. | सम्पत्तिको स्वामित्व | पहिले देखि स्वामित्व रहेको | प्रतिशत | अहिले देखि मात्र स्वामित्वमा रहेको | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | पुरुष | १० | २० | १७ | ३४ |
| २. | महिला | २ | ४ | ११ | २२ |
| ३. | संयुक्त | ० | ० | २ | ४ |
| ४ | स्वामित्वमा नरहेको | ३८ | ७६ | २० | ४० |
| जम्मा | | ५० | १०० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

**चित्र नं. ५**

**उत्तरदाताको सम्पत्ति स्वामित्व वितरण पहिले/अहिलेको अवस्था**




माथिको तालिका नं ९ र वृत्त चित्र नं ५ मा संस्थामा आवद्ध नमूना छनौटमा परेका २८ पूरुष र २२ महिला गरी जम्मा ५० जान मध्ये सम्पत्तिको स्वामित्व रहेको अवस्थालाई हेर्दा पहिले सम्पत्तिको स्वामित्व नरहेको ७६%, पुरुषमा स्वामित्व रहेको २०% र महिलामा ४%, सयुक्त रुपमा सम्पत्तिको स्वामित्व रहेको देखिदैन । उक्त तालिकालाई नै अहिले वृत्त चित्रका आधारमा हेर्दा सम्पत्तिमा स्वामित्व नरहेको ४०%, पुरुषमा स्वामित्व रहेको ३४%,

महिलामा २२% र सयुक्त ४% रहेको देखिन्छ । यसलाई तुलनात्मक रुपमा हेर्दा सम्पत्तिमा स्वामित्व नरहेको अवस्था क्रमश घट्दै रहेको र पूरुष , महिला र सयुक्त रुपमा सम्पत्तिको स्वामित्व क्रमश बढ्दै गएको देखिन्छ । अझै विषेश गरी पूरुषको तुलनामा महिलाको सम्पत्तिमा स्वामित्व तुलनात्मक रुपमा अरुभन्दा बढ्दै गएको देखिन्छ ।

### ५.१.५ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षानै समाजको विकास गर्ने एक सशक्त माध्यम हो । शिक्षित वर्गलाई नै सहकारी संस्थामा सजिलै आवद्ध गराउन सकिन्छ । यस अध्ययनमा समेटिएका नमूना छनौटमा परेका शैक्षिक अवश्थालाई नै तलको तालिकामा देख्न सकिन्छ ।

**तालिका नं. १०**


**उत्तरदाताको शैक्षिक विवरण**

| क्र.सं. | शैक्षिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | निरक्षर | २ | ७.१५ | ६ | २७.२८ | ८ | १६ |
| २. | साक्षर (सामान्य लेखपठ) | १५ | ५३.५७ | १० | ४५.४६ | २५ | ५० |
| ३. | आठ उत्तीर्ण | ३ | १०.७१ | २ | ९.०९ | ५ | १० |
| ४. | एस.एल.सी उत्तीर्ण | ५ | १७.८५ | ३ | १३.६४ | ८ | १६ |
| ५. | प्रमाणपत्र तह उत्तीर्ण | – | – | – | – | – | – |
| ६. | स्नातक तह उत्तीर्ण | २ | ७.१५ | १ | ४.५१ | ३ | ६ |
| ७. | स्नातकोत्तर तह उत्तीर्ण | १ | ३.५७ | – | – | १ | २ |
| जम्मा | | २८ | १०० | २२ | १०० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

चित्र नं. ६

**उत्तरदाताको शैक्षिक विवरण**




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं १० र स्तम्भ चित्र न ं६ मा ७ तहका शैक्षिक अवस्थाको विवरण बनाई उत्तरदाताहरूको शैक्षिक अवस्थालाई  प्रष्ट पारिएको छ । जसमा निरक्षर तहमा पुरुषको संख्या भन्दा महिलाको संख्या बढी देखिन्छ, साक्षर तथा सामान्य लेखपढ तहमा महिला भन्दा पूरुष नै अगाडिरहेको देखिन्छ, आठ कक्षा उत्तीर्ण, एस.एल.सी उतिर्ण, स्नातक र स्नातकोत्तर तह सम्म पनि महिलाको तुलनामा पुरुषनै शिक्षाको स्तरमा अगाडिरहेको देखिन्छ । उत्तरदाताहरु मध्येबाट तुलनात्मक रुपमा हेर्दा महिलाहरुको शैक्षिक अवस्था न्यून रहेको देखिन्छ । सम्पूर्ण उत्तरदाताहरु मध्ये सामान्य लेखपढ गर्ने महिला र पूरुषको संख्या बढी देखिन्छ ।

## ५.१.६ उत्तरदाताको स्वास्थ्य सरसफाइको अवस्था

स्वास्थ्य नै मानिसको सबैभन्दा ठूलो धन हो । समाजमा जो व्यक्ति स्वस्थ रहन्छ उसैले आर्थिक उपार्जनको लागि विभिन्न खालको व्यवसाय सञ्चालन गरिरहेको हुन्छ । उत्तरदाताको घरघरमा पुग्दा आर्थिक स्तर राम्रो हुनेको व्यवस्थित शौचालय देखिन्छ भने जसको आर्थिक अवस्था कमजोर छ उनीहरूको घरमा त्यति व्यवस्थित शौचालय पाइँदैन ।

त्यसैगरी आर्थिक रूपले सम्पन्न परिवारमा खानपानदेखि बसाइ स्तरमा समेत सुधार देखिन्छ भने न्यून आर्थिक स्तर भएका उत्तरदाताको तुलनात्मक रूपमा कमसल देखिन्छ ।

उत्तरदाताको स्वास्थ्य उपचार गर्ने अवस्थालाई हेर्दा धामी झाँक्रीलाई विश्वास गर्ने परम्परा घट्दै गइरहेको पाइन्छ । यस सहकारी रहेको क्षेत्र पनौती न.पा १० मा प्राथमिक स्वास्थ्य केन्द्र तथा काभ्रे जिल्लामा शिरमेमोरीयल अस्पताल बनेपा र धुलिखेल अस्पताल भएकोले रोग लाग्ना साथ उपचार गर्ने गरेको पाइन्छ । श्री नवदुर्गा साकोसले पनि बेलाबेलामा विभिन्न स्वास्थ्य संस्था सँग उपचार तथा औषधीको छुट व्यवस्था मिलाई आफ्ना सदस्यहरुमा स्वास्थ्य परीक्षणको सेवा पुऱ्याएको पाईन्छ । संस्थाका व्यवस्थापकको भनाई अनुसार भैरव अस्पताल पनौतीमा सदस्यहरुले स्वास्थ्य परीक्षण गराउदा स्वास्थ्य परीक्षण शुल्कमा २० प्रतिशत र औषधी खरिदमा १० प्रतिशत छुटको सम्झौता रहेको थाहा हुन आएको छ । यस्तो कार्यक्रमको सहभागिता हेर्दा पनि आर्थिक तथा चेतना स्तर नराम्रो हुनेको भन्दा राम्रो हुनेको पहुँच भने बढी देखिन्छ ।

### ५.१.७ उत्तरदाताले सहकारी बाट लिएको राहत

श्री नवदुर्गा साकोसले आपत परेको बेलामा सदस्यहरुलाई राहत पुऱ्याउनको लागि आफ्नो संस्थाको बार्षिक आम्दानी बाट खर्च गर्ने गरेको पाईन्छ । यस सहकारीले सुत्केरी खर्च ५००, किरिया खर्च १०००, स्वास्थ्य उपचार खर्च १०००, शैक्षिक सम्मान ५००/१००१ सम्म जस्ता विभिन्न शीर्षकहरुमा आफ्ना सदस्यहरुको हितका लागि खर्च गर्ने गरेको पाइन्छ । उत्तरदाताले पाएको विभिन्न खालका राहतहरू र सङ्ख्यालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ११


**उत्तरदाताले सहकारीबाट प्राप्त गरेको राहत**

| क.सं. | राहत किसिम | प्राप्त गर्ने सङ्ख्या सदस्य नहुँदा | प्राप्त गर्ने सङ्ख्या सदस्य भए पश्चात | प्रतिशत |
|---|---|---|---|---|
| १. | सुत्केरी | ० | ५ | १० |
| २. | किरिया | ० | १ | २ |
| ३. | पारिवारिक राहत | ० | १३ | २६ |
| ३. | स्वास्थ्य उपचार | ० | ० | ० |
| ४. | शैक्षिक सम्मान | ० | ० | ० |
| ५. | केही पनि नपाउने | ५० | ३१ | ६२ |
| जम्मा | | ५० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

**चित्र नं. ७**

**उत्तरदाताले सहकारीबाट प्राप्त गरेको राहत**




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं ११ र स्तम्भ चित्र नं ७ मा उत्तरदाताहरु मध्ये सहकारीबाट राहत प्राप्त गर्ने विभिन्न किसिमका अवस्थाको बारेमा सहकारीबाट कस्ता कस्ता किसिमका राहतहरु प्राप्त गरेका छन भनि अध्ययनको क्रममा प्रश्नावली बनाई हेर्दा अध्ययनको छनौटमा परेका ५० जना उत्तरदाता मध्ये सुत्केरी खर्च राहत सुविधा पाउनेको संख्या १०%, किरिया खर्च राहत प्राप्त गर्नेको संख्या २%, पारिवारीक राहत सुविधा प्राप्त २६% ले प्राप्त गरेको देखिन्छ भने उत्तरदाताहरु मध्ये स्वास्थ्य उपचार शैक्षिक सम्मान केही पनि नपाउने ६२% रहेको देखिन्छ ।

## ५.१.८. उत्तरदाताको भाषागत अवस्था

भाषा मानिसको आफ्ना मनका कुरा अभिव्यक्त गर्ने माध्याम हो जसले सञ्चारको काम गर्ने गर्दछ । नेपाल राज्य पनि बहुभाषा भएको देश हो । यहाँको सरकारी कार्यलयमा प्रयोग गरिने भाषा नेपाली हो । विभिन्न जातजातिका आ-आफ्नै मातृभाषाहरु रहेको पाईन्छ । यहाँपनि नमूना छनौटमा परेका उत्तरदाताहरुको भाषागत अवस्थालाई तलको तालिकामा यसरी देखाईएको छ ।

**उत्तरदाताहरुले प्रयोग गर्ने मातृ भाषा**


तालिका नं. १२

| क्र.स | भाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३९ | ७८ |
| २ | नेवारी | ४ | ८ |
| ३ | तामाङ | ५ | १० |
| ४ | राई | २ | ४ |
| जम्मा | | ५० | १०० |

स्रोतः घरधुरी सर्वेक्षण-२०७२

**चित्र नं. ८**

**उत्तरदाताहरुले प्रयोग गर्ने मातृभाषा**




स्रोतः घरधुरी सर्वेक्षण-२०७२

माथिको तालिका नं १२ र स्तम्भ चित्र नं ८ मा उत्तरदाताहरुको भाषागत अवस्थालाई हेर्दा नेपाली भाषा बोल्ने नेपाली मातृभाषा रहेका उत्तरदाताहरुको संख्या सबैभन्दा बढी रहेको र उत्तरदाताहरु मध्ये तामाङ मातृभाषा भएका दोस्रो भाषाका रुपमा नेपाली भाषा बोल्ने तामाङ समुदायका उत्तरदाताहरुको संख्या दोस्रो स्थानमा रहेको देखिन्छ । त्यसरीनै नेवारी मातृभाषा भएका नेपाली भाषालाई दोस्रो भाषाका रुपमा प्रयोग गर्ने नेवारी समुदायका उत्तरदाता तेस्रो स्थानमा रहेका र राई मातृभाषा भई नेपाली भाषालाई दोस्रो भाषाका रुपमा प्रयोग गर्ने राई समुदायका उत्तरदाताहरु सबैभन्दा कम रहेको देखिन्छ । समग्रमा हेर्दा राई भाषा प्रयोग गर्ने सबैभन्दा कम र नेपाली भाषा मातृभाषाका रुपमा प्रयोग गर्नेको संख्या अध्ययनका क्रममा छनौटमा परेका उत्तरदाताहरुमध्ये सबैभन्दा बढी रहेको देखिन्छ ।

## ५.१.९. उत्तरदाताको वैवाहिक अवस्था

जन्म, मृत्यु र बसाईसराईले जनसंख्याको दरमा परिवर्तन ल्याउँछ । त्यस्तै विवाहले पनि कुनै ठाउँको जनसंख्या घट्ने र कुनै ठाउँको जनसंख्या बढ्ने गरी समाजमा प्रभाव पारिरहेको हुन्छ । विभिन्न जातजातिका आ-आफ्नै वैवाहिक संस्कारहरु रहेको पाईन्छ ।

यहाँपनि नमूना  छनौटमा परेका उत्तरदाताहरुको वैवाहिक अवस्थालाई तलको तालिकामा यसरी देखाईएको छ ।

**तालिका नं. १३**


## उत्तरदाताको वैवाहिक अवस्था

| क.स | वैवाहिक अवस्था | महिला | पूरुष | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | विवाहित | २२ | २८ | ५० |
| २ | अविवाहित | ० | ० | ० |
| जम्मा | | २२ | २८ | ५० |

स्रोतः घरधुरी सर्वेक्षण-२०७२

**चित्र नं. ९**

## उत्तरदाताको वैवाहिक अवस्था




स्रोतः घरधुरी सर्वेक्षण-२०७२

माथिको तालिका नं १३ र स्तम्भ चित्र नं ९ मा उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा अध्ययनको क्रममा छनौटमा परेका पुरुष २८ र महिला २२ मध्ये सबैजना विवाहित पाइयो ।  उत्तरदाताहरुमा अविवाहित उत्तरदाता रहेको देखिँदैन ।

## ५.२ उत्तरदाताको आर्थिक अवस्था

यस अध्ययनमा श्री नवदुर्गा साकोसका शेयर सदस्यहरू मध्ये ऋण लिएर व्यवसाय सञ्चालन गर्ने सदस्यहरूको आर्थिक प्रभाव हेरिएको छ । आर्थिक प्रभाव हेर्नको लागि उत्तरदाताको पेसागत अवस्था, शेयरपूँजी, ऋण लिनुको उद्देश्य, ऋण रकम, ऋण तिर्ने शैली, विगत र वर्तमानको आम्दानी, बचत रकम, रोजगारी जस्ता कुराहरूको विश्लेषण गरिएको छ । जसलाई व्याख्या र विश्लेषण गर्नको लागि तालिका, वृत्त चित्र, स्तम्भ चित्रको प्रयोग गरिएको छ । साथै यसैसँग सम्बन्धित घटना अध्ययन गरिएको छ ।

### ५.२.१ उत्तरदाताको पेसागत अवस्था

आफू जिउनको लागि हरेक मानिसको आ-आफ्नो पेसा हुन्छ । पेसाले नै व्यक्तिको आर्थिक सम्बृद्धि प्रदान गर्दछ । पेसा विहिन व्यक्तिको समय त्यत्तिकै बितिरहन्छ र खाली समयले मानिसको क्रियाकलापमा विकृति निम्त्याउँछ । अध्ययनमा महिला र पुरुष गरी दुई प्रकारका उत्तरदाताको पेसागत अवस्थालाई हेरिएको छ । जुन निम्न तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. १४**


**उत्तरदाताको पेसागत विवरण**

| क्र.सं. | पेसाहरू | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | ११ | ३९.२९ | १५ | ६८.१९ | २६ | ५२ |
| २. | व्यापार-व्यवसाय | ११ | ३९.२९ | २ | ९.०९ | १३ | २६ |
| ३. | साना उद्योग | १ | ३.५७ | २ | ९.०९ | ३ | ६ |
| ४. | जागिर | ४ | १४.२८ | १ | ४.५४ | ५ | १० |
| ५. | घरायसी काम | – | – | २ | ९.०९ | २ | ४ |
| ६. | डकर्मी | १ | ३.५७ | – | – | १ | २ |
| जम्मा | | २८ | १०० | २२ | १०० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

## चित्र नं. १०

## उत्तरदाताको पेसागत विवरण




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं १४ र स्तम्भ चित्र नं १० मा उत्तरदाताहरुको पेशागत अवस्थालाई हेर्दा सबैभन्दा बढी कृषि तथा पशुपालनमा उत्तरदाताहरु मध्ये ५२ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम डकर्मी पेशामा २ प्रतिशत रहेको छन । उत्तरदाहरु मध्ये पुरुष र महिलाको पेशागत तुलनात्मक अवस्थालाई हेर्दा कृषि तथा पशुपालनमा पुरुष भन्दा महिलाको बढी सहभागीता देखिन्छ। भने डकर्मी काममा महिलाहरुको सहभागीता नरहेको देखिन्छ भने घरायसी काममा पुरुषहरुको सहभागीता रहेको पाइदैन त्यस्तै व्यापार र जागीरमा पुरुषहरुको संख्या बढी र महिलाहरुको संख्या कम देखिन्छ।

### ५.२.२ उत्तरदाताको शेयर पुँजीमा स्वामित्व

सहकारीमा सदस्य बन्दा नाफा भए लाभांश पाउने गरी र घाटा भए व्यहोर्ने गरी शेयर खरिद गरिएको हुन्छ । यस्तो शेयर पूँजी नै संस्थाको महत्वपूर्ण पूँजी हो । यस संस्थाको शेयर पुँजी करीब ४० लाख रहेको छ। शेयर सदस्यलाई निश्चित क्षेत्र निर्धारण गरेर शेयर रकम किन्ने नीति यस संस्थाले राखेको छ। त्यही नीतिमा रहेर उत्तरदाताले किनेको शेयर रकमको विवरणलाई निम्नानुसार तालिकामा हेर्न सकिन्छ।

### तालिका नं. १५


### उत्तरदाताको शेयर विवरण

| क्र.सं. | शेयर रकम | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | १००-२०,००० | २३ | ८२.१४ | १७ | ७७.२८ | ४० | ८० |
| २. | २०,१००-४०,००० | ३ | १०.७१ | ३ | १३.६३ | ६ | १२ |
| ३. | ४०,१००-६०,००० | – | – | २ | ९.०९ | २ | ४ |
| ४. | ६०,१००-८०,००० | – | – | – | – | – | – |
| ५. | ८०,००० माथि | २ | ७.१५ | – | – | २ | ४ |
| जम्मा | | २८ | १०० | २२ | १०० | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

### चित्र नं. ११

### उत्तरदाताको शेयर विवरण




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं १५ र स्तम्भ चित्र नं ११ मा उत्तरदाताहरुको शेयर पूँजीको स्वामित्वलाई हेर्दा रु १०० देखि रु २०००० सम्म शेयर खरिद गर्नेको संख्या सबैभन्दा बढी रहेको देखिन्छ । भने रु४०१०० देखि  माथि शेयर खरिद गर्नेको संख्या ४ जना रहेको देखिन्छ । जसमध्ये पुरुष र महिलाको शेयर पूँजीमा रहेको स्वामित्वको तुलनात्मक अवस्थालाई हेर्दा रु२०००० सम्म शेयर खरिद गर्नेमा पुरुषहरुको संख्या बढी रहेको पाइन्छ भने ४०१०० देखि ६०००० सम्म शेयर खरिद गर्नेमा महिलाहरुको संख्या बढी रहेको देखिन्छ ।  यसरी नै ८०१०० देखि माथि शेयर खरिद गर्नेमा पुरुषहरुको संख्या मात्र देखिन्छ ।  थोरै रकमका शेयर महिलाको पहुँचमा भए पनि ठूलो रकमको शेयर खरिद गर्न उनीहरू असमर्थ छन् । तसर्थ महिलाभन्दा शेयर स्वामित्वमा पुरुषको पहुँच राम्रो देखिन्छ ।

### ५.२.३ उत्तरदाताको ऋण लिनुको उद्देश्य

श्री नवदुर्गा साकोसले विभिन्न खालका बचतहरू सङ्कलन गर्ने गरेको छ । ती बचतले एउटा महत्वपूर्ण पूँजी निर्माण गरेको छ । त्यही पूँजीबाट आवश्यकता र नियम अनुसार सदस्यले ऋण लिने गर्दछन् । उत्तरदाताले ऋण लिनुको उद्देश्यलाई निम्न तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. १६**


**उत्तरदाताको ऋण लिनुको उद्देश्य**

| क्र.सं. | ऋणको प्रयोजन | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि/पशुपालन | ११ | २२ |
| २. | व्यापार-व्यवसाय | २२ | ४४ |
| ३. | शिक्षा | २ | ४ |
| ४. | घर खर्च | ३ | ६ |
| ५. | घर जग्गा खरिद/सम्पत्ति जोड्न | ६ | १२ |
| ६. | विवाह तथा सांस्कृतिक कार्य | २ | ४ |
| ७. | बैदेशिक रोजगार | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

चित्र नं. १२

**उत्तरदाताको ऋण लिनुको उद्देश्य**




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं १६ र स्तम्भ चित्र नं १२ लाई हेर्दा उत्तरदाताहरु मध्ये आफ्नो व्यववसायीक काममा ऋण लिनुको उद्धेश्य व्यापार व्यवसाय गर्न ऋण लिने उद्धेश्य राखेका उत्तरदाताहरु सबैभन्दा बढी २२ जना रहेको देखिन्छ भने सबैभन्दा कम ऋणको उद्धेश्य शैक्षिक ऋण र विवाह तथा सामाजिक कार्यमा ऋण लिनेको संख्या २/२ जना रहेकोले यस शिर्षकमा ऋण लिनेको संख्या कम देखिन्छ । कृषि तथा पशुपालन ऋण लिनेको संख्या व्यापार व्यवसायको तुलनामा उत्तरदाता मध्ये ११ जना मात्र रहेकोले कृषि तथा पशुपालन शीर्षक राखी ऋण लिनेको संख्या मध्यम खालको देखिन्छ । रोजगारी दिन र आर्थिक स्तर वृद्धिमा यो सहकारी सफल नै देखिन्छ ।

### ५.२.४ उत्तरदाताले लिएको ऋणको अवस्था

वित्तिय सहकारीको काम नै व्यक्तिमा छरिएर रहेको पैसा संकलन गरी परिचालन गर्नु हो । यस्ता सहकारीले छरिएर रहेको स-साना पुँजी जम्मा गरेर धेरै पारी ऋण लगानी गर्नेगरेको देखिन्छ । आएको ब्याज सदस्यको बचतमा दिएर बाँकीले आफ्नो संस्था

सञ्चालन गर्दछन् । यस संस्थाबाट ऋण लिने उत्तरदाताको ऋण रकम निम्न तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. १७**


**उत्तरदाताले लिएको ऋण रकम**

| ऋण रकम रु. लाखमा | जम्मा | ०–१ | १–२ | २–३ | ३–४ | ४–५ | ५–६ | ६–७ | ७–८ | ८–९ | ९–१० | १० माथि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २८ | ११ | ७ | १ | १ | ३ | ० | १ | १ | १ | ० | २ |
| महिला | २२ | १४ | ५ | ० | ० | १ | १ | ० | ० | ० | ० | १ |
| **जम्मा** | **५०** | **२५** | **१२** | **१** | **१** | **४** | **१** | **१** | **१** | **१** | **०** | **३** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

**चित्र नं. १३**

**उत्तरदाताले लिएको ऋण रकम**




स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं १७ र स्तम्भ चित्र नं १३ लाई हेर्दा उत्तरदाताहरु मध्येबाट रु १ लाख सम्म ऋण लिने संख्या पुरुषमा भन्दा महिलामा बढी संख्या रहेको छ । अध्ययनका लागि छनौटमा परेका ५० जना ऋणी सदस्य मध्ये २८ जना पुरुषले क्रमश ऋण लिने बढ्दै गएको भने ठुला ऋणीहरुमा पूरुषको बाहुल्यता रहेको पाइन्छ । ऋणी महिलाहरुको

अवस्थालाई हेर्ने हो भने पूरुषको तुलनामा थोर थोरै रकम मा बढी संख्या ऋणीको संख्या र धेरै ऋण लिनेमा महिलाको संख्या कम हुँदै गएको देखिन्छ ।

### ५.२.५ उत्तरदाताको ऋण तिर्ने शैली

ऋणी शेयर सदस्यले लिएको ऋण नियमित रूपमा तिर्ने गरेमा व्यक्ति तथा संस्थाको आर्थिक कारोबार राम्रो हुन्छ । लिएको ऋणको सही ठाउँमा प्रयोग भए त्यसले मुनाफा कमाइ ऋण तिर्न सहज वातावरण सिर्जना हुन्छ । जसले संस्था र व्यक्ति दुवैलाई फाइदा पुऱ्याउँछ । यस अध्ययनमा समेटिएका उत्तरदाताको ऋण तिर्ने शैलीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८**


**उत्तरदाताको ऋण तिर्ने शैली**

| क.सं. | ऋण तिर्ने शैली | पुरुष | महिला | सदस्य सङ्ख्या | प्रतिशत | केन्द्रीय कोण |
|---|---|---|---|---|---|---|
| १. | किस्ताबन्दी | ९ | १२ | २१ | ४२ | १५१° |
| २. | एकमुष्ठ | १० | ७ | १७ | ३४ | १२२° |
| ३. | अनियमित | ९ | ३ | १२ | २४ | ८७° |
| जम्मा | | २८ | २२ | ५० | १०० | ३६०° |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।*

**चित्र नं. १४**

**उत्तरदाताको ऋण तिर्ने शैली**




*स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।*

माथिको तालिका नं १८ र स्तम्भ चित्र नं १४ लाई हेर्दा उत्तरदाताहरु मध्ये ऋण तिर्ने शैलीलाई हेर्दा किस्तावन्दी तिर्ने २१ मध्ये महिला १२ जना र पुरुष ९ जना रहेको पाइयो । एकमुष्ट ऋण तिर्ने शैलिमा जम्मा १७ मध्ये ७ जना महिला र १० जना पुरुष पाइयो । अनियमित ऋण तिर्ने शैलिमा १२ जना मध्ये ३ जना महिला र ९ जना पुरुष पाइयो । समग्रमा नियमानुसार ऋण तिर्ने भाखा भित्र तिरेको अवस्थालाई महिलाहरुको नियमितता बढी रहेको पाइयो भने पुरुषहरुमा नियमितता रहेको कम पाइयो ।

### ५.२.६ उत्तरदाताहरुको मासिक आम्दानी सहकारीमा सदस्य बन्नु पहिले र अहिलेमा

ऋणी शेयर सदस्यले लिएको ऋण नियमित रूपमा तिर्ने गरेमा व्यक्ति तथा संस्थाको आर्थिक कारोबार राम्रो हुन्छ । लिएको ऋणको सही ठाउँमा प्रयोग भए त्यसले मुनाफा कमाइ ऋण तिर्न सहज वातावरण सिर्जना हुन्छ । जसले संस्था र व्यक्ति दुवैलाई फाइदा पुऱ्याउँछ । यस अध्ययनमा समेटिएका उत्तरदाताको ऋण तिर्ने शैलीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं १९


### उत्तरदाताहरुको मासिक आम्दानी सहकारीमा सदस्य बन्नु पहिले र अहिलेमा

| क्र.सं. | मासिक आम्दानी | पुरुष | महिला | सदस्य सङ्ख्या | प्रतिशत | केन्द्रीय कोण |
|---|---|---|---|---|---|---|
| १. | बृद्धि | २३ | १२ | ३५ | ७० | २५२° |
| २. | घटी | ० | १ | १ | २ | ७° |
| ३. | समान | ५ | ९ | १४ | २८ | १०१° |
| जम्मा | | २८ | २२ | ५० | १०० | ३६०° |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२।*

### चित्र नं. १५

### उत्तरदाताहरुको मासिक आम्दानी सहकारीमा सदस्य बन्नु पहिले र अहिलेमा




*स्रोत : घरधुरी सर्वेक्षण, २०७२।*

माथिको तालिका नं १९ र स्तम्भ चित्र नं १५ लाई हेर्दा उत्तरदाताहरुमा गरिएको मासिक आम्दानीको सहकारीमा सदस्य वन्नु पहिले र अहिलेमा वृद्धि घटि र समानको अवस्थाको विश्लेषण गर्दा जम्मा ५० जना उत्तरदाता मध्ये २२ जना महिला रहेकोमा १२ जनाको मासिक आम्दानी वृद्धि १ जनाको घटि र ९ जनाको समान अवस्था रहेको पाइयो । त्यस्तै २८ जना पुरुष उत्तरदाता मध्ये २३ जनाको मासिक आम्दानी वृद्धि समान आम्दानी ५

जनाको पाइयो । समग्रमा ३५ जनाको वृद्धि, १ जनाको घटि र १४ जनाको समान मासिक आम्दानी रहेको पाइयो ।

### ५.२.७ उत्तरदाताको विगत र वर्तमानको आम्दानी

यहाँ विगत भन्नाले श्री नवदुर्गा साकोसको ऋण लिनुभन्दा अगाडिको समय र वर्तमान भन्नाले ऋण लिए पछिको समयलाई जनाएको छ । साथै ऋणको कारोबार गर्नुभन्दा पहिला र अहिलेको आम्दानीको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । सबैको आम्दानी एकैनासको नभएकोले पाँच हजारको फरकमा वर्गान्तर तालिका बनाई औसत आम्दानीको माध्यमद्वारा तुलना गरिएको छ जसलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २०**

**उत्तरदाताको विगत र वर्तमानको मासिक आम्दानी**

| क्र.सं. | आम्दानी रु. हजारमा | मध्यमान (m) | पहिले | | अहिले | |
|---|---|---|---|---|---|---|
| | | | वारम्वारता (f) | f×m | वारम्वारता (f) | f×m |
| १. | ०–५ | २.५ | ३२ | ८० | ७ | १७.५ |
| २. | ५–१० | ७.५ | ७ | ५२.५ | १० | ७५ |
| ३. | १०–१५ | १२.५ | ४ | ५० | ११ | १३७.५ |
| ४. | १५–२० | १७.५ | २ | ३५ | ८ | १४० |
| ५. | २०–२५ | २२.५ | ३ | ६७.५ | ४ | ९० |
| ६. | २५–३० | २७.५ | १ | २७.५ | १ | २७.५ |
| ७. | ३० –३५ | ३२.५ | १ | ३२.५ | ४ | १३० |
| ८. | ३५–४० | ३७.५ | ० | ० | ५ | १८७.५ |
| जम्मा | | | ५० | ३४५ | ५० | ८०५ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।

पहिलेको औसत मासिक आम्दानी = $\frac{३४५}{५०}$ = ७, (हजार)

अहिलेको औसत मासिक आम्दानी = $\frac{८०५}{५०}$ = १६. (हजार)

माथिको तालिकामा विगत सहकारीसँग ऋणको कारोबार नगर्दा र अहिले ऋणको कारोबार गरे पछिको उत्तरदाताहरूको मासिक आम्दानीको तुलना गर्दा अगाडिको औसत आम्दानी रु. ७,००० थियो भने अहिलेको मासिक औसत आम्दानी बढेर रु. १६,००० देखिन्छ जुन तुलनात्मक रूपमा ११४.२८% को वृद्धि हो । सहकारी मार्फत ऋण लिएर व्यवसाय गरे पछि मासिक आम्दानीमा वृद्धि हुनु सकारात्मक पक्ष रहेको छ । यसले सहकारी आफ्ना सदस्यको आर्थिक उन्नति गर्न सफल भएको देखाउँदछ ।

### ५.२.८ उत्तरदाताको मासिक बचत विवरण

सहकारी संस्थाको अर्को महत्वपूर्ण परिचालित पुंजी बचत हो । शेयर सदस्यले नियमित रूपमा मासिक बचत गर्ने भनी निश्चित रकम तोकेका हुन्छन् । यहाँका उत्तरदाताहरूको मासिक बचत रकमलाई निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका नं. २१**


**उत्तरदाताको मासिक बचत**

| क्र.सं. | मासिक बचत (रु) | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | ०-२०० | २५ | ८९ | २२ | १०० | ४७ | ९४ |
| २. | २००-४०० | ० | ० | ० | ० | ० | ० |
| ३. | ४००-६०० | १ | ४ | ० | ० | १ | २ |
| ४. | ६००-८०० | ० | ० | ० | ० | ० | ० |
| ५. | ८००-१०० | २ | ७ | ० | ० | २ | ४ |
| ६. | १००० माथि | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | २८ | १०० | २२ | १०० | ५० | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।*

## चित्र नं. १६

## उत्तरदाताको मासिक बचत




*स्रोत : घरधुरी सर्वेक्षण, २०७२ ।*

माथिको तालिका नं २१ र स्तम्भ चित्र नं १६ लाई हेर्दा उत्तरदाताहरुमा मासिक नियमित बचत रकम कुल २८ पुरुष मध्ये रु२०० सम्म बचत गर्ने २५ जना ५ रु४०० देखि रु६०० सम्म गर्ने १ जना र रु८०० देखि रु१००० सम्म गर्ने २ जना पाइयो । त्यसैगरी २२ महिलाहरु मध्ये २२ नै जनाले रु२०० सम्म मात्र नियमित मासिक बचत गरेको पाइयो । सम्रगमा हेर्दा महिलाको भन्दा पुरुषहरुले केही बढी बचत गर्ने गरेको पाइयो ।

### ५.२.९ सहकारीको रोजगारीमा प्रभाव

श्री नवदुर्गा साकोसले आफ्ना शेयर सदस्यको आर्थिक उन्नति गर्नको लागि विभिन्न पेसागत तालिम सञ्चालन गर्ने गरेको र योजना अनुसार विभिन्न संघ संस्थामा समन्वय गरी आफ्ना शेयर सदस्यलाई सीप सिकाउने गरेको देखिन्छ । जसले केही हदसम्म अर्ध वेरोजगारी तथा अदृश्य वेरोजगारलाई न्यूनीकरण गर्न गाई पालन, मैनबत्ती बनाउने, धुप बनाउने, अचार बनाउने, प्रशिक्षक प्रशिक्षण, सुन्तला खेती, बेमैसमी तरकारी खेती, माछा पालन, कुखुरा पालन, च्याउँ खेती, पश्मिना उद्योग जस्ता तालिम सञ्चालन गरेको र त्यस्ता तालिम दिने संस्थामा समन्वय गरी आफ्ना शेयर सदस्यहरुलाई तालिमको व्यवस्थापन गरी सदस्यहरुलाई उद्यमी वा व्यवसायिक बनाउने गरेको कुरा व्यवस्थापक बाट जानकारी हुन आएको छ ।  मैनबत्ती बनाउने, धुप बनाउने, अचार बनाउने जस्ता व्यवसाय फस्टाएका देखिँदैन । तर सुन्तला खेती, कुखुरा पालन, गाई भैसी पालन, आलु खेती व्यवसाय फस्टाउँदै

गएको छ । यस संस्थाका शेयर सदस्यहरुले गाई फाराम संचालन गरी आफ्नो व्यवसाय प्रभावकारी रूपमा सञ्चालन गरेको पाइन्छ । सुन्तला खेती , गाइ भैसी पालन, कुखुरा पालन व्यापार व्यवसायले केही हदसम्म वेरोजगारी समस्यालाई न्यूनीकरण गरेको देखिन्छ । व्यापार व्यवसायमा आफूँ परिवार लगायत अरुलाई पनि रोजगारी दिन सफल भएका छन् ।

जुन सहकारीको सकारात्मक प्रभाव मानिन्छ तर अन्य व्यवसायलाई व्यवस्थित गर्न भने सहकारी अग्रसर हुनुपर्ने देखिन्छ ।

## ५.३ सहकारीमा राजनीतिक प्रभाव

यस संस्थाका व्यवस्थापक र संचालकहरुको भनाई अनुसार सहकारीमा धेरै किसिमबाट राजनैतिक प्रभाव देखिएको कुरा विभिन्न संघ संस्था मार्फत सुनिन्छ तर यो सहकारी संस्थामा अहिले सम्म त्यस्तो कुनैपनि प्रकारबाट राजनैतिक प्रभाव परेको पाइदैन । सहकारीको विनियमानुसार प्रत्येक ३/३ वर्षमा हुने संचालक समितिहरुको निर्वाचनमा पनि आपसी समझदारीबाट शुद्ध सहकारीमय समिति गठन हुने गरेको छ । यहाँ कुनै पनि राजनैतिक भागवन्डा बाट कुनै पनि समिति हाल सम्म गठन भएको छैन । संस्थाको वारेमा कुनै पनि निर्णय हुदाँ प्रजातान्त्रिक प्रणालीबाट हरेक निर्णय हुने गरेको छ, यसमा कुनै पनि बाह्य प्रभाव परेको देखिदैन । कुनै महत्वपूर्ण निर्णय गर्ने बेला सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गरी सम्रग सदस्यको हित हुने गरी स्वतन्त्र रुपमा निर्णय लिने गरिन्छ यसमा कुनै पनि राजनीतिक दलहरुबाट हस्तक्षेप हुने गरेको पाइदैन । यस संस्थाले प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेट तय गरी हरेक वर्ष साधारण सभाबाट पारित गराई सोही योजनामा उल्लेख भए अनुसार आफ्ना क्रियाकलापहरु सदस्य माझ अघि बढाई कार्यान्वयनमा ल्याउने गरेको छ भने अर्कोतिर गरिव तथा निमुखा शेयर सदस्यहरुको जीवन स्तरलाई माथि उठाउन विभिन्न सीप मूलक र आय आर्जन मूलक व्यवसायिक कार्यमा सजिलै सँग ऋण लगानी गरी उनीहरुको स्तरलाई उकास्ने काम गरिरहेको छ यसमा कुनै पनि राजनैतिक प्रभाव रहेको पाइदैन । संस्थाले गर्ने हरेक कार्यक्रम, तालिम, सेमिनारमा पनि गरिब तथा कम आयस्रोत भएका सदस्यको पहुँच राम्रो देखिन्छ । संस्थाका हितमा गर्नु पर्ने निर्णय पनि राजनीतिकका कारणले अवरोध पुगेको छैन् । कुनै पनि राजनैतिक हस्तक्षेप नरही संस्थागत नीति नियम बनाइ कार्यान्यनमा आइरहेको छ । यस संस्थाले व्यक्तिको नभई विधिको सासनलाई आत्मसाथ गरी अघि बढ्दै गरेको देखिन्छ ।

## ५.४ उत्तरदाताको घटना अध्ययन

समाजमा विभिन्न घटनाहरु घटिरहेको हुन्छन् ति घटनाहरु कुनैले सकारात्मक र कुनैले नकारात्मक प्रभाव पारिरहेका हुन्छन । कुनै पनि घटना, अवस्था, क्रियाकलाप, संस्था, विषय, व्यक्ति वा मुद्दालाई एउटा केश वा घटनाको रूपमा लिएर त्यस बारेमा गहन, विस्तृत र सम्पूर्ण पक्षको अध्ययन गर्ने विधि घटना अध्ययन हो । यस अध्ययनमा समेटिएका पचास जना उत्तरदाता मध्येबाट पाँच जनाको घटना अध्ययन गरिएको छ । घटना अध्ययनमा अति सफल-पुण्य प्रसाद आचार्य, सफल-इन्द्र प्रसाद हुमागाई, मध्यम-शर्मिला सिग्देल, सामान्य-गोपाल राउत र असफल-मैया थापालाई लिइएको छ । जुन निम्नानुसार उल्लेख गरिएको छ ।

**(क) पुण्य प्रसाद आचार्य : पनौती -१०, सिकारीगाउँ,काभ्रे**

पुण्य प्रसाद आचार्य ३४ वर्षका एस.एल.सी. उत्तीर्ण यस श्री नवदुर्गा साकोसका स्थापना कालदेखिकै शेयर सदस्य हुन् । उनका एक छोरा एक छोरी, श्रीमती र आफुँ गरेर जम्मा ४ सदस्यीय घरपरिवार छ । उनले काठ्माण्डौको भृकुटी मण्डपको खुल्ला बजारमा व्याग (झोला)पसल खोली व्यवसाय सञ्चालन गरी राम्रो सफलता प्राप्त गरेका छन् ।

यस सहकारी संस्थामा २०५९।०९।८ देखि नै सदस्य रहेका यिनको शेयर रकम ११२,५०० रहेको छ । करिब १०-१३ वर्षको अन्तरालमा यिनले करिब ३५ लाख बराबरको सम्पत्ति जोडिसकेका छन् । यिनले श्री नवदुर्गाबाट ऋण लिँदै नियमित साँवा ब्याज तिर्दै पटक पटक ऋण लिँदै तिर्दै गरिरहेका छन् । उनले लिएको ऋण मासिक किस्ताबन्दी रुपमा तिरिरहेका छन् । उनी भन्दछन्, "मैले सुरुमा ४०,०००।- ऋण लिएर जुत्ता व्यवसाय सुरु गरे । मलाई राम्रो फाइदा भयो । फेरि १,५०,०००।- लिए झन राम्रोसँग जुत्ताको व्यवसाय चल्यो । त्यस व्यवसाय भन्दा पनि राम्रो फाइदा हुने सम्भावना देखेर व्याग पसलको व्यवसाय शुरु गरे त्यो भएर अहिले पनि रु ५,००,०००।-ऋण लिएको छु । नियमित रूपमा ऋण लिने तिर्ने गरेको छु । अवका दिनहरुमा धेरै रकम एकैचोटी ऋण लिनका लागि आफुँ सँग भएका चल अचल सम्पत्तिहरु धितो राखी प्रक्रिया मिलाई सकेको छु । सो ऋण लिए पश्चात आफ्नो व्यवसायलाई निरन्तरता दिई काठ्माण्डौमा व्यवसाय गरी किनेको ४ आना जग्गामा २ तल्ला आधाको घर निमार्ण गर्ने सोचमा छु भनि अन्तर्वार्ताको क्रममा शोधकर्तालाई जानकारी गराए । यसरी उनी पनौती १०,सुन्थानमा रहेको लगभग ७ रोपनी

जग्गा समेत धितो राखी २०-३० लाख सम्म ऋण लिई व्यवसाय बृद्धि गरी घर निर्माण समेत गर्न चाहन्छन् । उनले आफूँ मात्र रोजगार होइन, आफ्नो पारिवारिक रुपमा नै रोजगारको सिर्जना गरेको कुरा बताउँछन् । सर्वसुलभमा ऋण पाए यसै व्यवसायलाई ठूलो बनाउने उनको भावी योजना  छ ।

आर्थिक वृद्धि हुँदा उनी छोराछोरीलाई महङ्गो शिक्षा दिन सफल छन् । साथै सरसफाइ र पोषणयुक्त खाना खुवाउने गरेको कुरा बताउँछन् । उनले समाजमा पनि आवश्यक ठाउँमा चन्दा दिने गरेको बताउँछन् । यसरी नियमित ऋण लिँदै व्याग पसल सञ्चालनमा श्री नवदुर्गा साकोसले सहयोग गर्दा आफ्नो आर्थिक उन्नति र समाज विकासमा सहयोग गर्न सफल भएको कुरा व्यक्त गर्दछन् ।

**(ख) इन्द्र प्रसाद हुमागाई : पनौती -१०, सुन्थान**

आफ्नै घर घरायसी र कृषि तथा पशुपालनको काम गरी आएका ३३ वर्षीय इन्द्र प्रसाद हुमागाई पशुपालन गर्ने र पशुपन्क्षीको विक्री वितरण गर्ने प्रमुख पेशाका रुपमा सञ्चालन गरिरहेका छन् । उनको परिवारमा एक छोरी, दुई छोरा , श्रीमती, हजुरबा, बाबु, आमा र आफुँ गरी जम्मा ८ जनाको घर परिवार रहेको छ । उनको पारिवारिक रुपमा रहेको स्थिर अचल सम्पत्ति १० रोपनी रहेको छ ।

समाजसेवा र आफ्नो व्यवसायको दौडानमा अगाडि बढेका ईन्द्र प्रसाद हुमागाई आजभन्दा १२ वर्ष अगाडि श्री नवदुर्गा साकोसको सर्वप्रथम ५०० ।- को शेयर लिएर स्थापना काल २०५९/०९/०८ देखिनै उनी सदस्य बनेका थिए । उनले यस संस्थाबाट सुरुको अवस्थामा विना धितो पटक पटक तीस हजार सम्म ऋण लिएका थिए । जुन ऋण लिएर नियमित रुपमा व्यवसाय गर्न नसक्दा सम्म उनी सावाँ र व्याज तिर्दा हर्जनामा सम्म परेका थिए । उनले नियमित रुपमा कृषि र व्यापार कार्यलाई नियमित रुपमा अघि बढाएपछि यस संस्थाबाट लिएको ऋणले व्यापार व्यवसाय बढाउन सहयोग पुग्यो । यसरी नियमित व्यापार व्यवसाय र कृषि कार्य गर्न थालेपछि उनको आम्दानी वृद्धि हुन थाल्यो । त्यसैले व्यवसाय संञ्चालन गर्नका लागि ऋण लिँदै तिर्दै गरिरहेको बताउँछन् । उनको पशु व्यवसायबाट आम्दानीमा वृद्धि हुँदै गएकोले उनी भन्दछन्, “पहिला व्यावसायको लागि वस्तुभाउ ल्याएको पैसा तिर्न नसक्दा व्यापार राम्रो थिएन तर ऋण लिएपछि बस्तुभाउ

थपेँ व्यापार बढ्दै गयो । यसरी आम्दानी वृद्धि हुन थाल्य पछि पहिले पहिले किस्ता तिर्न गाह्रो हुने संस्थामा अहिले नियमित रुपमा असल ऋणीको कारोवार गर्न सफल भएको बताउँछन । यसरी आम्दानी बढ्दै जादाँ ४ रोपनी जग्गा किन्न पनि सफल भए । अहिले उनले यस संस्थाको २०,०००।- को शेयर यसै संस्थाको लिइका छन । संस्थाले शेयर रकमको १५% लाभांश पनि दिने कुरा उनी बताउछन । उनी यस संस्था भन्दा अरु संस्थामा पनि सदस्य रहेको र ऋणको कारोवार गर्दा सबैभन्दा सजिलो तरीकाबाट राम्रो कारोवार गर्नेलाई सजिलै ऋण पाईने संस्था यही संस्था रहेको पाएका छन । उनले आफ्ना छोराछोरीको शिक्षा दिक्षाका लागि सामुदायिक विद्यालयमा पढाउदै आएका छन । उनले आफ्नै घर परिवारका सदस्यहरुलाईनै व्यवसायिक काममा रोजगारी दिन सफल भएका छन भने अन्य बाहिरी मानिसहरु छ/सात जनालाई पनि  कृषि तथा व्यापार सम्बन्धी रोजगार दिएको कुरा उनी बताउँछन । भविष्यमा यस व्यवसायलाई ठूलो बनाउने उनको लक्ष्य रहेको छ ।

उनले व्यापार व्यवसाय र आर्थिक कारोवारको समेत काम नगरी सामाजिक क्षेत्रको विना काम गरिरहेको कुरा शोध कर्तालाई जानकारी गराउछन । यसरी काम गर्दै जादाँ सामाजिक र आर्थिक क्षेत्रमा उनको जीवन शैलीमा ठुलो परीवर्तन आएको छ ।  समाजमा उनको पहिचान छुट्टै रहेको छ । यसै वर्ष त्यसै सहकारीको सञ्चालक सदस्यमा निर्वाचित भएका छन् भने घर नजिकैको कमलादेवि नि.मा.वि.मा वि.व्य.सको अध्यक्ष भई समय अनुकुलको शिक्षा दिलाउने योजना बनाउन पनि सफल भएका छन ।  उनी देवीस्थान क सामूदायिक बन उपभोक्ता समितिकाका सदस्य, बाटो निमार्ण समितिका सचिव, लगाएत गाउँ  घरमा सञ्चालन रहेका विभिन्न परियोजनामा प्रत्यक्ष आफ्नो सहभागीता सक्रियता पुर्वक देखाउने गरेका बताउँछन ।  त्यसैले उनी आर्थिक र सामाजिक रूपमा सफल देखिन्छन् । उनी सफल हुनुको मुख्य श्रेय यसै सहकारी संस्थालाई दिन्छन् । उनी भन्छन्, “वास्तवमा सहकारी संस्थासँग इमान्दारीका साथ कारोबार गर्ने हो भने सबैको जीवनमा राम्रो सफलता प्राप्त हुन्छ ।” सहकारीमा व्यक्तिले इमान्दारीका साथ काम गर्नु पर्दछ भन्ने कुरामा उनले विशेष जोड दिएका छन् ।

**(ग) शर्मिला सिग्देल : रविओपी गा.वि.स वडा नं - ८**

यस श्री नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. को कार्य क्षेत्र पनौती न.पा र आसपासका ११ गा.वि.स मध्ये रविओपी पनि एक हो । त्यसै क्षेत्रभित्र बसोवास गर्ने रविओपी -८ निवासी शर्मिला सिग्देलले १० कक्षा उत्तीर्ण गरेकी छिन । उनी घरायसी काम गर्ने ३४ वर्षीय विवाहित महिला हुन् । उनको परिवारमा एक छोरा , एक छोरी, श्रीमान र आफूँ समेत गरी ४ जना बस्दछन । उनको खेतबारी जम्मा ७ रोपनी रहेको छ तर उनी काठमाण्डौमा श्रमिानको व्यवसायलाई सहयोग गरी बस्छिन ।  उनको श्रीमान् घर बनाउने सामान (गिटी, बालुवा, डण्डी, ईट्टा आदि) खरिद बिक्री गर्ने व्यवसाय गर्दछन् भने उनले सोही श्रीमानको व्यवसायलाई सहयोग पु¥याई घरायसी काम गर्ने गर्दछिन् ।

शर्मिला, वि.सं.२०६३ साल पौष २१ गते यस श्री नवदुर्गा साकोसको शेयर सदस्य बनेकी हुन् । हाल उनको यस संस्थामा रु.१०,०००।- को शेयर भएको बताउँदछिन् । उनले आफ्नो कारोवार यही संस्था सँग गर्ने गरेकी छिन् । संस्थामा सदस्य भएपछि सानोतिनो खरखाचोको ऋण झिक्दै नियमित बुझाउदै गरेकी उनले अहिले आफ्नो श्रीमानको व्यवसायलाई मद्त पु¥याउन् व्यापार व्यवसायिक ऋण आफ्नो धितो राखेर रु. ५,००,०००।- ऋण लिई सस्थाको नियमानुसार साँवा, ब्याज बुझाउदै आईरहेको कुरा बताउछिन् । जुन व्यवसायमा उनले सहयोग पु¥याएर काम गरिरहदा एक ओटा सामान बोक्ने सानो गाडि पनि रहेको र सोही व्यवसायबाट बनेपामा जग्गा खरिद गरी घर बनाउँन सफल भएकी छिन ।

सहकारी संस्थाको सदस्य भएकी उनी विभिन्न अन्य काम गर्नु भन्दा आफ्नो श्रीमानको व्यापार व्यवसायमा आफुँले मद्त गर्दा रमाएको कुरा शोधकर्तालाई अर्न्तवार्ताको क्रममा बताउछिन् । सहकारी संस्था राम्रो छ यसबाट ऋण लिएर इमान्दारीका साथ काम गर्नुपर्दछ अवश्य सफल भइन्छ भन्दै अब सहकारी संस्थाले सबै सदस्यहरुलाई व्यवसायिक बन्ने सिप सिकाई व्यवसाय सञ्चालन गर्न प्रोत्साहन दिनुपर्ने, विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने, विनाधितो सस्तो ब्याजमा ऋण दिनुपर्ने, सामाजिक कार्यहरूको नेतृत्व र सहयोग गर्नुपर्ने जस्ता कुराहरूको सुझाव दिएकी छिन् । उनको भनाई अनुसार सामाजिक क्षेत्रमा र सहकारीको सञ्चालक समितिको क्षेत्रमा महिलालाई पनि नेतृत्व लिनसक्ने सिप सिकाउनु पर्ने कुरा बताउँदै समाजमा सहकारीले केहि हदसम्म भएपनि सामाजिक नेतृत्व

लिनसक्ने सिप सिकाई समाजमा महिलालाई अगाडि बढाउने काम गरेको देखिन्छ भने, साना देखि ठुला ऋण सम्म महिलाको नाममा लागनी गरी महिलालाई पनि व्यवसायिक बनाई आर्थिक उपार्जनको बाटो देखाई प्रभाव पारेको छ ।

**(घ) गोपाल राउत : पनौती -१० न.पा., पलङ्गबाट**

स्थापना कालदेखिनै सक्रिय रुपमा यस श्री नवदुर्गा साकोसको सदस्य रहेका ५५ बर्षिय गोपाल राउत पनौती न.पा. १० पलङ्गबाट निवासी हुन । उनका ३ छोरी र एक छोरा छन् भने श्रीमती र आफूँ सहित हालको परीवार संख्या ४ जनाको छ । उनको परीवार सामान्य रुपले चलिरहेको छ । पेसाले उनी कृषि कार्य गर्दछन् । उनको परिवार चलाउनको लागि सुन्तला खेती र गाँउ घरको मेलापाता बाट निर्वाह भईरहेको बताउँछन् । उनको पढाई भने सामान्य लेखपढ मात्र रहेका गोपाल आफ्ना छोराछोरीहरुलाई भने उच्च शिक्षा दिन सफल भएका छन् । उनको अचल सम्पत्तिका रुपमा ५ रोपनी जति खेतबारी रहेको छ भने गाई, भैसी पालन पनि गर्ने गरेका छन् । उनको एक मात्र छोरो उच्च शिक्षा (+2) उत्तीर्ण गरेर यसै सँस्थाको कर्माचारीका रुपमा काम गर्दै आईरहेका छन् ।

१२ वर्ष अगाडि देखि यस संस्थाको सदस्य बनेर मासिक रुपमा रु १०० घरघरायसी काम र मेलापात बाट ल्याएको रकम बचत गर्ने गरेको बताउँछन् । उनको यस संस्थामा हाल सम्म रु १०,००० को शेयर खरिद गरेका छन् । सदस्य बनेदेखि नै सामान्य खरखाँचोमा ऋण लिई आफ्नो घरायसी गर्जो टार्दै आएका उनले घरायसी सामाजिक कार्य र पशुपालन का लागि आफ्नो घर जग्गा धितो राखि १,१५,००० ऋण लिई संस्थाको नियमानुसार बिस्तारै बुझाउदै आईरहेका छन् । पशुपालनबाट सोचे जस्तो आम्दानी लिन नसकेको उनी बताउँछन् । पशुपालन र कृषि तथा सुन्तला खेतीबाट भएको आम्दानीले गाईबस्तु लाई ढुटो दाना र आहार, आफ्नो घर खर्च तथा बालबच्चाको शिक्षा दिक्षामा सकिने भएकोले आफुँले सोचे जस्तो अन्य व्यवसाय गर्न नसकेको उनी बताउँछन् । तर पनि यस संस्थाले दिएको ऋणबाट आफुँलाई पशुपालन गर्न र खेती गर्न अति खाँचो परेको क्षेत्रमा लगानी गरी आफ्नो व्यवहार चलाईरहेका छन् । उनी भन्छन् "व्यापार व्यवसाय गर्न ऋण माथि ऋण थप्दा त्यसको व्यवस्थापन गर्न र भनेको समयमा बुझाउन गाह्रो हुने भएकोले अहिले गरिरहेकौ काममा चित्त बुझाई बसिरहेको छु ।" भविष्यमा संस्थासँग थप ऋण लिएर कृषि व्यवसाय संञ्चालन गर्ने योजना रहेको छ भनि उनी बताउँछन् ।

उनको वर्तमानको आर्थिक अवस्था जेनतेन चलिरहेको छ तर पनि सहकारीले आफुँलाई ऋण लिएर कारोवार गर्न सहज बनाएको र साहुँ महाजनकोमा धाउनु नपरेकोमा सहकारी प्रति सकारात्मक रहेको धारणा राख्दछन् ।

ऋण लिएर व्यापार व्यवसाय गर्दा र कृषि व्यवसाय गर्दा राम्रो हुने कुरालाई गोपालले स्विकार्दै सहकारी सबैको लागि आवश्यक भएको तर गरिबलाई उठाउने छुट्टै व्यवस्था नभएको कुरा उनी बताउँछन् । यसै सर्न्दभमा उनी भन्दछन् - "सहकारी पनि त त्यही हो धितो भए ऋण सजिलै दिन्छ नत्र गाह्रो पर्दछ । अनि गरिबलाई थोरै ब्याजमा ऋण दिँदैन । गरिबलाई कहाँ पो सुविधा छ र जहाँ पनि अप्ठ्यारो त छ नी । " यसले वित्तिय सहकारी संस्था आफ्नो ऋणको कारोवार सदस्यमाभ्क गर्ने हुदाँ सफल भएपनि विभिन्न व्यवसायिक सिप सञ्चालन र गरिबलाई सस्तो ब्याज निर्धारण गर्न सहकारीले योजना बनाउँन नसकेको यिनी बताउँछन ।

**(ङ) मैयाँ थापा : पनौती -१०, देवीस्थान**

पनौती न.पा. वडा नं. १०, देवीस्थान निवासी ५२ वर्षीय मैयाँ थापा सामान्य साक्षर मात्र हुन् । उनको दुई छोरा, दुई बुहारी , दुई नाती, नातिना, श्रीमान र आफुँ गरी ८ जनाको परिवार छन् । उनी एक साधारण सिप जानेकी साना घरेलु उद्योग पस्मिनाको काम गर्ने उद्यमी हुन् । उनी २०६२ पौष २९ गतेबाट यस श्री नवदुर्गा साकोसको शेयर सदस्य छिन् । यस संस्थामा उनले रु.३१,२००- शेयर खरिद गरेकी छिन् । उनका श्रीमान यस संस्थाका उपसमितिका सदस्य पनि रहेका छन्, भने उनले पस्मिनाबाट बन्ने पछ्यौरा, गल्बन्धी जस्ता उनीका सामग्री उत्पादन गर्नका लागि धागो बनाउने काम गर्छिन् ।

मैयाले सबै परिवारलाई साथी लिएर काम गरेको साना उद्योग पस्मिना विभिन्न स्थानमा सार्दै काम गरिरहेकी छिन् । उनकै परिवारले भक्तपुरमा पस्मिना बिक्री गर्ने पसल पनि राखेका छन् । उनले यो उद्योग संञ्चालन गर्नका लागि यस संस्थासँग पारिवारिक रुपमा धन जमानी साक्षी राखी रु. ५,००,०००।- ऋण आज भन्दा ९ बर्ष अगाडि लिएकी छिन् र यस संस्थाले संञ्चालन गरेको लद्युबित्त कार्यक्रम अर्न्तगत आफ्नो नाममा ५५,०००।- ऋण लिई उक्त उद्योग व्यवसायमा लागएकी छिन् । उनको परिवारले लिएको ऋण पटक पटक जरिवाना सहित ब्याजमात्र तिरी सावाँ घटाउँन सकिरहेका छैनन् भने

व्यक्ति लघुवित्त ऋणको भने नियमित किस्ता बुझाउँदै आईरहेकी छिन् । उनले धरै पटक आफ्नो घरेलु उद्योग एक ठाउँ बाट अर्को ठाउँमा सार्ने गर्दै गर्दा अन्तमा आफ्नै निवास स्थानमा लामो समयदेखि काम गर्दै जादा यातायातको पहुँच नभएकोले सो ठाउँ सम्म आफ्नै निजी यातायातका साधन प्रयोग गर्दा धेरै खर्चालु हुने गरेको र परिवारका कोही सदस्य पस्मिना पसल सञ्चालन तिर, कोही सामान ओसार पसार गर्ने र कोही बालबच्चा हेर्नु पर्ने भएकोले पारिवारिक रुपमै सञ्चालन गर्न सकिने पस्मिना घरेलु उद्योगमा अरु कामदारहरु राखेर काम गर्नुपर्ने भएकोले उद्योग र व्यवसाय सञ्चालन गरेर आम्दानी गरेको रकम ४ जना कामदारलाई तलब दिने यातायातको साधनमा तेल हाल्ने, बिग्रदा बनाउँने, पसलको भाडा तिर्ने, आउजाउ गर्दा खाजा खानाको व्यवस्था गर्ने गर्दानै आम्दानी भन्दा खर्च बढ्दै गईरहेकोले संस्थाबाट लिईएको ऋण समेत लामो समयसम्म भुक्तान गर्न सकेकी छैनन् यसरी सबैतिर रेखदेख गर्न नसक्दा र सबै परिवारले एकै साथ काम गर्न नसक्दा उद्योग र व्यापार चौपट भईरहेको छ भनि उनी शोध कर्ताले छलफल गर्दा बताउछिन् । उनले साना उद्योगको लागि लिएको पारिवारिक ऋणको किस्ता बुझाउन सकेकी छैनन् । सहकारीले ऋण तिर्न पटक-पटक ताकेता गर्दा पनि अहिलेसम्म ऋण तिर्न सकेकी छैनन् । ऋण तिर्ने सवालमा उनी भन्छिन्, “हामीले गरिरहेको उद्योग र व्यापारलाई व्यवस्तित गरी सञ्चालन गर्दै छौ, जेठो छोरा सेनामा जागीर छ यि सबै क्षेत्रको आम्दानी बाट क्रमशः संस्थाको ऋण घटाउँदै लामो समय देखि तिर्न नसकिएको ऋण भुक्तान गर्ने कुरा उनी बताउँछिन् ।”

परिवारले एक साथ काम नगरी धेरैवटा काममा एकैचोटी हात हाल्दा आफूँ असफल भएको कुरा राख्दै सहकारी नराम्रो नभएको कुरा गर्दछिन् । सहकारीले असफल व्यवसायीलाई सुधि्रने मौका दिनुपर्ने उनको धारणा रहेको छ । साथै सदस्यले लिएको ऋणको सदुपयोगको अनुगमन गर्ने नीति सहकारीको हुनु पर्ने कुरा समेत व्यक्त गर्दछिन् ।

यहाँ माथि उल्लेख गरिएका अति सफल, सफल, मध्यम सफल, ठीकै र असफल पाचँ ऋणी शेयर सदस्यहरूको घटना अध्ययनबाट विश्लेषण गर्दा सदस्यहरुमा बचत तथा ऋण सहकारीले सामाजिक तथा आर्थिक रुपमा प्रभाव पारिरहेको पाउन सकिन्छ, किनकी सहकारी सहकार्य गर्ने यस समाजको सशक्त मध्याम बनिसकेको रहेछ । यस्तो संस्थाले छरिएर रहेका स्थानीय पुँजी सङ्कलन गरी आफ्ना शेयर सदस्यलाई विभिन्न किसिमका

सीपमूलक तालिम दिई व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्दछ । यस्तै सदस्य मध्ये एक सफल सदस्य पुण्य प्रसाद आचार्य हुन् । उनी सफल हुनुमा निरन्तर मिहिनेत, लगनशीलता र इमान्दारीता नै प्रमुख कारण हो । त्यसैगरी ईन्द्र प्रसाद हुमागाईले पनि निरन्तर ऋण लिएर त्यसलाई नियमित तिर्दै गएका छन् जसका कारण व्यवसाय बढ्दै गएको पाइन्छ । अर्को त्यसपछिको सफल व्यक्ति शर्मिला सिग्देल हुन् । उनले त्यसै संस्था बाट ऋण लिएर आफ्नो श्रीमानको व्यवसायमा सहयोग पुऱ्याई मध्यम सफल भएकी छिन् । यसले उनलाई सन्तुष्टि प्रदान गरेको छ । अर्को सदस्य गोपाल राउतलाई भने ऋण तिर्न बढो मुस्किल छ तैपनि सकि नसकी तिरिरहेका छन् तर असफल अर्की महिला सदस्य मैयाँ थापा भने ऋणबाट चुक्ता कसरी हुने भनी पीरमा रहेकी छिन् । फेरि राम्रो सँग उद्योग सञ्चालन गरेर पस्मिना व्यापार र छोराको जागीरबाट तिर्ने सोचमा छिन् । उनका लागि सहकारी फाइदा भन्दा पनि व्यवहार सार्ने बाटो भएको देखिन्छ ।

यसरी वित्तिय कारोबार गर्ने सहकारी संस्थाले ऋणको कारोबार आफ्ना शेयर सदस्य माझ मात्र गर्ने हुँदा सफल नै देखिन्छ तर निम्न आय स्तर र शैक्षिक स्तर भएकालाई प्रशस्त मात्रामा व्यवसायिक सीप सञ्चालन गर्न र सस्तो ब्याजदरमा ऋण दिने योजना ल्याउन भने संस्थाले भावि योजना बनाउनुपर्ने देखिन्छ ।

परिच्छेद : छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश, मुख्य प्राप्तिहरू, निष्कर्ष र सुझावहरु

## ६.१ सारांश

विश्वमा सहकारीको ईतिहास बेलायतबाट कामदारहरुले पूँजीपतिहरुको चर्को शोषणबाट मुक्त हुन सुरुभई सहकारी स्थापना सन १८४४ मा रोवर्ट ओवनले गरेबाट सुरु भएको भएतापनि सो समय भन्दा एक दशक अगाडिलै बचत तथा ऋण सहकारकिो अवधारण ल्याउने पहिलो व्यक्ति जर्मनका हर्मन सुल्जलाई मानिन्छ । जसले गर्दा समाजलाई आफैं सामाजिक र आर्थिक रुपमा आत्मानिर्भर बन्न सिक्नुपर्छ भन्ने सन्देश छरेको पाईन्छ । बचत तथा ऋण सहकारीको उत्थानमा सन् १८६४ मा ठुलै अभियान ल्याउनेमा जर्मनकै एफ.डब्लु रैफिसनको नाम अग्रपन्तिमा आउछ । नेपालमा सहकारीको इतिहास हेर्ने हो भने २०१३ चैत्र २० गते चितवनको वखानपुर सहकारी संस्था दर्ता भएबाट सुरु भई विभिन्न वाधा अर्चन पार गर्दै आजको अवस्थामा आईपुगेको छ । २०७१ असार मसान्त सम्म सहकारी संघसंस्थाको तथ्यांक ३१,१७७ विभिन्न प्रकृतिका संस्था दर्ता भई ४५,५५,२८६ सदस्य भएका छन् । शेयर पुँजि ६१,१८६,२०१ हजार संकलन भएको छ भने बचत संकलन् १७,२५९,३५० हजार रहेको छ । उक्त संस्था संञ्चालनको लागि २५,५७५४ संञ्चलक रहेका छन र सहकारी क्षेत्रमा ५४१४३ कर्मचारीले रोजगारी पाएका छन् । वास्तविक रुपमा सहकारीको कानुनवत रुपबाट सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ आए पश्चात मात्र विधिवत सहकारी संञ्चालनको बाटो खुलेको पाईन्छ । नेपालमा सहकारीको स्थापना पश्चात भएको राजनीतिक परिवर्तनले गर्दा सहकारीलाई साझाको नामले पनि सरकारी तवरबाट विकास गर्न खोज्दा पञ्चायत कालमा यो पूर्ण असफल भएको नेपाली इतिहास रहेको छ ।

वि.सं. २०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात बहुदलीय व्यवस्थाको पूर्ण सुरुवात भएपछि उक्त ऐन नियमले जनतामा सहकारीको पहुँच जमाउन सफल भएको देखिन्छ । यस सहकारीको पहुँचबाटै समाजमा सामाजिक र आर्थिक विकासको जग बसी संस्थाका सदस्यलाई व्यवसायिक बनाउन सहकारी अग्रसर रहेको देखिन्छ । यस

क्रममा सहकारी संस्थाहरुले नेपाली जनताको वास्तविक गरिबी निवारण सामाजिक आर्थिक उत्थान गर्ने एक कार्यक्रमका रुपमा महशुस भएको पाईन्छ । सहकारीका धेरै क्षेत्र मध्ये बचत तथा ऋण सहकारी संस्थालाई मुख्य रुपमा सामाजिक तथा आर्थिक परिवर्तनको प्रभाव पार्ने संवाहकका रुपमा लिन सकिन्छ । यस प्रकृतिका सहकारी संस्थाले समाजमा छरिएर रहेका पूँजीहरु संकलन गरी आफ्ना शेयर सदस्य माफ मात्र आर्थिक कारोवार गरी सदस्य सदस्य वीच ऋणको कारोवार गर्ने, विभिन्न सीप सिकाउने र आर्थिक संमृद्धि प्राप्त गरी उन्नत समाज निमार्णमा अग्रसर गराउने यस्ता सहकारीको उद्धेश्य रहेको पाईन्छ ।

यस अध्ययनमा बचत तथा ऋण सहकारी संस्थामा आवद्ध बचत तथा ऋण सम्वन्धी कारोवार गर्ने नवदुर्गा साकोसका उत्तरदाता मध्ये नमूना छनौटमा परेका ५० जनामा २८ पूरुष र २२ जना महिला रहेका थिए । उनीहरुको सामाजिक, आर्थिक अवस्थाको बारेमा हेर्दा सामाजिक क्षेत्रमा उत्तरदाताहरुको लैङ्गिक, जातिगत, धार्मिक, उमेरगत, सम्पत्तिमा स्वामित्व, शैक्षिक अवस्था, स्वास्थ्य सरसफाइको अवस्था, सहकारी मार्फत प्राप्त राहत जस्ता कुराहरुको अध्ययन गरी सहकारीले समुदायका शेयर सदस्यहरुमा पारेको सामजिक प्रभावको बारेमा प्रष्ट चित्रण गर्ने जर्मको गरेकोछ ।

यसरी नै सदस्यहरुमा बचत तथा ऋण सहकारीको सामाजिक, आर्थिक प्रभाबको समाजशास्त्रीय  अध्ययन नवदुर्गा साकोसका नमूना छनौटमा परेका सदस्यहरुको बारेमा हेर्दा आर्थिक क्षेत्रमा उत्तरदाता सदस्यहरुको प्रभाव सम्वन्धी अध्ययन गर्ने क्रममा पेशागत अवस्था, शेयर पूँजीमा स्वामित्व, ऋण लिनुको उद्धेश्य, ऋण तिर्ने शैली, विगत र वर्तमानको आम्दानी मासिक बचत जस्ता कुराहरुलाई हेरी सहकारीले सदस्यहरुमा पारेको आर्थिक प्रभावको वारेमा प्रष्ट चित्रण गर्ने जर्मको गरेकोछ । यस अध्ययन लाई अघि बढाउने क्रममा सन्दर्भ साहित्यको पूनरावलोकन गर्दा विभिन्न क्षेत्रबाट प्रकाशित सहकारीमय कुराको स्रोत सामग्री, सामाजिक समावेशिकरण, केरला नमूना, ग्रामीण बैंक नमूनाको गतिवीधिलाई हेरिएको छ ।

## ६.२ मुख्य प्राप्तीहरु

सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक, आर्थिक प्रभावका वारेमा गरिएको समाजशास्त्रीय अध्ययनका क्रममा प्राप्ती भएका मुख्य कुराहरु यस प्रकार हेर्न सकिन्छ :

१. विश्वमा सहकारीको स्थापना सन् १८४४ मा रोवट ओवइनले गरे र बचत तथा ऋण सहकारीको अभियान सन् १८६४ देखि एफ.डब्लु रैफिसन ले चलाएको देखिन्छ ।

२. विश्वमा सहकारी दिवस जुलाई महिनाको पहिलो शनिवार मनाउने गरेको र सहकारीको आफ्नै मूल्य, मान्यता र सिद्धान्त रहेको पाइन्छ ।

३. नेपालमा सहकारीको विकास वि.सं २०१३ चैत्र २० बाट चितवनको बखानपूर सहकारी दर्ता भई शुरु भएको पाइन्छ भने सहकारीका आफ्नै ऐन, नियम, विधानबाट चल्ने गरेको देखिन्छ ।

४. बचत तथा ऋण सहकारीले समुदायको गरिवी कम गर्न सामाजिक र आर्थिक उत्थान गर्ने गरी समाजका विभिन्न वर्गमा छरिएर रहेको पूँजीहरुलाई संकलन गरी आफ्ना शेयर सदस्यहरु माझ मात्र आर्थिक कारोवार गर्ने गरेको पाइयो ।

५. सहकारीहरु आफ्ना शेयर सदस्यहरुको आर्थिक संवृद्धि गराई उन्नत समाज निर्माण गराउने विभिन्न उद्धेश्य राखेको पाइन्छ भने सदस्यहरुलाई सामाजिक क्षेत्रमा समतामूलक व्यवहारले समान किसिमले सेवा पुऱ्याउने कुरामा पनि अग्रसर रहेको पाईन्छ ।

६. यस अध्ययनमा नवदुर्गा साकोसका शेयर सदस्यहरु बचत तथा ऋण कर्ता ५० जना मध्ये पुरुष २८ र महिला २२ जना नमूना छनौटमा परेकाहरु मध्ये हिन्दु ४० जना, बौद्ध ५जना र क्रिश्चीयन ५ जना धर्म मान्ने रहेका छन ।

७. जातिगत रुपमा बाह्म्रण १७ जना, क्षेत्री १४ जना, नेवार ४ जना, दलित ६ जना, राई २ जना, थामी १ जना र घर्ति/भुजेल १ जना रहेका छन् र सबैउत्तरदाता विवाहित रहेका छन ।

८. उत्तरदाताहरुमध्ये सम्मपतीको स्वामित्व पुरुषकोमा ३४%, महिलाकोमा २२% जग्गा जमीनको स्वामित्व रहेको छ भने महिला र पुरुषको सयुक्त नाममा ४%, र स्वामित्वमा नरहेको ४०% उत्तरदाता रहेकाछन् ।

९. उत्तरदाताको शैक्षिक अवस्था अध्ययन गर्दा निरक्षर ८ जना, साक्षर २५ जना, कक्षा ८ पास ५ जना, एस.एल.सी पास ८ जना, स्नातक पास ३ जना र स्नातकोत्तर १ जना रहेको पाईयो ।

१०. उत्तरदाताहरु मध्ये राहत प्राप्त गर्ने सदस्यहरुमा सुत्केरी राहत १०%, किरिया खर्च राहत २%, पारिवारिक राहत २६% र केही पनि राहत नपाउने ६२% पाइयो ।

११. उत्तरदाताको पेशागत अवस्था अध्ययन अनुसार सबैभन्दाबढी ५२% कृषिमा आवद्ध, २६% व्यापार व्यवासयमा आवद्ध, १०% जागीरमा आवद्ध र ६% साना उद्योगमा आवद्ध छन् भने सबैभन्दाकम डकर्मी पेशामा २% आवद्ध रहेको पाइयो ।

१२. उत्तरदाताको शेयर पूँजीमा स्वामित्व अनुसार सबैभन्दाबढी संख्या रु१०० देखि २० हजार सम्म ४० जनाले शेयर खरिद गरेको छन भने ४० हजार १ सय देखि माथि शेयर खरिद कर्ता सबैभन्दाकम ४ जना रहेका छन् ।

१३. उत्तरदाताहरु मध्ये १ लाख सम्म ऋण लिनेमा सबैभन्दावढि महिला सदस्य १४ जना रहेका छन् भने पूरुषमा ११ जना रहेकाछन् । १० लाख माथिको ठूलो ऋणमा महिलाको तुलनामा पुरुषहरुको संख्या बढी पाइयो ।

१४. सहकारीका उत्तरदाता सदस्यहरुको सामाजिक अवस्थालाई हेर्दा सहकारीले सदस्यहरुलाई नियमवद्ध भएर सुत्केरी खर्च, स्वास्थ्य उपचार खर्च, किरिया खर्च, पारिवारीक राहत, सचेतना मूलक शिक्षा शिविर जीवन उपयोगी सीप, रक्तदान कार्यक्रम जस्ता सामाजिक कार्यहरु गरेर सामाजिक अवस्थामा परिवर्तन ल्याउने प्रयास गरेको पाइयो ।

१५.  सहकारीका उत्तरदाताहरुको आर्थिक प्रभावलाई हेर्दा सहकारीमा सदस्य हुनु अघि भन्दा सदस्य भएपछि बचत गर्ने बानी बसेको ऋण लिएर आफूले जानेको कृषि, व्यापार, उद्योग आदि जस्ता कुरामा लगानी गरी आय आर्जन गर्न सक्ने काममा रोजगारी बढ्दै गएको भन्ने कुरा सदस्यहरुबाट अध्ययनको क्रममा भएकोले सहकारीले समुदाय तथा समाजमा क्रमिक रुपमा विविध किसिमबाट आर्थिक प्रभाव पारेको पाइन्छ ।

१६.  सामाजिक तथा आर्थिक प्रभावको अवस्थालाई नवदुर्गा संस्थाका ५ जना सदस्यहरु पुण्यप्रसाद आचार्य, इन्द्र प्रसाद हुमागाई, शर्मिला सिग्देल, मैया थापा र गोपाल राउतको व्यक्तिगत घटना अध्ययन गरी गर्दा सहकारीले उनीहरुलाई ऋण दिएर आयआर्जनको कार्यगर्न सफल बनाएको र सामाजिक रुपमा पनि सुधार आएको प्रतिक्रियाले गर्दा पनि सहकारीले समाजमा सामाजिक अवस्थामा परिवर्तन ल्याई आर्थिक रुपमा प्रभाव पारेको पाइन्छ ।

## ६.३ निष्कर्ष

सहकारीको अर्थ नै सँगसँगै मिलेर काम गर्नु सहकार्य हो यसै उद्देश्यका साथ स्थापित भएका सहकारी संस्थाहरू समाजमा सामाजिक, आर्थिक प्रभाव पारेर संचालित रहेका छन् । बचत तथा ऋण सहकारी संस्थाले एकातिर सामाजिक विकासमा विभिन्न कार्य गरी सहयोग पुऱ्याइरहेका छन् भने अर्कोतिर आर्थिक विकासमा झनै ठूलो सहयोग पुऱ्याएका छन् । सहकारीबाट सबैले बराबर उन्नति र प्रगति गर्न सहकारीको भावना अनुसार सजक हुनुपर्ने हुन्छ । सहकारीमा गाँउ सहरका निम्न र मध्यम परिवारहरु रहेका देखिन्छन् । ऋण लगानीको आधार सानो तिनो खरखाँचो ऋण वाहेक जसले धितो जमानत राख्न सक्दछ उसैले ऋण लिएर व्यवसाय गर्न सकेको छ । जसले विनाधितोमा ऋण पाउँदछ त्यसको लागि अर्कोले जमानत बसी दिनु पर्दछ । आर्थिक अवस्था कमजोर हुनेले जमानतमा धेरै ऋण लिने सदस्यको संख्या कम देखिन्छ । यसरी हेर्दा गरिबी कम गर्न बचत तथा ऋण सहकारीले सहयोग पुऱ्याएता पनि ठूलो कार्य गर्न र धेरै ऋणको लागि धितो जमानतको आवश्यकता देखिन्छ ।

यस सहकारीमा पुरुष शेयर सदस्य र महिला शेयर सदस्य प्रतिस्पर्धा मै देखिन्छन् । धेरै रकम शेयर खरिदमा पनि महिला पुरुषभन्दा पछि नै परेका छन् । ऋण लिने तथा बचत गर्ने क्षेत्रमा हेर्दा पनि पुरुषको तुलनामा महिलाको पहुँच कम छ । महिलाको स्वामित्वमा जग्गा जमिन प्रशस्त मात्रामा नहुँदा स-सानो ऋण लिएर कारोबार गरेका छन् । पुरुषको तुलनामा महिला नपुगे पनि उनीहरूलाई अगाडि बढ्न भने सहकारीको सहयोग महत्वपूर्ण रहेको देखिन्छ ।

यस सहकारीमा खासै राजनीतिक प्रभाव परेको पाइदैन जसले गर्दा सहकारीको मूल्य मान्यता र सिद्धान्त अनुसार सहकारी संचालनमा भएको पाइन्छ । विशेषगरी सञ्चालक समितिको चयनमा राजनीतिक दबाब भन्दा पनि सहजिकरणको प्रभाव देखिन्छ । ऋण लिएर उद्धेश्य अनुरुप पूँजी परिचालन नगर्ने केही सदस्यहरू सफल हुन नसकेको पाइयो । जसले सामाजिक संस्कारका कार्यक्रम, घर खर्च र अन्न उत्पादन क्षेत्रमा ऋण लगानी गरेको छ र धेरैतिर हात हालेर व्यवसाय गरेको छ उसले आफ्नै व्यवसायलाई र आय आर्जनको

कामलाई व्यवस्थित गर्न नसक्दा सहकारीको ऋण तिर्न कठीन भएको देखिन्छ  भने उद्धेश्य अनरुप कार्य गर्दा आर्थिक उन्नतिमा सहज भएको देखिन्छ ।  उत्पादनशील क्षेत्रमा ऋण लगानी गरेर अनुशासित र इमान्दारीका साथ कर्म गर्नेहरू सफल छन् । उनीहरूले व्यवसाय बढाउँदै अरुलाई समेत रोजगारी दिलाएका छन् । जसले अन्यन्त्र जाने सक्रिय जनशक्तिलाई समेत रोकेको देखिन्छ । त्यसकारण सहकारीले आर्थिक उन्नतिमा राम्रो प्रभाव पारेको देखिन्छ ।

समाजमा बसेका मानिसहरू मिलेर एक साझा अवधारणले सहकारी संस्थाको स्थापना गरी संचालन गर्दछन । उनीहरूको विचार सहितका नीतिगत विधान तयार गर्दछन् र सदस्यहरु स्वनियन्त्रित भई कार्यक्रमहरू सञ्चालन गर्दछन् । समाजमा एकलाई दुःख पर्दा अर्कोले सहयोग गर्ने परिपाटीको विकास हुँदै गएको पाइन्छ । यसै संस्थाले आफ्ना सदस्यहरूलाई सुत्केरी खर्च, स्वास्थ्य उपचार खर्च, किरिया खर्च, स्वास्थ्य उपचार बचत कोष, अन्य पारिवारिक राहत जस्ता राहतहरू दिएर सहयोग गरेको पाइन्छ । यसरीनै समय-समयमा सहकारी शिक्षा शिविर,विभिन्न जीवन उपयोगी सीप, रक्तदान कार्यक्रम, स्टेशनरी वितरण, स्वास्थ्य शिविरहरू समेत सञ्चालन गर्ने गरेको पाइन्छ । बाल सदस्य स-साना केटाकेटीहरूलाई सहकारीप्रति सकारात्मक धारणा बसाउन जन्मदिनको बचत कार्यक्रम  राखिएको पाइन्छ जसले बालबालिकामा सहकारीको मोह बढाउने निश्चित छ ।

सहकारीले बास्तवमा छरिएर रहेका स-साना पूँजीलाई सङ्कलन गरेर रोजगारीको अवसर सिर्जना गर्न बचत तथा ऋण सहकारी संस्था सफल देखिन्छ । यसका सदस्यको आर्थिक उन्नति र समाजमा सदस्य र संस्थाको समेत उच्च स्थान बढ्दै गएको पाइन्छ जुन एक संमृद्ध राज्य निर्माणका लागि मुख्य आधारशीला बन्ने सुनिश्चित छ । सहकारी क्षेत्रलाई पनि सरकारको अर्थतन्त्रमा ३ खम्बा मध्ये १ खम्बाको रुपमा लिइएको पाइन्छ । त्यसैले सहकारीले आधुनिक समाजमा सामाजिक आर्थिक प्रभाव देखाएको देखिन्छ ।

## ६.४ सुझावहरु

समाजशास्त्र/मानवशास्त्रको स्नातकोत्तर तह दोस्रो वर्षको ५४० पत्रको पूर्ण प्रयोगात्मक विषय पूरा गर्न समाजमा रहेका अध्ययन गर्न उपयोगी विभिन्न क्षेत्रका विषयहरु मध्ये सामाजिक क्षेत्रमा समुदायमा प्रभाव पारिरहेको विषय सहकारीलाई रोजेर सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक आर्थिक प्रभावको एक समाजशास्त्रीय

अध्ययन काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा १० मा रहेको श्री नवदुर्गा साकोसमा गरिएको प्रस्तुत अध्ययनबाट सहकारीको विकास क्रम र यसले विविध क्षेत्रको समुदायमा पारेको प्रभावलाई सन्दर्भ साहित्यको पुनरावलोकन गरी हेर्दा र विषयवस्तु भित्रको स्थिति माथि अध्ययन गर्दा यस क्षेत्रमा आगामी दिनमा प्रवेश गर्न चाहने तथा अध्ययन अनुसन्धान गर्नु हुने व्यक्ति तथा संघसंस्थाहरु प्रति निम्न सुझाव रहेको छ :

१.सन् १८४४ मा रोवट ओवइनले चलाएको सहकारी अभियान विश्वमा सहकार्य गर्न धेरै प्रकृतिका सहकारी स्थापना हुँदै आजसम्म आइपुग्दा सामाजिक, आर्थिक क्षेत्रमा प्रत्यक्ष प्रभाव परिसकेको देखिएकाले यसका अनेकौं क्षेत्रबाट खोज अनुसन्धान गर्न सकिने रहेछ ।

२. यस अध्ययनमा सदस्यहरुमा बचत तथा ऋण सहकारीले पारेको सामाजिक, आर्थिक प्रभावका बारेमा एउटा बचत तथा ऋण सहकारी संस्थाको मात्र प्रस्तुत गरिएकोले आगामी अनुसन्धान कर्ताहरुले सहकारी क्षेत्रहरुमा ऐन, नियम र विधानको प्रभावकारीता, समस्या, समाधानका उपायहरु, सहकारीमा नियमनको आवश्यकता र महत्वका बारेमा खोज गर्न सकिने रहेछ ।

३. यस अध्ययनको विषयवस्तु सहकारी क्षेत्रको अध्ययनको एउटा सानो अंश मात्र रहेको देखिएकोले यसमा अनुसन्धान खोज गर्न इच्छुकले कुनै एक प्रकृतिको सहकारीको सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीका बारेमा अध्ययन गर्न सकिने रहेछ ।

४. विविध प्रकृतिका सहकारी मध्ये कुनै एक प्रकृतिको सहकारीमा त्यहाको संचालक समितिको चयन प्रकृया राजनैतिक प्रभाव, नेतृत्व विकास, सदस्य वनाउँने तरिका, ऋण प्रवाहको तरिका, बैंक र सहकारीमा फरक, सहकारीमा सदस्यको विश्वासनीयता, राजश्व संकलनमा सहकारीको प्रभाव, सहकारीमा पर्ल्स प्रणालीका बारेमा अध्ययन गर्न सकिने रहेछ ।

५. सहकारी सफल असफल हुनुका कारणहरु, सहकारी शिक्षाको आवश्यकता, सहकारी मूल्य मान्यता र सिद्धान्तको पालना, सहकारी संस्थाहरुका आन्तरीक नीति नियमहरुको अवस्था, सहकारी स्थापनाको उद्धेश्य, साधारण सभा संचालनको तौर तरिका र आवश्यकता जस्ता विषयहरुमा पनि अध्ययन गर्न सकिने रहेछ ।

६. सहकारीमा इमान्दारीता र पार्दशिता, सहकारीबाट रोजगारीको सिर्जना र त्यसको अवस्था, प्रविधीसँग सहकारीको सम्वन्ध र महत्व को अवस्था, सहकारीबाट दिइने राहत, सदस्यता विस्तारका तरिकाहरु, संचालकहरुमा सहकारीको बुझाइ र अनुभव जस्ता विषयहरुमा पनि अध्ययन गर्न सकिने रहेछ ।

७. सहकारीमा सदस्यहरुको बचतको सुरक्षणको अवस्था, सहकारीको अन्य निकाय सँगको सम्वन्ध र सहकारी संजाल आदि जस्ता विषयहरुमा पनि अध्ययन गर्न सकिने रहेछ ।

## सन्दर्भ सामग्रीको सूची

*१. पुस्तक सूची :*

*अर्याल भोजेन्द्र (२०६८) सामाजिक परिर्वतन र विकासको अध्ययन, ज्ञाकुञ्ज प्रकाशन, कीर्तिपुर, काठमाण्डौ नेपाल*

कँडेल, मिनराज र घिमिरे ऋषिराज (२०७०), *सहकारी दशक र नेपालको बचत तथा ऋण सहकारी अभियान* (पृ. ८८-९३), स्मारिका, प्रथम राष्ट्रिय सहकारी महासम्मेलन, काठमाडौं ।

ढकाल, लेखनाथ र सिवाकोटी, अशोक (२०६७), *आधुनिकीकरण र सहकारीता,* काठमाडौं : प्रशान्ति प्रकाशन काठमाडौं ।

ढकाल, सुदर्शनप्रसाद (२०६८) *सामाजिक, श्री आर्थिक विकासका लागि सहकारी अर्थव्यवस्था,* काठमाडौं : नेशनल मानसरोवर, काठमाडौं ।

ढकाल, सुदर्शन प्रसाद (२०७०), *सामाजिक श्री आर्थिक विकासका लागि सहकारी अर्थव्यवस्था,* हेरिटेज पब्लीसर्स एण्ड डिस्ट्रीव्यटर्स प्रा. ली. भोटाहिटी काठमाडौं ।

न्यौपाने, केदार (२०७०), *सहकारीको सघन अनुगमनमा देखिएका समस्या र समाधानका उपायहरू* (पृ. ४६-४९), सहकारी दर्पण, नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, काठमाडौं ।

पौडेल, कृष्ण (२०७०), *सहकारी क्षेत्रमा युवा सहभागिताको लागि सरोकारवाला निकायको भूमिका* (२६-२७), नेफ्स्कून समाचार, नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड, काठमाडौं ।

पौडेल, मुक्तिनाथ (२०५६), *नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, मानवशास्त्र समाजशास्त्र केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

पौड्याल, परितोष (२०७०), *नेपालमा वित्तिय सहकारी क्षेत्रको वर्तमान अवस्था र सम्भावना* (१८२-१८६) स्मारिका प्रथम, राष्ट्रिय सहकारी सम्मेलन, काठमाडौं ।

बडाल, केशबप्रसाद (२०६१), *सहकारी सिद्धान्त  प्रयोग,* सहकारी सहयोग समूह, काठमाडौं ।

बडाल, केशबप्रसाद (२०६७), *चीनको अर्थ राजनीति र सहकारी,* पब्लिक प्रिन्टीङ प्रेस काठमाडौं ।

बडाल, केशवप्रसाद (२०७०), *सहकारी ?,* नेबुला प्रिन्टर्स लाजिम्पाट काठमाडौं ।

राई, जीवनप्रसाद (२०६६), *सम्पन्नताका पाइलामा श्री नवदुर्गाका सवालहरू,* पाँचपोखरी बुक स्टोर न्युरोड काठमाडौं ।

शर्मा, (२०६९), *गरिबी न्यूनिकरणको सहयात्रीको रूपमा बचत तथा ऋण सहकारी एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, मानवशास्त्र समाजशास्त्र केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

शाक्य, सूर्यरत्न (२०६५), *आधारभूत अनुगमन तथा मूल्याङ्कन प्रणाली,* वाई डि. शाक्य, नयाँ सडक काठमाडौं ।

*२. पत्रपत्रिका सूची :*

काभ्रेपलाञ्चोक जिल्ला वचत तथा ऋण सहकारी संघ लि. १० पौष (२०६९) *प्रतिवेदन पुस्तिका* १५ औं वार्षिक साधारण सभा ।

काभ्रेपलाञ्चोक, वि.सं. (२०६७/०६८) पृष्ठ १३-४० *सहकारी गतिविधि,* डिभिजन सहकारी कार्यालय

*कार्यक्रम पुस्तिका* (२०७० चैत्र ११-१३) प्रथम सहकारी महासम्मेलन Natiional Co-Operative freedom of Nepal Bijuli Bazaar Kathmandu .

*तथ्याङ्क* साप्ताहिक वर्ष १ अंक ६, (२०७०) भाद्र ९ ।

*नेफ्स्कुन समाचार* (२०७०) फाल्गुण, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. काठमाडौं ।

*राष्ट्रिय त्रैमासिक सहकारी पोष्ट* (वर्ष-१, अङ्क-१, २०६९, कार्तिक-मार्ग-पौष) पृष्ठ ११-१४

*स्मारिका* (२०७०) चैत्र ११-१३ प्रथम राष्ट्रिय सहकारी महासम्मलेन Natiional Co-Operative freedom of Nepal Bijuli Bazaar Kathmandu.

*सहकारी दर्पण* (२०७०), *नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग,* नयाँ बानेश्वर काठमाडौं ।

श्री नवदुर्गा वचत तथा ऋण सहकारी संस्था लि. २१ भाद्र, (२०७१) *प्रतिवेदन पुस्तिका* ११ औं वार्षिक साधारण सभा ।

# परिशिष्ट

## सहकारी अग्रजका लागि अर्न्तवाता प्रश्नावलीको नमूना

नामथर : ……………………………ठेगाना :……………………आवद्ध संस्थाको नामः ………
सहकारी क्षेत्रमा संलग्न पद :……………………………………………………………………
सहकारी क्षेत्रमा अनुभव/विताएका वर्ष : ………………………………………………………

१. वचत तथा ऋण सहकारी संस्थाको पृष्ठभूमि कस्तो पाउँनुभएको छ ?
२. समुदायमा सहकारीको भूमिका के कस्तो हुनु पर्ला ?
३. सहकारीले समुदायमा के केस्ता सामाजिक कार्य गर्नुपर्ला र गरेको पाउँनुभएको छ ?
४. समुदायमा बचत तथा ऋण सहकारीको सामाजिक, आर्थीक प्रभाव कस्तो रहेको पाउँनुभएको छ ?
५. तपाईको अनुभव र हेराइमा सहकारीले सहकारीको मूल्य मान्यता र शिद्धान्त अनुसार समुदायमा कार्य गरेको छ ?
६. बचत तथा ऋण सहकारीले समुदायमा के कसरी काम गर्दा सदस्यलाई सामाजिक र आर्थिक रुपमा प्रभाबकारी सेवा दिन सक्ला ?
७. बचत तथा ऋण सहकारीहरु समुदायमा नहुदाको अवस्था र हुदाको अवस्थामा के के कुरामा भिन्नता पाउँनुभएको छ ?
८. बचत तथा ऋण सहकारी मार्फत सदस्यहरुलाई सामाजिक र आर्थिक रुपले अगाडिबढाउन के कस्ता अवसर,चुनैती,सवल पक्ष र दुर्वल पक्ष पाउँनुभएको छ ? यसमा देखिएका समस्यालाई कसरी न्यूनिकरण गर्न सकिन्छ ।
९. समुदायमा रहेका बचत तथा ऋण सहकारी प्रति यहाँको अरु अन्य केही धारण रहेको छ ? यदि छ भने बुँदागत रुपमा बताइदिनुहोस् ।

**नमूना छनौटमा परेको सहकारी संस्थाका संचालक र व्यवस्थापक लागि अर्न्तवाता प्रश्नावली नमूना**

नामथर : ..............................ठेगाना :......................आवद्ध संस्थाको नामः .........
सहकारी क्षेत्रमा अनुभव/बिताएका वर्ष : .........................................................
संस्था स्थापना मिति : दर्ता नं :............... पान नं :..........................
संस्थामा रहेका सदस्य संख्या : .............. महिलाः....... पूरुष :..........
संस्थाको कार्यक्षेत्र :...........................................................................
संस्था आवद्धता क्षेत्रहरु :.............................................................

१. यस सहकारीको संचालन आधार र यसको पृष्ठभूमि के कस्तो छ ?

२. यस संस्थाको हालको कारोवार पूजी के कति रहेको छ ?

३. यस संस्थाको शेयर सदस्य कसरी बन्न सकिन्छ ? बचत र ऋणका किसिम र त्यसका व्याजदर के कति रहेको छ ?

४. यस संस्थाले सदस्यहरुको सामाजिक र श्री नवदुगाका लागि के कस्ता कार्यक्रमहरु संचालन गरेको छ ? र यसले कस्तो प्रभाव पारेको छ ?

५. यस संस्थालाई परेका समस्याहरु के कस्ता छन ? त्यसको समाधान कसरी गर्ने गर्नुभएको छ ?

६. बचत तथा ऋण सहकारीको भूमिका के कस्तो हुनुपर्दछ ?

७. यस संस्थाको सदस्यहरुको सदस्यता लिनु अघि र पछिको अवस्थामा के केस्ता भिन्नता पाउँनुभएकोछ ?

८. यस संस्थामा आवद्ध भई सामाजिक र आर्थिक रुपले प्रभावीत भएका ५ उत्कृष्ट सदस्यहरुको विवरण बताइदिनुहोस ?

| क्र.स | नामथर | ठेगाना | पेशा | पहिलेको अवस्था | हालको अवस्था |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

९. यस संस्थाका सदस्यहरुको आर्थिक र सामाजिक विकासका लागि यँहाहरुको अन्य केही धारण रहेको छ ? यदि छ भने बुँदागत रुपमा बताइदिनुहोस् ।

## नमूना छनौटमा परेको सदस्यहरुका घर धुरी सर्वेक्षणमा प्रयोग गरिने प्रश्नावली नमूना

घरमुलीको नामथर : ..............................सदस्यको नामथरः ................................................ ठेगाना :........................................

सहकारीको नाम र ठेगाना : ..............................................सदस्य बनेको मिति : ...........................................................

**१. सामान्य परिचय :**

| क्र. सं | सदस्य नं. | सदस्यको नामथर | उमेर | परिवार संख्या | | सामाजिक अवस्था | | | | | आर्थिक अवस्था | | | | | रोग भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बैवाहिक स्थिती विवाहित/ अविवाहित | शैक्षिक योग्यता | पेशा | धर्म | जात | मासिक आम्दानी | | जग्गामा स्वामित्व | | | | |
| | | | | म | पु | | | | | | अ | प | म | पु | संयुक्त | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

**२. शेयर वचत ऋण तथा श्री नवदुगा सम्वन्धी**

i) यस सहकारीको शेयर कति किन्नु भएको छ र बचत कति गर्नु भएको छ ?

शेयर रकम रु ............ नियमित वचत.............. .................. अन्य बचत रु ..........

सदस्य बन्नु अघि र बनेपछि आम्दानी बृद्धि भएको छ छैन् ?

..........................................................................................

ii) यस सहकारीको साधारण सभामा नियमित उपस्थित हुनुहुन्छ ?

क) हुन्छु     ख) हुन्न     ग) कहिले कहीँ     घ) थाहा नै पाउँदिन

iii) यस साकोसबाट तपाईले कति ऋण लिनुभएको छ यदि छ भने ऋण लिएर व्यवसाय गर्नु अघि र पछिको आर्थिक अवस्थामा कस्तो परिर्वतन आएकोछ ?

iv) कुन उद्देश्यको लागि ऋण लिनुभयो ?

क) पशुपालन तथा कृषि ख) व्यापार व्यवसाय ग) शिक्षा     घ) घर चलाउन ङ) विवाह तथा अन्य सांस्कृतिक कार्य च) सम्पत्ति जोड्न छ) वैदेशिक रोजगार ज. अन्य ...............

v) तपाईले लिएको ऋणको व्याजदर र बचत गरेको रकमको व्याजदर कति छ ? सो प्रति सन्तुष्ट हुनुहुन्छ

ऋणको व्याजदर ............... धारणा .................................................

बचतको व्याजदर ............... धारणा .................................................

vi) लिएको ऋण कसरी तिर्ने गर्नुभएको छ ?

(क) किस्ताबन्दी (ख) एकमुष्ट (ग) अनियमित

vii) तपाईको परिवारमा सहकारी मार्फत कति जनाले रोजगारी पाउनुभएको छ ? साथै अरुलाई पनि दिनुभएको छ र ?

..................................................................................

**३. सामाजिक विकासमा सहकारीको सहयोग :**

i) तपाईले सहकारीमार्फत कस्तो तालिम पाउनुभएको छ ?

क) स्वास्थ्य सम्वन्धी ख) रोजगार वा व्यवसाय ग) शैक्षिक

घ) नेतृत्व विकास ङ) लेखा सम्वन्धी च) अन्य भएमा ......

ii) तालिमको प्रभावकारीतावारे तपाईको धारणा कस्तो छ ?

...........................................................................

iii) सहकारीबाट तपाईले के कस्तो राहत तथा सेवा सुविधा पाउनुभएको छ ?

| क.सं. | विवरण | छ | छैन | भएमा रकम रु |
|---|---|---|---|---|
| १ | सुत्केरी खर्च | | | |
| २ | किरिया खर्च | | | |
| ३ | पारिवारिक राहत (भैपरी) | | | |
| ४ | दुर्घटना विमा | | | |
| ५ | स्वास्थ्य उपचार खर्च | | | |
| ६ | शैक्षिक छात्रवृत्ति | | | |
| ७ | अन्य | | | |

४. वचत तथा ऋण सहकारीका सामाजिक तथा आर्थिक प्रमुख समस्याहरू केके होलान ?

...............................................................................

५. शेयर सदस्यको सामाजिक तथा आर्थिक उन्नति गर्न संस्थाले के कस्ता कार्यहरू गर्नुपर्ला ?

सामाजिक : ...............................................................................................

आर्थिक : ..............................................................................

६. यस संस्थाबाट के कस्तो अपेक्षा राख्नु भएको छ र तपाईको भावि योजना के कस्ता छन् ?

...............................................................................

७. सहकारी गाउँमा स्थापित हुनु अघि कस्तो सामाजिक, आर्थिक अवस्था थियो र साकोसको सुरुवात पछि कस्तो भयो ?

..........................................................................................................

८. गाउँमा सहकारी हुनु अगाडिआर्थिक कारोवार कसरी कहाँ कहाँ गर्ने गरेको थियो र सहकारी सँगको कारोवार र अन्य सँगको कारोवारमा के कस्ता भिन्नताहरु पाइयो ?

.................................................................................................................

९. यस संस्थाका सदस्यहरुको आर्थिक र सामाजिक विकासका लागि यँहाहरुको अन्य केही धारण रहेको छ ? यदि छ भने बुँदागत रुपमा बताइदिनुहोस् ।

......................................................................................................